
# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## कृष्णपुर नगरपालिका
## कंचनपुर

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## कृष्णपुर नगरपालिका
## कंचनपुर

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

कृष्णपुर नगरपालिका

कंचनपुर

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था**

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९।८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्योँट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

(तोयम राया)

२०८१ महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**

सुदूरपश्चिम प्रदेश

मितिः२०८१।०२।१२

प.सं. २०८०।८१

च.नं. ४१

विषयः <u>लेखापरीक्षण प्रतिवेदन ।</u>

श्री नगर प्रमुखज्यू,

कृष्णपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,

कञ्चनपुर ।

१. **कैफियत सहितको राय** — हामीले कृष्णपुर नगरपालिकाको आर्थिक वर्ष २०७९।८० को प्राप्ति र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९।८० को प्राप्त र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.४ करोड ८५ लाख ६३ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा प्राप्त प्रतिक्रिया उपर कारबाही भई रु २९ लाख ६३ हजार फछ्र्यौट भएकोले बाँकी बेरुजु असुल गर्नुपर्ने रू.१० लाख ९६ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ५६ लाख ३२ हजार, नियमित गर्नुपर्ने रु. ३ करोड ९० लाख ५७ हजार र पेश्की बाँकी रु. ४ लाख ६० हजार समेत रु. ४ करोड ४६ लाख ८९ हजार रहेको छ ।कृष्णपुर नगरपालिकाको गतवर्ष सम्म रु. २९ करोड ५१ लाख ९ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. ३४ करोड ११ लाख ७६ हजार रहेको छ । कृष्णपुर नगरपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

२.३. हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने कृष्णपुर नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं ।

३. **अन्य व्यहोरा** - ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी** - नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (**Fraud**) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी कृष्णपुर नगरपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका प्रमुख/अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी** - वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(पशुपति कुमार काफ्ले)
**नायब महालेखापरीक्षक**

# कृष्णपुर नगरपालिका,
# कञ्चनपुर

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| १०८ | १२३ | ४८५६३ | ० | ३ | २९६३ | १०८ | १२० | ४६२४५ | १०९६ | ५६३२ | ३९०५७ | ० | ० | ४४६८९ | ४६० |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| कञ्चनपुर | २९५१०९ | ० | ३१७ | २९४७९२ | १३९ | ४६२४५ | ३४११७६ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

(रु. हजारमा)

| क्र.सं. | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७९।८० (चालु वर्षको) | | | |
| १ | | १३.७ | सडक सेवा शुल्क सम्बन्धिको ठेक्का | २६१ |
| २ | | ३९ | परामर्श सेवा खरिद विवरण | १९८६ |
| ३ | | ६३ | वितरण भरपाइ पेश नभएको | ७१४ |
| | चालु वर्षको जम्मा | | | २९६३ |
| | गत विगत वर्षतर्फको | | | |
| | २०७८।७९ | | विभिन्न दफाहरुको रकम | ६९ |
| | २०७७।७८ | | विभिन्न दफाहरुको रकम | २४८ |
| | गत विगतको जम्मा | | | ३१७ |
| | कुल जम्मा | | | ३२८० |

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

# परिचय

१ परिचय

**क) पालिकाको परिचय -** स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस कृष्णपुर नगरपालिकामा ९ वडा, २५२.७५ वर्ग किलोमिटर क्षेत्रफल तथा २०७८ को तथ्याङ्क अनुसार ७१५०० जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस पालिकाको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस पालिकाको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।११।०३ देखि २०८०।११।०८ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्बनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग मिति २०८०।११।०८ मा छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्राविधिक ज्ञानको सीमितता, कारोबार जटिलता प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति** - कार्यालयको जम्मा रू. १ अर्ब ८० करोड ४६ लाख ६९ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची-१ मा संलग्न छ ।

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय विवरण परीक्षण**

२.१ **वित्तीय प्रतिवेदन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नु पर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नाअनुसार देखिएको छः

२.२ **फरक हिसाब** – यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहाय अनुसार गत वर्षको जिम्मेवारी रु २३,८१,२२,९४६।७९ यस वर्षको प्राप्ति रु ८५,८३,६८,९६०।०१ यस वर्षको भुक्तानी रु ९४,६३,००,९५६।९५ र बैङ्क मौज्दात रु १५,०१,९०,९४९।८५ रहेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | २३,८१,२२,९४६।७९ | ६१९४९०४९१।०१ | ७०७४२२४८७।९५ | १५,०१,९०,९४९।८५ |
| एकीकृत आर्थिक विवरणअनुसार | २३,८१,२२,९४६।७९ | ८५,८३,६८,९६०।०१ | ९४,६३,००,९५६।९५ | १५,०१,९०,९४९।८५ |
| फरम | | २३,८८,७८,४६९।०० | २३,८८,७८,४६९।०० | |

२.३ **फरक जिम्मेवारी–** पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गत वर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार रु. २३,३१,२२,९४६।५४ मौज्दात रहेकोमा यो वर्ष रु

२३,८१,२२,९४६।८५ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.५०,००,०००।३१ बढी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नु पर्दछ ।

२.४ **बैङ्क हिसाब विवरण -**स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरण अनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण म.ले.प.फा.नं.२१२ तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाबमिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ .

| **खाता** | **स्रेस्ताअनुसार मौज्दात रु.** | **बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु.** | **फरक रु.** |
|---|---|---|---|
| आन्तरिक राजस्व खाता | ०० | ०० | |
| ग१.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता | ०० | ०० | |
| ग१.१, आन्तरिक अनुदान खाता | ०० | ०० | |
| चालु खर्च खाता | ०० | ०० | |
| पुँजीगत खर्च खाता | ०० | ०० | |
| स्थानिय धरौटी खाता | १,५२,५८,०५१।६७ | १,५२,५८,०५१।६७ | |
| बिबिध खाता | ४५,५२६।७५ | ४५,५२६।७५ | |
| स्थानीय तह सञ्चित कोष खाता | ११,११,५५,४९२।१२ | ११,११,५५,४९२।१२ | |
| स्थानीय बिबिध खर्च खाता | १,२१,६२,१२५।४६ | १,२१,६२,१२५।४६ | |
| प्रकोप व्यवस्थापन खाता | ६५,६९,७५३।६० | ६५,६९,७५३।६० | |
| **जम्मा** | १४,५१,९०,९४९।६० | १४,५१,९०,९४९।६० | |

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।कार्यालयले हिसाव मिलान नगर्दा म. ले. प. फा. न.२७२ सुत्रको श्रेस्तमा रू १५,०१,९०,९४९।८५ मौज्दात बाँकी देखिन्छ भने बैक स्टेटमेन्ट अनुसार रू १४,५१,९४९।६० मौज्दात बाकी देखिन्छ । जसले गर्दा रू ५०,००,०००।३१ फरक देखिन्छ । अतः कार्यालयले हिसाव मिलान गरी प्रमाण पेश गर्नु पर्दछ ।

२.५ **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्य प्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र)प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन

तथा प्रतिवदेन गर्नु पर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.२३,८८,७८,४६९।०० सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नु पर्दछ ।

## ३ राजस्व आन्तरिक नियन्त्रण

३.१ **आय अनुमान -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. १९,९९,१४,९७१.५४ प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु. ४,७२,७४,११२.०८ अर्थात् अनुमान भन्दा ७६.३५ प्रतिशत कम आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ । पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझी लिने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । आन्तरिक आयमा प्राप्त आय र प्राप्त हुनुपर्ने आय सम्बन्धमा कार्यालयले समेत परिमाण भिडान गरेको पाईएन। साथै राख्नुपर्ने मलेप फारमहरु समेत पूर्ण रुपमा प्रयोग गरेको पाईएन । तसर्थ प्राप्त हुनुपर्ने राजस्व सम्बन्धमा यकिन भिडान गर्न सक्ने अवस्था छैन्। पालिकाले आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउदै कार्यालयले आम्दानीका सबै स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आयआर्जन वृद्धि गर्ने तर्फ ध्यान दिन आवश्यक छ ।

३.२ **आन्तरिक आय-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ४०१८६९०१६.७८ | ४७२७४११२.0८ | ११.७६ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ११.७६ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय वृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

३.३ **कर तथा शुल्क असुली-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको

छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ । आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | ११६२२००० | ८३०६९२.४६ | ७.१५ |
| घरजग्गा वहाल कर | ३,००,००० | ८,६९,२५१.७८ | २८९.७५ |
| व्यवसाय कर | ५०,०००.०० | २२४६०० | ४४९.२ |
| वहाल विरौटी कर | ५०,०००.०० | ५००० | १० |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनुपर्दछ ।

३.४ **व्यवसाय कर -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु. २,२४,६००।- कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छन् । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

३.५ **राजश्व दाखिला -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ मा सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागीय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको दश प्रतिशतले जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र सोभन्दा बढी ढिलो गरेको भए १० प्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानून बमोजिम कारबाही कारबाही समेत गर्न, गराउन सक्ने व्यवस्था छ । पालिकामा वडाको राजश्व दाखिला ढिलो भएकोले ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको/गर्न लगाएको छैन । ढिलो दाखिला रकममा पालिकाले जरिवाना एकिन गरी असुल गरेको समेत देखिएन । अतः पालिकाले असुली आम्दानी रकम समयमा दाखिला नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाई जरिवाना सहित असुल गर्नेतर्फ ध्यानदिनु पर्दछ ।

## ४ संगठन तथा कर्मचारी व्यवस्थापन

४.१ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ५२ दरबन्दी स्वीकृत रहेकोमा ४६ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रमुख प्रशासकिय अधिकृत, अधिकृत शिक्षा सहित ६ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

४.२ **कर्मचारी करार –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । पालिकाले विभिन्न ५२ जना कर्मचारीहरु करारमा राखि रू.२,३३,२५,०३३।५२ खर्च लेखेको छ ।

४.३ **अस्थायी ज्यालादारी कर्मचारीको तलब -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले बिभिन्न पदमा कोभिड व्यवस्थापन तथा कार्यालय प्रयोजनको लागि अस्थायी ज्यालादारीमा कर्मचारीहरु राखी वर्ष भरी रू. १०,६०,०००। खर्च लेखेको छ। सो रकम पालिकाको कुल आन्तरिक आयको २.२४ प्रतिशत हो। साथै यी कर्मचारीहरुलाई के कसरी नियुक्ति गरी ज्यालादारीमा राखेको हो सो सम्बन्धमा यकिन हुन सक्ने अवस्था नदेखिएको र पालिकालाई बढी व्ययभार परेको छ।यस्तो भुक्तानीमा नियन्त्रण हुनुपर्दछ।

## ५ आर्थिक सहायता र अन्य विविध खर्च

५.१ (६३/२०७९-६-८) **कर्मचारिलाई आर्थिक सहायता (पालिका चालु)-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तीले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। पालिकामा कार्यालय सहयोगी पदमा कार्यरत छाया सिंहं लाई आर्थिक सहायता स्वरूप रू.५०,०००। भुक्तानी भएको छ।यसरि पालिकामा कार्यरत कर्मचारिलाई आर्थिक सहायता दिने कार्य नियम सम्मत नदेखिएको रू.

| | |
|---|---|
| अनियमित भएको | ५०,००० |

५.२ **खाना तथा विविध खर्च –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस

वर्ष खाना तथा विविधतर्फ रू.२९,६२,८५६। खर्च गरेको छ।जुन पालिकाको कुल आन्तरिक आय रू.४,७२,७४,११२.०८ को ६.२६ प्रतिशत हो। यस्तो खर्च औचित्यको आधारमा गर्नु पर्दछ ।

५.३ **आर्थिक सहायता** - पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न ८२ व्यक्तिहरुलाई रू.३,०००। देखि रू.१०,०००। सम्म जम्मा रू.१३,१०,२६५। आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रू. ४,७२,७४,११२.०८ को २.७७ प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

६ **सेवा प्रवाहको स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सो को अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवा प्रवाह गरेको विवरण प्राप्त भएको छ।

| **विवरण** | **जम्मा** |
|---|---|
| **पञ्जिकरणतर्फ** | |
| जन्मदर्ता | २८६० |
| मृत्युदर्ता | ४०८ |
| बसाईसराई दर्ता | ६९२ |
| विवाह दर्ता | ६८७ |
| सम्बन्धविच्छेद दर्ता | १५ |

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन । यसरी पालिकामा अपाङ्ग मैत्री सेवा, डिजिटल सेवा, एस.एम.एस. सेवा, अनलाइन सेवा तथा अन्य आधुनिक सेवाको विस्तार गर्नु पर्दछ।

## ७ सम्पत्ति उपयोग र संरक्षण

७.१ **सार्वजनिक सम्पत्तिको अभिलेख-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा पालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यस्था छ । पालिकाले आफ्नो क्षेत्र भित्रको सार्वजनिक सम्पत्तिको अभिलेख राखेको पाइएन । सार्वजनिक पर्ति ऐलानि जग्गा तथा सम्पत्तिको अतिक्रमण भए नभएको अनुगमन हुने अवस्था देखिदैंन । संरक्षण उपयोग नीति र मापदण्ड पालना

भएको छैन् । पालिकाले आफ्नो क्षेत्र भित्रको सम्पत्तिको अभिलेख, रेखदेख, मर्मत सम्भार एवं संरक्षण गर्नु पर्दछ ।

---

७.२ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्याङ्क संकलन, अभिलेख र सो को ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भूमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्क बेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यसतर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनु पर्दछ ।

---

७.३ **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण-** स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको र अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु, गराउनु र अभिलेख राख्नु पर्दछ ।

---

७.४ **जिन्सी लगत खाता -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार साविकको गाविस र विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्ने र यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्तभित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्नेमा गरेको नदेखिएकोले प्रतिवेदन तयार गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

---

७.५ **वडा कार्यालयबाट सामाग्री खरिद -** पालिकाले वडा कार्यालयलाई नै बजेट विनियोजन गरि कार्यालय सञ्चालन सम्बन्धी सामाग्री खरिद गरेको र वडा कार्यालयमा दाखिला भएको प्रमाणको आधारमा रकम भुक्तानी भएको छ । नगरपालिकाले पाम्स सफ्टवेयरमा जिन्सी विवरण अभिलेख राख्ने गरेकोमा वडा कार्यालयबाट खरिद विवरण पाम्समा दाखिला हुँदैन र वार्षिक खरिदको एकिन विवरण अध्याविध हुन सक्दैन् । अतः एकिकृत रुपमा वडाहरुको जिन्सी सामाग्री खरीद गरी पाम्समा सबै सामाग्रीहरुलाई स्पेशिफिकेशन सहित खुलाएर राख्ने व्यवस्थाको पालना गर्नको लागि पालिकाले ध्यान दिनु पर्दछ ।

---

७.६ **जिन्सी निरिक्षण प्रतिवेदन पेश नभएको** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा जिन्सी निरिक्षण गरि प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ। पालिकाले जिन्सी निरिक्षण गरि प्रतिवेदन पेस गरेको पाईएन। जसले गर्दा लिलाम विक्री गर्नुपर्ने, मर्मत गर्नुपर्ने तथा मिनाहा गर्नुपर्ने सामान एकिन गर्न सकिएन। पालिकाले समयमै जिन्सी निरिक्षण प्रतिवेदन तयार गरि जिन्सी सम्बन्धि व्यवस्था लाई चुस्त र दुरूस्त वनाउनुपर्ने देखिन्छ।

---

७.७ **PAMS लागु नभएको**- महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । पालिकाले लेखापरीक्षण समय मिति २०८०।११।०८ सम्म उक्त प्रणाली प्रयोगमा ल्याएको देखिएन। पालिका भित्रको सम्पत्तीको लेखाङ्कन एकिकृत रुपमा PAMS मा गर्नुपर्ने हुँदा पालिकाले अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली प्रयोगमा लायाउनु पर्ने देखिन्छ।

---

८ **आन्तरिक लेखापरीक्षण** - स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

त्यस्तै, प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोबार, आन्तरिक जाचँ एवं आर्थिक कार्यप्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यवस्था भए पनि आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन। आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोबार अव्यवस्थित भई वित्तीय जोखिम बढ्ने संभावना रहन्छ। तसर्थ यस नगरपालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरि नियमित आन्तरिक लेखापरीक्षण गराई आर्थिक त्रुटी एवं जालसाँजीका कारण आर्थिक कारोबारमा हुन सक्ने जोखिम न्युनिकरण गर्नुपर्दछ।

---

९ **पेश्की बाँकी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्यौंट गर्नु गराउनु पेश्की लिने दिने दुवैको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्यौंट नभई रु. ४,६०,०००।- बाँकी रहेको देखिन्छ । निम्नानुसारको म्याद नाघेको पेश्की रु.४,६०,०००।- फस्यौंट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फस्यौंट गर्नुपर्ने रु.

| सि. नं. | पेश्की लिएको मिति | गो.भौ. | पेश्कीको विवरण | पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम | खर्च उपशिर्षक | जम्मा बाँकी पेश्की | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | म्याद ननाघेको | म्याद नाघेको | जम्मा |
| कर्मचारी | | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | २०८०/०३/१८ | १४२६ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | का.स. श्री जनक राज भण्डारी | २२२२१ | ० | ६०००० | ६०००० |
| व्यक्तिगत | | | | | | | | |
| १ | २०८०/०२/०७ | १८३ | कागती बेल लगायत अन्य बिरुवा उत्पादनको लागि ईलाका बन कार्यालय बाणीसँग समन्वय | अमर सिंह धामी | ३११३१ | ० | ४००००० | ४००००० |
| जम्मा | | | | | | ० | ४६०००० | ४६०००० |

कार्यालयले गत विगत आ.व.को बाँकी पेश्की सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम फछ्र्यौट गर्नुपर्दछ ।

| | |
|---|---|
| पेश्की | ४,६०,००० |

१० **आन्तरिक नियन्त्रण प्रणाली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको छ । यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन,

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन,

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नर्मा तयार गरेको पाइएन,

• स्थनीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ बमोजिम आर्थिक वर्ष सुरु हुनुभन्दा १५ दिन अगावै पालिकाले आफ्नो क्षेत्र भित्रको निर्माण सामाग्री मूल्य ज्याला भाडा तथा अन्य महशुलको स्थानीय न्यूनत्तम दररेट तोक्नुपर्नेमा तोकिएको पाइएन

• पालिकाबाट सञ्चालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन,

• सार्वजनिक खरिद नियावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन,

• कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन,

• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन,

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन,

• फोहोरमैला व्यबस्थापन सचेतना कार्यक्रम सञ्चालन गरेको पाइएन त्यस्तै फोहोर मैला बर्गीकरण, संकलन, ढुवानी तथा उत्सर्जनका कार्य व्यबस्थितरुपमा गरेको पाइएन भने स्थाई तथा वातावरण मैत्री डम्पिङ साइटको व्यबस्था गरेको पाइएन,

• स्थानीय तहले विद्यालयगत रकम निकासा खाता राखेको पाइएन,

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन,

• कन्टेन्जेन्सी योजना तथा कार्यविधि तयार गरी व्यवस्थित गरेको पाइएन,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था बमोजिम सार्वजनिक खरिद नियमावली तर्जुमा गरेको छैन,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन,

• कार्यालयले निर्मित सम्पुर्ण भौतिक पुर्वाधार निर्माण कार्यको नापी किताव लगायतका कागजातहरु अधिकार प्राप्त अधिकारीबाट प्रमाणित गरेको पाइएन,

• वातावरण संरक्षणको एकिकृत दीर्घकालिन योजना तयार गरेको पाइएन,

• वेरुजुको लगत अद्यावधिक गरी व्यवस्थित रुपमा अभिलेख राखेको पाइएन,

• स्थानीय सार्वजनिक लेखा समिति गठन भएतापनि वेरुजुको दफावार छलफल गर्ने गरेको पाइएन

• बेरुजु फछ्यौंटको कार्यदल बनाएर कार्यान्वयन गर्ने गरेको भेटिएन,

• वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा स्थानीय तहले नियमावलीको अनुसूची वमोजिम सडकहरु निर्माण, १०० मिटर सम्मको पुल, लिफ्ट सिँचाइ, सडक स्तरोन्नती लगायतका कार्यमा वातावरणीय अध्ययन गर्नुपर्ने र नगरेमा दफा ३५ वमोजिम रु. ५ लाखसम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैले पालना नगरेको तथा पालना गराएको सम्वन्धी अभिलेख राखेको पाइएन ,

• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि,२०७५ को परिच्छेद ९ दफा ३४ मा पालिकाले नयाँ नाम दर्ता चौमासिक भत्ता वितरण सम्बन्धि विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था भएता पनि कार्यालयले उक्त विवरणहरु सार्वजनिक गरेको देखिने गरी प्रमाण राखेको पाइएन,

• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि ,२०७५ को परिच्छेद ९ दफा ३५ मा वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र प्राप्त गुनासा तथा सुझावहरु सम्वोधन गर्नुपर्ने उल्लेख भएकोमा सो को पालना भएको पाइएन,

• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन,

• संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समितिहरुको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले यकिन गरी अध्यावधिक गरेको पाइएन ।

• पदाधिकारीलाई पेश्की दिई कार्यक्रम सञ्चालन गर्ने कार्यलाई नियन्त्रण गर्नुपर्नेमा सो भएको पाईएन,

आन्तरिक नियन्त्रण कमजोर हुँदा पालिकाको वित्तीय सुशासन तथा समग्र सेवा प्रवाह कमजोर हुने देखिन्छ । फलस्वरुप सार्वजनिक जवाफदेहिता र वित्तीय उत्तरदायित्व कायम हुन सक्दैन । तसर्थ, पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

११ **सिफारिस बेगर भुक्तानी** - प्राविधिक तथा अन्य शाखाहरूबाट आर्थिक प्रशासन शाखामा भुक्तानीको लागि आवश्यक अन्य कागज पत्रहरू सहित सिफारिसको लागि म.ले.प. फाराम नं. २०२ को ढाँचामा भुक्तानी कारोवारको सिफारिस पत्र लिएर भुक्तानी दिनु पर्नेमा सिफारिस पत्र नलिई भुक्तानी दिने गरेको देखियो । आर्थिक प्रशासन शाखाले भुक्तानी दिदा सिफारिस पत्र लिएर भुक्तानी दिने व्यबस्था हुनुपर्दछ ।

१२ **वजेट तथा कार्यक्रम**

१२.१ **त्रैमासिक पूँजीगत खर्च** -आर्थिक कार्यविधि तथा बित्तिय उत्तरदायित्व नियमावली२०७७ को नियम ३५ मा त्रैमासिक बिवरण बनाई पेश गर्नु पर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम

कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| सि.नं. | प खर्च शीर्षक | कुल खर्च | त्रैमासिक खर्च (रु.हजारमा) | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेसो त्रैमासिक | चौथो त्रैमासिक | अषाढ |
| १ | चालुतर्फ | ४६०८०६ | ८०१२६ | ९९६२३ | ११८९९२ | १२२०६४ | २१६९६५ |
| २ | पूँजिगत खर्चतर्फ | २३५०७६ | ९६६८ | १२७५६ | २९१०७ | १८३५४४ | |
| जम्मा | | ६९५८३३ | ८९७९४ | ११२३८० | १४८०९९ | ३४५६०८ | २१६९६५ |
| | प्रतिशत | | १२.९० | १६.१५ | २१.२८ | ४९.६६ | ३१.१८ |

वार्षिक कार्यक्रम अनुसार त्रैमासिक रुपमा खर्चको प्रकृति हेर्दा कुल खर्च मध्ये चौथो त्रैमासिकमा ४९.६६ प्रतिशतर अषाढमा मात्र ३१.१८ प्रतिशत खर्च भएको देखियो । यसरी आर्थिक वर्षको अन्तमा खर्चको भार बढी हुँदा प्रशासनिक कार्यबोझ बढी हुने अनुगमन तथा निरीक्षण हुन नसकी कामको गुणस्तर कायम गर्न कठिनाई हुने भएकोले कार्यालयले वार्षिक कार्यक्रम अनुसार समयमै खर्च व्यवस्थापन गर्नु पर्ने देखियो ।

---

१२.२ **क्षेत्रगत बजेट र खर्च–** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नु पर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छः

| **मुख्य क्षेत्र** | **वार्षिक वजेट** | **खर्च रकम** | **कुल खर्च मध्ये प्रतिशत** |
|---|---|---|---|
| आर्थिक विकास | ५,१०,७६,०००।०० | ३,१७,८९,६४३।०० | ४.५४ |
| पूर्वाधार विकास क्षेत्र | २७,८४,०२,२४१।५४ | १,५५,३५२,६९५।६० | २२.३२ |
| सामाजिक क्षेत्र | ३७,७७,०३,२००।०० | ३३,६४,३६,८४३।७० | ४८.३४ |
| संस्थागत बिकास सेवा प्रवाह र सुशासन | ५,७९,३५,९३०।०० | ३,८५,६७,११७।८० | ५.५४ |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | १४,७८,४६,६००।०० | १३,३७,३६,८२५।०४ | १९.२१ |
| **जम्मा** | ९१,२९,६३,९७१।५४ | ६९,५८,८३,१२६।१३ | १०० |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक क्षेत्रमा सबै भन्दा बढी ४८.३४ प्रतिशत र आर्थिक विकासमा सबै भन्दा घटी ४.५४ प्रतिशत रहेको छ ।

---

१२.३ **खर्च बिश्लेषण—** पालिकाले यस वर्ष कुल आन्तिरक आयबाट रु ४,७२,७४,११२।०८ राजस्व बाँडफाँड र अनुदानबाट रू ५७,२२,१६,३७८।९३ समेत रु ६१,९४,९०,४९१।०१ आम्दानी भएकोमा चालु तर्फ रु ४७,२३,४६,२३४।३६ र पूँजिगत तर्फ रु २३,५०,७६,२५३।५९ समेत रु ७०,७४,२२,४८७।९५ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ६.६८ प्रतिशत रहेको छ । यस वर्ष पदाधिकारी सुबिधामा रु ९५,९९,५००।०० खर्च भएको छ जुन आन्तरिक आयको २०.३० प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६६.७७ प्रतिशत चालु र ३३.२२ प्रतिशत मात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढी खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनु पर्दछ ।

---

१२.४ **योजना र कार्यान्वयन–** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ।कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुटयाएको अवस्था छ।साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनु पर्दछ । यस वर्ष छनौट भई सञ्चालन भएका कामका योजनाहरु देहाय अनुसार छन्ः

| क.सं. | विवरण | योजना संख्या |
|---|---|---|
| १ | रु १ लाखभन्दा कमको योजना | ७३ |
| २ | रु १ लाखएक देखि २ सम्मका योजना | १३७ |
| ३ | रु २लाखएक देखि ५ लाख सम्मका योजना | १०३ |
| ४ | रु ५ लाखदेखि १० लाख सम्मका योजना | ५२ |
| ५ | रू १० लाख भन्दा माथिका योजना | ७४ |
| | **जम्मा** | ४३९ |

---

१२.५ **बजेट तथा कार्यक्रम तर्जुमा–** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा

परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

---

१२.६ **रकमान्तर—** आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २० बमोजिम कुनै एक अनुदान संकेत अन्तरगतको बजेट उपशिर्षकमा अपुग भएमा सोही शिर्षकमा तोकिएको एक वा एक भन्दा बढी अनुदान संकेत अन्तर्गतको उपशिर्षकमा बचत हुने रकम मध्यबाट बिनियोजन ऐनमा तोकिएको सिमा भित्र रही रकमान्तर गर्न सकिने ब्यवस्था छ । नगरपालिकाको बिनियोजन ऐन २०७९ मा रकमान्तरको प्रावधान रहेको छैन । कार्यपालिकाको निणर्य बमोजिम बिभिन्न शिर्षकमा पटक पटक नगर कार्यपालिकाको निर्णय गरी रकम खर्च गरेको देखिन्छ ।कायालयले उक्त रकमान्तरण गरेको रकम सुत्रमा प्रबृष्टि नगरेको कारण आर्थिक वर्ष २०७९।८०मा कति रकम रकमान्तरण गरेको भनी कार्यालयले अभिलेख राखेको देखिएन । अत कार्यालयले रकमान्तरण गरेको रकम सुत्रमा शिर्षकगत प्रबृष्टि गर्न तर्फ ध्यान दिनु पर्दछ ।

---

१२.७ **बजेट पेश, पारित र अख्तियारी-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट सिफारिस भई आएको बजेटलाई नगर सभाबाट पारित गरेको देखिन्छ । यस पालिकाको मिति २०७९।०३।१० मा रु. ८७ करोड ४३ लाख २४ हजार ९७१ को बजेट पेश भइ मिति २०७९।०३।३२ मा सभाबाट स्वीकृत भएको देखिछ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।०४।०६ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।प्रचलित कानुनको अधिनमा रहि आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजनामा वजेट विनियोजन गरी प्रभावकारी कार्यान्वयन गर्ने तर्फ पालिकाले ध्यान दिनु जरुरी छ ।

---

१३ **आन्तरिक आय तर्फ -** पालिकाले उपलब्ध गराएको विवरण अनुसार यस पालिकाको आर्थिक वर्ष २०७९।८० को आन्तरिक आय सम्बन्धिको व्यहोरा निम्नानुसार रहेको छ ।

---

१३.१ **नदिजन्य पदार्थको रोयल्टी सम्बन्धमा -** पालिकाले उपलब्ध गराएको विवरण अनुसार यस पालिकाको कार्यक्षेत्रमा रहेको नदी तथा घाटगद्दि स्थलहरुको प्रारम्भिक वातावरणिय मुल्याङ्कनको आधारमा वार्षिक रुपमा उत्खनन् गर्न सकिने कुल परिमाण २९०८१० घनमिटर रहेकोमा दिगोरुपमा उत्खनन् गर्न सकिने परिमाण २३२६४८ घनमिटर रहेको देखिन्छ । प्रारम्भिक वातावरणीय मुल्याङ्कनमा वण्ड नदिको विभिन्न ३ वटा घाटगद्दिबाट दिगोरुपमा उत्खनन् गर्न सकिने परिमाण निकाल्दा २८४६० घनमिटर हुनुपर्नेमा जोड जम्मा फरक पारी ८०६४० घनमिटर कायम गरेको पाइयो । यो लगायतका अन्य नदिहरुको उत्खनन गर्न सकिने नदिजन्य पदार्थको परिमाण निम्नानुसार रहेको छ ।

| सि नं | नदिको तथा घाटगद्दिको नाम | उत्खनन् गर्न सकिने परिमाण (घन मिटर) | दिगो रुपमा उत्खनन् गर्न सकिने परिमाण (घन मिटर) | प्रतिदिन उत्खनन गर्न सकिने परिमाण (घन मिटर) |
|---|---|---|---|---|
| १ | बनरा नदी | ५४००० | ४३२०० | १६० |
| २ | बण्द नदी | १००८०० | २८४६० | १०५।४० |
| ३ | मछेली नदी | १०११३५ | ८०९०८ | २९९।६६ |
| ४ | मोहना नदी | ३४८७५ | २७९०० | १०३।३३ |
| जम्मा | | २९०८१० | १८०४६० | ६६८।४० |

यसरी माथीको तालिकाको अध्ययन गर्दा समग्रमा ठेक्का लगाउन सकिने परिमाण १८०४६० घनमिटर र कुल न्युनतम कबोल अंक सुदूरपश्चिम प्रदेश आर्थिक ऐन २०७९ बमोजिम प्रति घनमिटर रु. ११९.७४ मुल्य अभिवृद्धि कर सहित को दरमा कुल रु. २,१६,०८,२८०.४० हुन आउँछ ।

---

१३.२ **वातावरणीय मुल्याङ्कनले निर्धारण गरेभन्दा बढी परिमाणमा ठेक्का लगाएको** - पालिकाले उपलब्ध गराएको विवरण अनुसार प्रारम्भिक वातावरणिय मुल्याङ्कनले सिफारिस गरेभन्दा निम्नानुसारको बढी परिमाण राखि ठेक्काको सूचना आव्हान गरेको देखिन्छ ।

| सि नं | नदिको तथा घाटगद्दिको नाम | दिगो रुपमा उत्खनन् गर्न सकिने परिमाण (घन मिटर) | ठेक्काको लागि गणना गरिएको परिमाण (घन मिटर) | फरक परिमाण (घन मिटर) |
|---|---|---|---|---|
| १ | बनरा नदी | ४३२०० | ४३२०० | ० |
| २ | बण्द नदी | २८४६० | ८०६४० | ५२१८० |
| ३ | मछेली नदी | ८०९०८ | ८०९०८ | ० |
| ४ | मोहना नदी | २७९०० | २७९०० | ० |
| जम्मा | | १८०४६० | २३२६४८ | ५२१८० |

माथिको तालिकाबाट हेर्दा प्रारम्भिक वातावरणीय मुल्याङ्कनले दिगो रुपमा उत्खनन गर्न सकिने परिमाण भन्दा ५२१८० घनमिटर बढी उत्खनन गर्ने गरी ठेक्का लगाएको देखिन्छ । यसरी सुदूरपश्चिम प्रदेश सरकारको आर्थिक ऐन २०७९ ले तोकेको दरमा यो रकम रु. ६२,४८,०३३.२० हुन आउँछ । यहि बढी परिमाणलाई आधार मानेर पालिकाले १८०४६० घनमिटर उत्खनन गर्नको लागि रु २७८२४५१४।०० न्युनतम कबोल अंक कायम गरी ठेक्काको सूचना प्रकाशन गरेको देखिन्छ ।

१३.३ **नदीजन्य पदार्थको रोयल्टीको ठेक्का** - पालिका र ठेकेदार कम्पनी श्री बालाजी कन्ट्रक्सनको बीचमा उल्लिखित नदिजन्य पदार्थको उत्खनन् संकलन र बिक्री सम्बन्धिको आन्तरिक आय सम्झौता रु २८०२४०००।०० मा मिति २०७९।०६।०७ मा भएको देखिन्छ । २०८० जेष्ठ मसान्त सम्म उत्खनन संकलन र बिक्री गर्ने गरी समयावधि तोकिएको देखिन्छ । प्रथम किस्ता वापत सम्झौता रकमको ३५ प्रतिशतले हुने रु ९८०८४००।०० सम्झौताको बखत, दोस्रो किस्ता वापत सम्झौताको ३५ प्रतिशतले हुने रु ९८०८४००।०० मिति २०७९ पौष मसान्तभित्र र तेस्रो तथा अन्तिम किस्ता वापत कबोल अंकको ३० प्रतिशतले हुने रु ८४०७२००।०० मिति २०७९ चैत्र मसान्त भित्र जम्मा गर्ने गरी सम्झौता भएको देखिन्छ ।

(क) प्रथम किस्ता भुक्तानी - यो ठेक्काको लागि श्री बालाजी कन्ट्रक्सनले मिति २०७९।०६।०७ मा रु ८६०००००।०० दाखिला गरेको देखिन्छ तर मुल्य अभिवृद्धि कर रकम दाखिला भएको देखिएन ।

(ख) दोस्रो किस्ता वापतको भुक्तानी — पालिकाले उपलब्ध गराएको विवरण अनुसार विभिन्न मितिमा दोस्रो किस्ता वापतको रकम रू.८६,८०,०००। बुझाएको देखिन्छ । यसरी दोस्रो किस्ता रकम बुझाइसक्नुपर्ने समयावधि पौष मसान्तसम्म रहेकोमा करिव ३ महिना ढिलोगरी जम्मा भएको देखिन्छ । दोस्रो किस्ता बुझाउँदा पनि मुल्य अभिवृद्धि कर बुझाएको देखिएन ।

(ग) तेस्रो तथा अन्तिम किस्ता वापतको भुक्तानी - पालिकाले उपलब्ध गराएको विवरण अनुसार तेस्रो किस्ता वापतको रकम रू.७४,४०,०००। दाखिला भएको छ । तेस्रो तथा अन्तिम किस्ता २०७९ चैत्र मसान्त सम्म रहेकोमा मिति २०८० आषाढ २२ सम्म दाखिला भएको छ । यो किस्ताको समेत मुल्य अभिवृद्धि कर दाखिला भएको पाइएन ।

१३.४ **मुल्य अभिवृद्धि कर दाखिला** – पालिकाले उपलब्ध गराएको विवरण अनुसार यो ठेक्काको लागि कुल मुल्य अभिवृद्धि कर वापतको रु ३२२४०००।०० सो आर्थिक वर्षमा दाखिला हुन सकेन । पालिकाले मिति २०८०।०९।१३ मा ठेकेदार कम्पनीले राखेको बैक जमानत जफत गरी राजश्व दाखिला गरेको प्रमाण पेश गरेको छ । यसरी ढिलो गरी मुल्य अभिवृद्धि कर दाखिला हुँदा ढिला दाखिला गरे वापत भुक्तानी गर्नुपर्ने थप दस्तुर व्याज र जरिवाना भुक्तानी गर्नुपर्ने दायित्वबाट बालाजी कन्ट्रक्सनले उन्मुक्ति पाएको देखियो । यस सम्बन्धमा उक्त व्यवसायीले मुल्य अभिवृद्धि कर ऐन अनुसार थप दस्तुर व्याज र जरिवाना समेत सम्बनधित आन्तरिक राजश्व कार्यालयमा दाखिला गरेको प्रमाण पेश हुनुपर्दछ ।

१३.५ **रकम बाँडफाँड नभएको** - सुदूरपश्चिम प्रदेश आर्थिक मामिला मन्त्रालयको प सं ०७९।८० च नं ५८ मिति २०७९।४।२४ को पत्र अनुसार यस पालिका लगायत यस प्रदेशका सबै पालिकाले प्रदेश आर्थिक ऐन बमोजिम आफ्नो क्षेत्रभित्र माटो, ढुङ्गा, गिट्टी, वालुवा र दहत्तर बहत्तरको राजश्व रकम पालिकाको विभाज्य कोषमा राखी सो मध्येबाट ६० प्रतिशत रकम सम्बन्धित स्थानीय तहको संचित कोषमा र बाँकी ४० प्रतिशतले हुने रकम मासिकरुपमा प्रदेश सञ्चित कोषमा जम्मा गरी सोको विवरण सहितको जानकारी आर्थिक मामिला मन्त्रालयमा पठाउनु पर्नेमा २०७८।७९ को रकम हालसम्म सञ्चित कोषमा दाखिला नगरेकोले दाखिला गरी तथा २०७९।८० को संकलन हुने राजश्व बाँडफाँडको रकम सोही अनुरुप प्रदेश सञ्चित कोषमा नियमितरुपमा जम्मा गरी सोको

विबरण मन्त्रालयमा उपलव्ध गराउनु हुन भनि सरोकार राख्ने राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, अर्थ मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, राष्ट्रिय योजना आयोग सिँहदरबार तथा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सुदूरपश्चिम प्रदेशलाई पत्र पठाएकोमा यस पालिकाबाट लेखापरीक्षण समय २०८० फागुनसम्म कुनै रकम पठाएको पाइएन । यस सम्बन्धमा स्थानीय सरकार संञ्चलन ऐन, २०७४ को दफा ६२क को दफा(३) पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक तथा ऐलानी जग्गामा रहेका काठ दाउरा जराजुरी दहत्तर, बहत्तर आदिको बिक्री गरेको रकम पालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यबस्था भएकोले संकलन भएको राजश्व बिभाज्य कोषमा जम्मा गरी प्रदेश सञ्चित कोषमा पठाउन नसकिएको भनाई पालिकाको रहेको देखियो । यस सम्बन्धमा सम्बन्धित पालिका र प्रदेश सरकारले समन्वय गरी अशुली रकमको बाँडफाँड सम्बन्धमा स्पष्ट हुन आबश्यक देखिन्छ ।

---

१३.६ **अनुगमन** - ढुङ्गा गिट्टी वालुवा को उत्खनन तथा विक्रि सम्बन्धी व्यवस्थापन कार्यविधि २०७७ बमोजिम नदिजन्य पदार्थको उत्खनन् र बिक्री सम्बन्धिको ठेक्का तथा अन्य प्रकारको राजश्व उठाउँदा अधिकार प्राप्त अधिकारी तथा अनुगमन समितिबाट सूचक सहितको अनुगमन हुनुपर्ने व्यवस्था छ । गत वर्ष पनि अमानतबाट नै राजश्व उठाएकोमा यस वर्ष समेत सोही प्रकृतिबाट राजश्व उठाएको देखिन्छ । गत वर्ष सुदूर प्रदेश सरकाको आर्थिक ऐनले तोकेको भन्दा कम दरमा राजश्व असुली गरेको तथा मुल्य अभिबृद्धि कर समेत उठाएको थिएन र दाखिला पनि थिएन भने यस वर्ष सुदूरपश्चिम प्रदेश आर्थिक ऐन २०७९ को दर रेटलाई आधार मानेर राजश्वव असुली गरेको र मुल्य अभिवृद्धिकर समेत दाखिला गरे तापनि अनुगमन समितिबाट गत वर्ष र यो वर्षको समेत राजश्व प्राप्ति, मुल्य अभिवृद्धि कर दाखिला तथा अन्य व्यवस्थापकिय खर्चहरुलाई समेत विश्लेषण गरेर अनुगमन गररेको पाइएन । यसरी अमानतबाट काम गर्दा कुन घाटगद्दि स्थलबाट कति उत्खनन भयो तथा कुल कति परिमाणको बिक्रि भयो भनी वार्षिक प्रतिवेदन तयार गरी सोको समिक्षा गरेको देखिएन ।यस्तो प्रकारको नदिजन्य पदार्थको उत्खनन्, संकलन र बिक्रिको लागि गरिएको ठेक्का तथा अमानतबाट राजश्व उठाउने कार्यले एकातर्फ अपेक्षित राजस्व प्राप्त गर्न सकिदैंन भने अर्को तर्फ मानव, विकास र वातावरणको विचमा समुचित सन्तुलन कायम हुन सकेदैन । फलस्वरुप पालिकाले दिगो विकास लक्ष्य र दिर्घकालिन लक्ष्यलाई सम्बोधन गर्दै आत्मनिर्भरता हासिल गर्न नसक्ने देखिन्छ । यसर्थ, वातावरणीय प्रभाव मूल्याङ्कनको प्रतिवेदन बमोजिम ठेक्का व्यवस्थापन गरी सोको सूचक सहितको नियमित रुपमा अनुगमन गर्ने तर्फ पालिकाको ध्यान जान जरुरी छ ।

---

१३.७ **सडक सेवा शुल्क सम्बन्धिको ठेक्का –**

✂ ........... ***(प्रारम्भिक प्रतिवेदन उपर पाम्स दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२४ को निर्णयबाट रु.२,६१,३०० सम्परीक्षण गरिएको ।)***

---

१३.८ **राजश्व आम्दानी रसिद नियन्त्रण खाताको प्रयोग** – पालिकाले वर्षभरीमा कति आम्दानी रसिदहरुको प्रयोग गर्नु पर्ला भनेर आवश्यकताको पहिचान गरेको छैन । कार्यालय आँफैले आम्दानी रसिदहरुको छपाई गरेको पाइएन । ठेकेदार कम्पनी आँफैले आम्दानी रसिदहरुको छपाई गरी कार्यालयबाट प्रमाणित गराई प्रयोगमा ल्याएको देखिन्छ । आम्दानी रसिदहरुलाई सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणाली (PAMS) मा प्रविष्ट गरेको छैन ।यस सम्बन्धिका थप व्यहोराहरु निम्नानुसार छन ।

(क) नदिजन्य पदार्थको रोयल्टीको आम्दानीको रसिद - पालिकाले उपलब्ध गराएको विवरण अनुसार आम्दानी रसिद नं १ देखि ५३५०० सम्म गरी जम्मा ५३५ ठेलीहरु प्रयोगमा ल्याएको पाइयो । नदिजन्य पदार्थको

रोयल्टी सम्बन्धिको ठेक्काको सम्झौतानुसार ठेकेदार कम्पनीले जेष्ठ मसान्त सम्म मात्र रोयल्टी उठाउनुपर्ने व्यवस्था छ । तर कार्यालयले मिति २०८०।०२।३२ मा समेत १५ वटा ठेली दिएको देखिन्छ । ठेकेदार कम्पनीले जेठको मसान्तमा वुझेको ठेली तथा अन्य मौंज्दात रहेका बठेली कार्यालयले तत्पश्चात फिर्ता लिनुपर्नेमा सो गरेको पाइएन । यसरी समयमा आम्दानि रसिदहरु समयमा समेत उठाएको हुन सक्ने तथा उत्खनन् संकलन र बिक्री भएको परिमाण समेत एकिन हुन सकिएन ।यसरी कार्यालयले प्रमाणित गरेर बुझाएको आम्दानी रसिदहरू ठेक्काको समयावधि समाप्त भए पश्चात फिर्ता नलिंदा सम्झौताको समयाबधी पश्चात समेत रोयल्टी उठाउन सक्ने तथा उत्खनन्, संकलन र बिक्री सम्बन्धिको नदिजन्य पदार्थको परिमाण एकिन गर्न सकिएन। यस सम्बन्धमा पालिकाबाटै छानविन गरी रसिद प्रयोग गरे अनुसार यथार्थरूपमा राजश्व दाखिला भएको सुनिश्चित गर्नुपर्दछ।

(ख) सडक शुल्कको लागि प्रयोग भएको आम्दानी रसिद- यो ठेक्काको लागि ठेकेदार कम्पनीले १ देखि ४६५०० सम्म रसिद छापेको देखिन्छ । पालिकाले ४६५ ठेलीहरु प्रमाणित गरी ठेकेदारलाई दिएको देखिन्छ । यो ठेक्कामा पनि कति रसिद प्रयोग भए कति बाँकी छन भन्ने कुराको अभिलेख संलग्न पाइएन । अर्धकट्टी संलग्न नरहेकोले के कति आम्दानी भएको छ र कति राजश्व दाखिला भएको छ भनी भिडान गर्न सकिएन ।

१३.९ **मेशिनरी औजारलगायत भाडामा** - यस पालिकामा रहेको एक्साभेटर भाडामा पनि दिने र एम्बुलेन्स माग अनुसार नगदी रसिदबाट आम्दानी प्राप्त गरी सेवाग्राहीलाई उपलव्ध गराउने गरेको पाइयो । तर यस आ. ब. मा एक्साभेटरबाट कुनै आम्दानी नगरेको र एम्बुलेन्सबाट भएको प्राप्त आयबाट मर्मत लगायतका खर्च कट्टा गरी दाखिला गर्ने गरेको भनेपनि यसरी उपलव्ध गराइने सामानको जिम्मेबार व्यक्तिको स्वीकृतिमा पठाएको लगायतका व्यहोरा खुल्ने गरी अभिलेख राखेको पाइएन । यस्तो अबस्थामा उल्लेखित सामानहरु भाडामा उपलव्ध गराएर यथार्थ आय दाखिला भएको छ भनि सुनिश्चित हुने अबस्था रहेन । जिम्मेवार व्यक्तिको स्वीकृतिमा सामान पठाइ प्राप्त आय यथार्थरुपमा दाखिला गर्ने व्यबस्था हुनुपर्दछ ।

१४ **कर्मचारी कल्याण कोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरको हुने आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ। कर्मचारी कल्याण कोषमा गत वर्षसम्मको रू.६०,२३,४५६।९१ मौज्दात रहेकोमा यस वर्ष आन्तरिक श्रोतवाट रू.२०,००,०००। एकमुष्ट जम्मा गरी कोषमा रू.८०,२३,४५६।९१ मौज्दात रहेकोमा खर्च नभई सबै रकम मौज्दात बाँकी रहेको छ। ऐनको व्यवस्थाबमोजिम सम्बन्धित कर्मचारीहरूबाट पनि रकम कट्टा गरी सो बराबरको रकम पालिकाबाट जम्मा गर्ने व्यवस्था गर्नुपर्ने र कार्यविधि वनाई खर्च गर्नुपर्ने देखिन्छ।

१५ **करार कर्मचारीलाई संचय कोष रकम भुक्तानी** - करार कर्मचारीलाई पारिश्रमिक तथा सेवा सुविधा भुक्तानी गर्दा तोकिएको ऐन नियमको पालना गरि सोही अनुसार भुक्तानी गर्नुपर्दछ । पालिकाले यस वर्ष ५६ जना करार कर्मचारीलाई पारिश्रमिक रकमको १० प्रतिशत कर्मचारीको पारिश्रमिकबाट कट्टी गरी पालिकाबाट १० प्रतिशत थप गरी कर्मचारी संचय कोषमा रू.१०,८०,४९२।जम्मा गरेको छ । करार कर्मचारीलाई संचय कोष सुविधा उपलब्ध गराउने व्यवस्था नभएको अवस्थामा पालिकाले सुविधा भुक्तानी गर्नु मनासिव देखिँदैन । अतः करार कर्मचारीलाई पालिकाबाट संचय कोष कट्टी वापत थप १० प्रतिशत सुविधा भुक्तानी भएको रकम रू.१०,८०,४९२। असुल गरी पालिकाको संचित कोषमा जम्मा गर्नुपर्ने रू.

| क्र.सं. | कर्मचारिको नाम र पद | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|
| १ | सहायक चौथो पार्वती भण्डारी | १७६००। | श्रावण देखि फागुन सम्म रू.२२००। का दरले थप संचय कोष रकम भुक्तानी। |
| २ | कार्यालय सहयोगी प्रथम स्तर माया राना | १४८००। | श्रावण देखि फागुन सम्म रू.१८५०। का दरले थप संचय कोष रकम भुक्तानी। |
| ३ | कार्यालय सहयोगी प्रथम स्तर हरीना देबी जोशी | १४८००। | श्रावण देखि फागुन सम्म रू.१८५०। का दरले थप संचय कोष रकम भुक्तानी। |
| ४ | अधिकृत छैठौं दिपेन्द्र कुवंर | ३४९५१। | श्रावण देखि फागुन सम्म रू.४३६८।९० का दरले थप संचय कोष रकम भुक्तानी। |
| ५ | सहायक पाँचौ महेश खड्का | २६५६०। | श्रावण देखि फागुन सम्म रू.३३२०। का दरले थप संचय कोष रकम भुक्तानी। |
| ६ | सहायक चौथो दिपक सिंह धामी | २६३२१। | श्रावण देखि फागुन सम्म रू.३२९०.२० का दरले थप संचय कोष रकम भुक्तानी। |
| ७ | सहायक चौथो गौरी चटौत जोशी | २००००। | श्रावण देखि फागुन सम्म रू.२५००। का दरले थप संचय कोष रकम भुक्तानी। |
| ८ | सहायक चौथो कृष्णा चौधरी | १९२००। | श्रावण देखि फागुन सम्म रू.२४००। का दरले थप संचय कोष रकम भुक्तानी। |
| ९ | हेभी सवारी चालक प्रथम स्तर गोपाल सिहं ऐरी | २३०८०। | श्रावण देखि फागुन सम्म रू.२८८५। का दरले थप संचय कोष रकम भुक्तानी। |
| १० | हलुका सवारी चालक प्रथम स्तर प्रेमकुमार टमटा | २१६०८। | श्रावण देखि फागुन सम्म रू.२७०१। का दरले थप संचय कोष रकम भुक्तानी। |
| ११ | हलुका सवारी चालक प्रथम स्तर जंग बहादुर डगौरा | १६८००। | श्रावण देखि फागुन सम्म रू.२१००। का दरले थप संचय कोष रकम भुक्तानी। |
| १२ | हलुका सवारी चालक प्रथम स्तर जनक राज भण्डारी | २१६०८। | श्रावण देखि फागुन सम्म रू.२७०१। का दरले थप संचय कोष रकम भुक्तानी। |
| १३ | हलुका सवारी चालक प्रथम स्तर रामगुलाब राना | १६८००। | श्रावण देखि फागुन सम्म रू.२१००। का दरले थप संचय कोष रकम भुक्तानी। |

| | | | |
|---|---|---|---|
| १४ | कार्यालय सहयोगी प्रथम स्तर राम कुमार चौधरी | १९५८४ । | श्रावण देखि फागुन सम्म रू.२४४८। का दरले थप संचय कोष रकम भुक्तानी। |
| १५ | कार्यालय सहयोगी प्रथम स्तर सुरीता देवी चौधरी | १६८०० । | श्रावण देखि फागुन सम्म रू.२१००। का दरले थप संचय कोष रकम भुक्तानी। |
| १६ | कार्यालय सहयोगी प्रथम स्तर कुमारी रमिता चौधरी | १४८०० । | श्रावण देखि फागुन सम्म रू.१८५०। का दरले थप संचय कोष रकम भुक्तानी। |
| १७ | कार्यालय सहयोगी प्रथम स्तर गणेश दत्त भट्ट | १५२०० । | श्रावण देखि फागुन सम्म रू.१९००। का दरले थप संचय कोष रकम भुक्तानी। |
| १८ | कार्यालय सहयोगी प्रथम स्तर भागरथी देवी डगौरा | १५२०० । | श्रावण देखि फागुन सम्म रू.१९००। का दरले थप संचय कोष रकम भुक्तानी। |
| १९ | कार्यालय सहयोगी प्रथम स्तर मदनराज पण्डित | १४८०० । | श्रावण देखि फागुन सम्म रू.१८५०। का दरले थप संचय कोष रकम भुक्तानी। |
| २० | कार्यालय सहयोगी प्रथम स्तर देउमती देवी राना | १४८०० । | श्रावण देखि फागुन सम्म रू.१८५०। का दरले थप संचय कोष रकम भुक्तानी। |
| २१ | कार्यालय सहयोगी प्रथम स्तर अशोक कुमार | १४८०० । | श्रावण देखि फागुन सम्म रू.१८५०। का दरले थप संचय कोष रकम भुक्तानी। |
| २२ | कार्यालय सहयोगी प्रथम स्तर परशुराम चौधरी | १४८०० । | श्रावण देखि फागुन सम्म रू.१८५०। का दरले थप संचय कोष रकम भुक्तानी। |
| २३ | कार्यालय सहयोगी प्रथम स्तर सिता देवि राना | १४८०० । | श्रावण देखि फागुन सम्म रू.१८५०। का दरले थप संचय कोष रकम भुक्तानी। |
| २४ | कार्यालय सहयोगी प्रथम स्तर दशिराम डंगौरा | १४८०० । | श्रावण देखि फागुन सम्म रू.१८५०। का दरले थप संचय कोष रकम भुक्तानी। |
| २५ | कार्यालय सहयोगी प्रथम स्तर जित बहादुर जेठारा | १४८०० । | श्रावण देखि फागुन सम्म रू.१८५०। का दरले थप संचय कोष रकम भुक्तानी। |
| २६ | कार्यालय सहयोगी प्रथम स्तर भीम बहादुर महता | १४८०० । | श्रावण देखि फागुन सम्म रू.१८५०। का दरले थप संचय कोष रकम भुक्तानी। |
| २७ | सहायक पाँचौ मक्र बहादुर ओड | २०००० । | श्रावण देखि फागुन सम्म रू.२५००। का दरले थप संचय कोष रकम भुक्तानी। |

| | | | |
|---|---|---|---|
| २८ | सहायक चौथो गोविन्द बहादुर रावल | १८००० । | श्रावण देखि फागुन सम्म रू.२२५०। का दरले थप संचय कोष रकम भुक्तानी। |
| २९ | सहायक चौथो खगेश्वरी ऐर | १८००० । | श्रावण देखि फागुन सम्म रू.२२५०। का दरले थप संचय कोष रकम भुक्तानी। |
| ३० | सहायक चौथो योगेन्द्र साउद | १५२०० । | श्रावण देखि फागुन सम्म रू.१९००। का दरले थप संचय कोष रकम भुक्तानी। |
| ३१ | सहायक चौथो निरज धानुक | १६८०० | श्रावण देखि फागुन सम्म रू.२१००। का दरले थप संचय कोष रकम भुक्तानी। |
| ३२ | सहायक चौथो मञ्जु ओझा | १६८०० । | श्रावण देखि फागुन सम्म रू.२१००। का दरले थप संचय कोष रकम भुक्तानी। |
| ३३ | सहायक चौथो डम्बर सिहं माल | १६८०० । | श्रावण देखि फागुन सम्म रू.२१००। का दरले थप संचय कोष रकम भुक्तानी। |
| ३४ | सहायक चौथो ज्योती ओझा | १६८०० । | श्रावण देखि फागुन सम्म रू.२१००। का दरले थप संचय कोष रकम भुक्तानी। |
| ३५ | कार्यालय सहयोगी प्रथम स्तर छाया शाही | १५२०० । | श्रावण देखि फागुन सम्म रू.१९००। का दरले थप संचय कोष रकम भुक्तानी। |
| ३६ | कार्यालय सहयोगी प्रथम स्तर आनन्दलाल चौधरी | १८००० । | श्रावण देखि फागुन सम्म रू.२२५०। का दरले थप संचय कोष रकम भुक्तानी। |
| ३७ | कार्यालय सहयोगी प्रथम स्तर बसन्ती देवी जोशि | १५२०० । | श्रावण देखि फागुन सम्म रू.१९००। का दरले थप संचय कोष रकम भुक्तानी। |
| ३८ | कार्यालय सहयोगी प्रथम स्तर शान्ती कुमारी थारू | १४८०० । | श्रावण देखि फागुन सम्म रू.१८५०। का दरले थप संचय कोष रकम भुक्तानी। |
| ३९ | कार्यालय सहयोगी प्रथम स्तर कमला देबी थापा | १६४०० । | श्रावण देखि फागुन सम्म रू.२०५०। का दरले थप संचय कोष रकम भुक्तानी। |
| ४० | सहायक चौथो अपेक्षा जोशी | १७६०० । | श्रावण देखि फागुन सम्म रू.२२००। का दरले थप संचय कोष रकम भुक्तानी। |
| ४१ | सहायक चौथो विना कुमारी जोशी | १८००० । | श्रावण देखि फागुन सम्म रू.२२५०। का दरले थप संचय कोष रकम भुक्तानी। |

| | | | |
|---|---|---|---|
| ४२ | सहायक चौथो देवकी जोशी | २१२०० । | श्रावण देखि फागुन सम्म रू.२६५०। का दरले थप संचय कोष रकम भुक्तानी। |
| ४३ | सहायक चौथो करूणा चौधरी | २१२०० । | श्रावण देखि फागुन सम्म रू.२६५०। का दरले थप संचय कोष रकम भुक्तानी। |
| ४४ | सहायक चौथो आशा कुमारी भण्डारी | १८००० । | श्रावण देखि फागुन सम्म रू.२२५०। का दरले थप संचय कोष रकम भुक्तानी। |
| ४५ | सहायक चौथो बिमला भट्ट | २१२०० । | श्रावण देखि फागुन सम्म रू.२६५०। का दरले थप संचय कोष रकम भुक्तानी। |
| ४६ | सहायक चौथो पवन कुमारी कुंवर | २१२०० । | श्रावण देखि फागुन सम्म रू.२६५०। का दरले थप संचय कोष रकम भुक्तानी। |
| ४७ | कार्यालय सहयोगी प्रथम स्तर निर्मला भट्ट | १४८०० । | श्रावण देखि फागुन सम्म रू.१८५०। का दरले थप संचय कोष रकम भुक्तानी। |
| ४८ | सहायक चौथो धन वहादुर ऐर | १८००० । | श्रावण देखि फागुन सम्म रू.२२५०। का दरले थप संचय कोष रकम भुक्तानी। |
| ४९ | सहायक चौथो लक्ष्मी कुमारी भण्डारी(ऐर) | २६३२० । | श्रावण देखि फागुन सम्म रू.३२९०। का दरले थप संचय कोष रकम भुक्तानी। |
| ५० | सहायक चौथो कुमारी संगिता चन्द | २६३२० । | श्रावण देखि फागुन सम्म रू.३२९०। का दरले थप संचय कोष रकम भुक्तानी। |
| ५१ | सहायक चौथो दिल बहादुर चौधरी | २६३२० । | श्रावण देखि फागुन सम्म रू.३२९०। का दरले थप संचय कोष रकम भुक्तानी। |
| ५२ | सुचना प्रबिधि अधिकृत मदन राज पाण्डेय | ३४९५१ । | श्रावण देखि फागुन सम्म रू.४३६८।९० का दरले थप संचय कोष रकम भुक्तानी। |
| ५३ | अधिकृत आठौं दिलीप देउबा | ३८९८९ । | श्रावण देखि फागुन सम्म रू.४८७३।७० का दरले थप संचय कोष रकम भुक्तानी। |
| ५४ | सहायक पाँचौ सारदा जोशी | २४९६० । | श्रावण देखि फागुन सम्म रू.३१२०। का दरले थप संचय कोष रकम भुक्तानी। |
| ५५ | सहायक पाँचौ सुशिला कुमारी राना | २४९६० । | श्रावण देखि फागुन सम्म रू.३१२०। का दरले थप संचय कोष रकम भुक्तानी। |

| | | | |
|---|---|---|---|
| ५६ | कार्यालय सहयोगी प्रथम स्तर सुमिता चौधरी | १४३६० । | श्रावण देखि फागुन सम्म रू.१७९५।१० का दरले थप संचय कोष रकम भुक्तानी। |
| | **जम्मा** | १०,८०, ४९२। | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,८०,४९२ |

१६ **ब्यक्तीको नामबाट चेक जारी (पालिका चालु)** - आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायित्व नियमावली २०७७ मा कुनै पनि कार्यको भुक्तानी दिदा सम्बन्धित पार्टीको नाममा चेक जारी गर्नु पर्ने ब्यवस्था छ । यस कार्यालयले विभिन्न फर्मको खातामा रकम पठाउनु पर्नेमा सो नगरी ब्यक्तिको नाममा चेक जारी गरी भुक्तानी दिएको नियमसंगत देखिएन । अत कार्यालयले यस्ता कार्यमा नियन्त्रण गर्नु पर्दछ छ । केही उदाहरण निम्न छन ।

| **क्र.सं.** | **भौचर .नं.** | **विवरण** | **चेक जारी गरेको ब्यक्तीको नाम** | **भुक्तानी रकम** |
|---|---|---|---|---|
| १ | १५२-२०७९।०७।०४ | निम्तो होटल एण्ड रेष्टुरेन्ट वाट खाजा खर्चको रकम भुक्तानी | पदम भण्डारी | १,७३,८७२। |
| २ | १५६-२०७९।०७।१७ | नेपाल टेलिकमको संचार महसुल रकम भुक्तानी | लाल व. शाही | ५८,०००। |

१७ **क्याम्पसलाई रकम भुक्तानी (पालिका चालु)** - नेपालको संबिधानको धारा ५७(४) मा स्थानीय तहको अधिकार अनुसूची - ८ मा उल्लेखित बिषयमा निहित रहने उल्लेख छ। यस्तो अधिकारको प्रयोग यो संबिधान र गाउँसभा वा नगर सभाले बनाएको कानूनबमोजम हुने उल्लेख छ ।यसैगरी स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ मा स्थानीय तहलाई संबिधानको अनुसूची - ८ बमोजम एकल अधिकारको सूची अर्न्तगत आधारभूत र माध्यामिक शिक्षा स्थानीय तहको अधिकार भित्र पर्ने देखिन्छ।उक्त दफा बमोजम स्थानीय तहले सामुदायिक बिद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत संभार, सञ्चालन र व्यबस्थापन लगायतका काम गर्न सक्ने देखिन्छ । तर पालिकाले निम्न भौ.नं. मितिमा निम्न क्याम्पसलाई जम्मा रू.१७,७०,५४६। भुक्तानी दिएको कार्य पालिकाको कार्य क्षेत्र भित्र पर्ने नदेखिएकोले उक्त खर्च नियम सम्मत देखिएन।

| **क्र.स.** | **भौ.नं. र मिति** | **क्याम्पसको नाम** | **रकम** |
|---|---|---|---|
| १ | १२६५-२०८०।०२।२९ | कञ्चन वहुमुखी क्याम्पस | १०००००। |
| शिक्षा चालु | | | |
| २ | ९-२०७९।०९।११ | कञ्चन ब.क्याम्पस सञ्चालन अनुदान | १००००००। |

| | | | |
|---|---|---|---|
| ३ | ३९-२०८०।०२।०५ | उदय सरस्वती क्याम्पस | १००००। |
| ४ | ३९-२०८०।०२।०५ | कञ्चन ब.क्याम्पस | १८१०००। |
| ५ | ५८-२०८०।०३।१३ | उदय सरस्वती क्याम्पस | ४७९५४६। |
| **जम्मा** | | | **१७,७०,५४६।** |

१८ **आन्तरिक लेखापरीक्षण** - स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

त्यस्तै प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोबार, आन्तरिक जाचँ एवं आर्थिक कार्यप्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यवस्था भए पनि आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन। आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोबार अव्यवस्थित भई वित्तीय जोखिम बढ्ने संभावना रहन्छ।तसर्थ यस नगरपालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरि नियमित आन्तरिक लेखापरीक्षण गराई आर्थिक त्रुटी एवं जालसाँजीका कारण आर्थिक कारोबारमा हुन सक्ने जोखिम न्युनिकरण गर्नुपर्दछ।

१९ सशर्त पुजिगत

१९.१ **विद्यालय भौतिक पूर्वाधार निर्माण**—शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं ११.१.२.१ मा प्रत्येक स्थानीय तहले विद्यालय भौतिक पूर्वाधार कार्यक्रमहरु कार्यान्वयन गर्दा सम्पूर्ण निर्माण कार्य नेपाल राष्ट्रिय भवन संहिता, २०६० अनुसार गर्नु गराउनु पर्ने, स्थानीय तह अन्तर्गतका विद्यालयमा हुने भौतिक निर्माणका कार्यहरु स्थानीय तहले आफ्नो प्राविधिक मार्फत सुपरीवेक्षण गराउने र कार्यसम्पादन प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । साथै राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयनका लागि शिक्षा तथा मानव श्रोत विकास केन्द्रद्वारा मिति २०७९।११।२१ च.नं. ६५ को निर्देशनकोबुँदा नं. ४ र ५ अनुसार प्राप्त कार्यक्रम अनुरुप तोकिएको डिजाइन ड्रइङ तथा लागत अनुमान अनुसार २ कोठे तथा ४ कोठे भवन निर्माण गर्नुपर्ने व्यवस्था छ । उक्त कार्यक्रमका लागि देहायकाविद्यालयलाई रू.२,३६,००,०००।०० निकासा भएको छ । तर विद्यालय निर्माणसँग सम्बन्धित कागजात सम्बन्धित विद्यालयहरुले पालिकामा पेश गरेका छैनन् । तसर्थ निर्माणसँग सम्बन्धित कागजात तथा कार्य सम्पन्न भएको प्रतिवेदन पेश गर्नुपर्ने रू.

| सि. न | बिधालयको नाम | कामको व्यहोरा | रकम |
|---|---|---|---|
| १ | वीणामा.बि.कृष्णपुर | ४कोठेभवन | ४५०००००।०० |

| | | | |
|---|---|---|---|
| २ | नन्दामा.बि. | ४कोठेभवन | ४५०००००।०० |
| ३ | राष्टियमा.बि.कृष्णपुर | २कोठेभवन | २२५००००।०० |
| ४ | ग्वासीआ.बि. | २कोठेभवन | २२५००००।०० |
| ५ | महाकाली मा.बि.वसन्तपुर | नमुनाबिद्यालय | १०१०००००।०० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,३६,००,००<br>० |

१९.२ **अनुदान ब्यवस्थापन-** कार्यक्रम कार्यान्यिन पुस्तिका २०७९।८० मा भएको ब्यवस्था अनुसार स्थानिय तहले अनुदान प्राप्त बिधालयले निर्धारित मापदण्ड र प्रक्रिया अनुरुप गरे नगरेको नियमित रुपमा अनुगमन गरी सो को एक प्रति प्रतिबेदन शिक्षा तथा मानवस्रोत केन्द्रमा पठाउने ब्यवस्था छ । यस पालिकाले आ.व. २०७९।८० मा अनुदान दिएका निम्न बिद्यालयमा कार्यक्रम वापत दिएका अनुदान रकम कार्यक्रम कायान्वयन भए, नभएको बारेमा अनुगमन गरेको पुष्टि गर्ने अनुगमन प्रतिबेदन देखिएन । अतः बिद्यालयमा गएको अनुदान रकम प्रभावकारी रुपमा कायान्वयन भएको छ भनी बिश्वस्त हुने आधार देखिएन । पालिका कार्यालयले कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख गरेको ब्यवस्था बमोजिम अनुगमन गरी प्रतिबेदन पेश गर्नु पर्दछ ।

| सि.न. | बिद्यालयको नाम | कार्यक्रमको नाम | रकम |
|---|---|---|---|
| १ | राष्ट्रिय मा. बि. पहरिया | आई सि. टी. ल्याव स्थापना | ६५००००।०० |
| २ | सरस्वती मा. बि. कृष्णपुर | आई सि. टी .ल्याव स्थापना | ६५००००।०० |

१९.३ **सुरक्षित नागरिक आवास कार्याक्रम–**सुरक्षित नागरिक आवास कार्यक्रम कार्यबिधि २०७५को बुदा न ६मा कुनै ब्यक्तिले झुठा बिवरण पेश गरी अनुदान रकम लिएको पाइएमा वा जुन प्रयोजनको लागि अनुदान रकम उपलब्ध गराएको हो सोही प्रयोजनको लागी खर्च नगरी अन्य प्रयोजनमा खर्च गरेको पाइएमा वा किस्ता बमोजिम गर्नु पर्ने कार्य प्रगति अनुदान उपलब्ध गाराएको मितिले ३ महिना भित्र नगरेमा लाभग्राहीबाट अनुदान रकम स्थानिय तहले असुल उपर गर्नु पर्ने ब्यवस्था छ । यस पालिकाले भौचर नं. ३६।२०८०।३।२० बाट २१ जनालाई १०,२०,०००।०० अननुदान उपलब्ध गराएको छ ।अतः कार्यालयले उक्त रकम लिने लाभग्राहीले कार्यविधिको पालना गरे नगरेको अनुगमन गर्नुपर्दछ।

१९.४ **बिल भरपाई बेगरको भुक्तानी** - आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायीत्व नियमावली २०७७ को नियम ३९ को १० मा जिम्मेवार ब्यक्तिले सरकारी रकमको खर्च गर्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन बिल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन जाच गर्नु पर्ने ब्यवस्था छ ।यस कार्यालयले निम्न भौचर बाट जनता आवास कार्यक्रकमको कन्टेजेन्सी रकम रू १५८४००।०० भुक्तनी दिदा भौचर साथ भ्रमण आदेश र खर्चका बिल भरपाई राखेको देखिएन । जस्ले गर्दा खर्च वास्तविक भएको हो

भन्न सक्ने आधार दिएन । अत कार्यालयले खर्च वास्तविक भएको भए बिल भरपाई पेश गर्ने अन्यथा असुल गर्नु पर्ने देखिएको रु

| सि न | भौचर न | भुक्तानी लिनेको नाम | भुक्तानी रकम |
|---|---|---|---|
| १ | २।२०७९।७।३ | कल्पना थलाल | ११७६००।०० |
| २ | १२।२०७९।१२।१७ | कल्पना थलाल | ४०८००।०० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,५८,४०० |

२० **करकट्टि नगरेको (पालिका चालु)** (५५५-२०७९-१०-१६)- आयकर ऐन २०५८ को दफा ८८ (१) को (५) मा बासिन्दा ब्यक्तीको नेपालको स्रोत भएको भाडा भुक्तानीमा १० प्रतिशत भाडा कर लाग्ने ब्यवस्था छ। तिज कार्यक्रमको लागी सपना टेन्ट हाउस एण्ड इलेक्ट्रोनिक वाट टेन्ट, डि.जे. कुर्सि लगायतका सामान भाडामा लिई रू.९८,०००। भुक्तानी भएकोमा १० प्रतिशत बहाल कर रू.९,८००। र १.५ प्रतिशत अग्रिम आयकर रू.१,४७०। कट्टि नगरेकोले कट्टि गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ११,२७० |

२१ **तालिम कार्यक्रम (पालिका चालु)** - कुनै पनि कार्यक्रम सञ्चालन गर्दा त्यसको लाभ लागत, त्यसबाट प्राप्त हुने उपलब्धि सम्मको विश्लेषण गरी खर्च गर्नु पर्दछ । पालिकाले यस आर्थिक वर्षमा देहाय बमोजिम तालिम कार्यक्रम सञ्चालन गरि खर्च लेखेको छ । तालिम प्रदान गरिएका युवाहरुको विवरण अभिलेखवद्ध गरेको पाइएन। जसवाट तालिम प्राप्त युवा मध्ये के कति युवाले प्राप्त तालिमको उपलब्धि स्वरुप व्यावसायिक क्रियाकलाप सञ्चालन गरेको विवरण पालिका रहेको देखिंदैन । वर्षेनी युवालाई तालिमको प्रदान गर्ने तर युवाहरु व्यावसायकि नहुँदा युवाहरुमा उद्यमशिलता सिर्जना नहुने साथै पालिकाले पनि दोहोऱ्याएर पुनः तालिममा खर्च गर्नुपर्ने देखिन्छ । तसर्थ, पालिकाबाट प्रदान गरिने तालिमलाई युवाहरुको व्यावसायिक क्षमता विकास र उद्यमशिलता विकासका कार्यमा जोड्ने तथा तालिम प्राप्त व्यक्तिको अभिलेखिकरण गरी स्पष्ट छनौटको आधार पेश गर्नु पर्दछ ।

| **क्र.सं.** | **भौ.नं.र मिति** | **तालिमको नाम** | **संचालक** | **लाभाम्भित संख्या** | **रकम रु.** |
|---|---|---|---|---|---|
| १ | ११३८-२०८०।०२।०७ | वडाका महिलाहरूलाई सिलाई कटाई तालिम | वडा नं. ६ का वडा सचिव लोक राज पन्त | ३० | १८८२९०। |
| २ | ११५९-२०८०।०२।१० | ३ दिने तरकारी खेती तालिम | सामाजिक विकास मञ्च | २० | ७८९३८। |
| ३ | ११६८-२०८०।०२।१२ | वडा नं. ६ का युवालाई तालिम कार्यक्रम | सरूपाल राष्ट्रिय ड्राईभिङ ट्रेनिङ्ग प्रा.लि. | १७ | १९२९०२। |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | ११८८-२०८०।०२।२१ | दलित महिलाका लागि सिपमुलक तालिम | उमाकान्त जोशी | २७ | ९६५५५। |
| ५ | १२१७-२०८०।०२।२३ | निशुल्क कम्प्युटर तालिम | लोक राज पन्त(वडा नं.६) | ५० | १२९७८८। |
| ६ | १२२६-२०८०।०२।२४ | सिपमुलक तालिम | १ नं. वडा सचिव दुर्गा सिंह धामी | २१ | २९०६९७। |
| ७ | १२२७-२०८०।०२।२४ | बेन्डवाजा तालिम कार्यक्रम | १ नं. वडा सचिव दुर्गा सिंह धामी | १२ | ९२०५३। |
| | **जम्मा** | | | | १०,६९,२२३। |

२२ **कार्यक्रमको प्रतिवेदन (पालिका चालु)-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ उपनियम ७ अनुसार कुनै पनि सेमिनार, गोष्ठि तथा तालिम आयोजना गर्दा त्यस्तो तालिम कार्यक्रमको खर्च सम्बन्धित प्रस्तावना स्वीकृत गराउने तथा उपनियम ८ अनुसार कार्यक्रम सम्पन्न भए पश्चात प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले सञ्चालन गरेका देहायबमोजिमका कार्यक्रम सम्पन्न प्रतिवेदन संलग्न नगरी रू.४,३८,०३४। रकम खर्च गरेको छ। सम्पन्न प्रतिवेदन नै तयार नगरी रकम भुक्तानी गरेकोले उक्त खर्च लाई नियम सम्मत मान्न सकिएन। यस्तो खर्चमा नियन्त्रण गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

| क्र.स. | भौ.नं. | कार्यक्रम | संचालक | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | १३२-२०७९।०७।०२ | गौरा पर्व बिशेष सांस्कृतिक कार्यक्रम | धना देवी जोशी | ४८१०३। | कार्यक्रमको प्रतिवेदन नभएको। |
| २ | २४८-२०७९।०८।१३ | वडा नं.७ अन्तर्गत महिलाहरूको तिज विशेष कार्यक्रम | यशोदा खड्का | ४६७००। | कार्यक्रमको प्रतिवेदन नभएको। |
| ३ | ३३२-२०७९।०९।०६ | वडा नं. ३ को महिला स्वास्थ्य स्वयम सेविका दिवस कार्यक्रम | राजमती राना | २४५९९। | कार्यक्रमको प्रतिवेदन नभएको। |
| ४ | ४००-२०७९।०९।२० | तिज कार्यक्रम | कृष्णपुर महिला कृषि सहकारी संस्था लि. | ३७५०८। | कार्यक्रमको प्रतिवेदन नभएको। |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | ५५५-२०७९।१०।१६ | तीज कार्यक्रम | सम्झौता वस्नेत | ९८४९६। | का कार्यक्रमको प्रतिवेदन नभएको। |
| ६ | ५५८-२०७९।१०।१६ | माघीमिलन कार्यक्रम | सुभिन्द्र चौधरी | ८९०९२। | का कार्यक्रमको प्रतिवेदन नभएको। |
| ७ | ८६६-२०७९।१२।१६ | निम्न आयस्तर भएका युवाहरू लाई प्लम्विगं सम्बन्धि तालिम | प्रकाशचन्द्र कलौनी | ९३५३६। | का कार्यक्रमको प्रतिवेदन नभएको। |
| | **जम्मा** | | | ४,३८,०३४। | |

२३ **खेलकुद सामाग्री वितरण गरेको भरपाई पेश नभएको (पालिका चालु)** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम ५ मा जिम्मेवार व्यक्तीले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। पालिकाले निम्न भौ.नं. र मितिवाट रू.६१,२००। को खेलकुद सामाग्री खरिद गरेकोमा खेलाडीले खेलकुद सामाग्री वुझेको भरपाई पेश नभएकोले भरपाई पेश हुनुपर्ने रू.

| **क्र.सं.** | **भौ.नं. र मिति** | **विवरण** | **भुक्तानी रकम** |
|---|---|---|---|
| १ | १५०-२०७९।०७।०३ | १२ थान फुटवल,१६ थान भलिवल | ३४२००। |
| २ | ६३७-२०७९।११।०२ | २ थान भलिवल, ३ थान फुटवल | २७०००। |
| **जम्मा** | | | ६१,२००। |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६१,२०० |

२४ **बिल भरपाई पेश नभएको (पालिका चालु)** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम ५ मा जिम्मेवार व्यक्तीले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ।निम्न फर्मलाई जम्मा रू.७५,०००। भुक्तानी भएकोमा खर्च रकमको बिल भरपाई पेश नभएकोले बिल भरपाई पेश गर्नुपर्ने रू.

| क्र.सं. | भौ.नं. र मिति | फर्म | विवरण | भुक्तानी रकम |
|---|---|---|---|---|
| १ | १९५-२०७९।०७।२५ | सिद्धार्थ युवा क्लव | खुला फुटवल प्रतियोगिता आयोजना गर्न | ५००००। |
| २ | २८७-२०७९।०८।२० | रिभर साइड स्पोटर्स क्लब | खेलकुद कार्यक्रम सञ्चालन गर्न। | २५०००। |
| **जम्मा** | | | | **७५,०००।** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७५,००० |

२५ **सहकारी अनुगमन** - स्थानीय सरकार सञ्चालन ऐन २०७४को दफा ११ ( ख ) मा स्थानिय तहले सहकारी संस्थाको अनुगमन तथा नियमन गर्नु पर्ने ब्यवस्था छ । यस पालिकाले ऐनमा भएको ब्यवस्था बमोजिम अनुगमन तथा नियमन गरी अभिलेअ राखेको देखिएन ।अतः पालिकाले ऐनमा भएको ब्यवस्था अनुसार अनुगमन गरी अभिलेख राख्नु पर्दछ।

२६ **जरिवाना - विद्युत महशुल (पालिका चालु)** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तीले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। यस वर्ष पालिकाले विद्युत महशुल समयमै भुक्तानी गरी छुट लिनुपर्नेमा ढिलो गरि विद्युत्त मशहुल भुक्तानी गरेकोले जरिवाना समेत भुक्तानी गर्नु परेको छ। पालिकाले निम्न गो.भौ.न. र मितिमा ढिलो गरि मशहुल भुक्तानी गरेकोले जरिवाना स्वरूप रू.१,०८,८३२। भुक्तानी गरेको छ। यस्तो भुक्तानी नियम सम्मत नदेखिएको रू.

| क्र.स. | भौ.न. | विद्युत महशुल | जरिवाना रकम |
|---|---|---|---|
| १ | ८०-२०७९।०६।३० | ३२८४७२। | ७१२४२। |
| २ | ३७८-२०७९।०९।१७ | ३७७१२। | ९४२८। |
| ३ | ४११-२०७९।०९।२० | ११६६४। | २९१६। |
| ४ | ४२२-२०७९।०९।२४ | १३७१४०। | २२२९४। |
| ५ | ९६७-२०८०।०१।१० | ११८०८। | २९५२। |
| **जम्मा** | | | **१,०८,८३२।** |

| | |
|---|---|
| अनियमित भएको | १,०८,८३२ |

२७ **भ्रमण खर्च** - सुदुरपश्चिम प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन,२०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ कमोजिम पालिकाले कर्मचारि तथा पदाधिकारीलाई भ्रमण खर्च र अनुगमन खर्च वापत रू.२४,९८,२००। खर्च गरेको छ। भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरू देहाय बमोजिम छन्:

- अधिकाशं भ्रमणको उद्देश्य र प्रयोजन कार्यालयकै कामका लागि भएको भनी सुनुश्चित हुने विश्वसनीय आधार नदेखीएको,
- भ्रमण प्रश्चात तोकिएको ढाचाँमा भ्रमण प्रतिवेदन पेश नगरी भ्रमणको खर्च भुक्तानी गर्ने गरेको,
- भ्रमण अभिलेख अद्यावधिक गरी नराखेको,
- कतिपय भ्रमण आदेशमा आदेश नं. नभएको

अतः तोकिएको कानुनी ब्यवस्थाको पालना गर्दै भ्रमण खर्च गर्दा पालिकाको प्रयोजनमा खर्च भएको सुनिश्चितता हुने व्यवस्था सहित सबै भ्रमण पश्चात भ्रमण प्रतिवेदन लिने ब्यवस्था हुनुपर्दछ।

२८ **मर्मत खर्च** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९६(१) मा मालसामान मर्मत गर्नुपर्ने भएमा सोको लागत अनुमान स्वीकृत गराउनु पर्ने र नियम ९६(३) मा पाँच हजार माथिका पार्टपूर्जा फेर्नु पर्ने भएमा सोको जिन्सी दाखिला गर्नुपर्ने ब्यवस्था रहेको छ। कार्यालयले सवारी साधन मर्मतमा रू.१२,५४,७१०। खर्च गरेकोमा मर्मत कार्यको लागत अनुमान तयार गरी स्वीकृत गरेको छैन भने फेरीएको पार्टपुर्जाको जिन्सी दाखिला गरेको छैन। नियमावलीको व्यवस्था अनुसार लागत अनुमान तयार नभएको तथा फेरीएका पार्टपुर्जाको जिन्सी दाखिला समेत नगरेकोले खर्चको वास्तविकता यकिन गर्न सकिएन।

२९ **ईन्धन खर्च** - कार्यालयले विनियोजित बजेट खर्च गर्दा सार्वजनिक श्रोतको अधिकतम उपयोग हुने गरि मितव्ययिता अवलम्बन गरी खरिद कार्य गर्नुपर्दछ। कार्यालयले यस वर्ष कार्यालय प्रयोजनार्थ कर्मचारि र पदाधिकारीका लागि गरि जम्मा रू.१,३१,८३,६५२। ईन्धन बापत खर्च भएको पाईयो। कार्यालयले उक्त खर्च लेख्दा कुन कुन गाडीको लागि कति कति ईन्धन उपलब्ध गराई कहाँ कहाँ गई के प्रयोगमा सवारी साधन प्रयोग भएको हो सो को सम्पूर्ण विवरण खुलाउने लगबुक, कार्यविवरण माइल मिटर, सवारी साधन नं. आंशिक रूपमा मात्र खुलाएर अभिलेख राखेकोले ईन्धन खर्च कार्यालय प्रयोजन र पदाधिकारीका लागि मात्र भएको भनी एकिन गर्न सकिएन।

३० **मु.अ. करमा दर्ता नभएकोसंग खरिद-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १९ मा सार्वजनिक निकायले वीस हजार रूपैया भन्दा वढी रकमको खरिद गर्दा आन्तरिक राजश्व कार्यालयवाट मु.अ. कर दर्ता प्रमाणपत्र प्राप्त गरेको फर्म वा संस्थावाट खरिद गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाले मु.अ.करमा दर्ता नभएका निम्न सप्लायर्सवाट मसलन्द तथा कार्यालय सामाग्री खरिद भएको पाइयो। पालिकाले खरिद कार्य गर्दा नियमावलीमा भएको व्यवस्थाको पालना गर्नु पर्दछ।

| **सि.न.** | **भौ.नं. र मिति** | **विवरण** | **रकम रू** |
|---|---|---|---|
| १ | १४७-२०७९।०७।०३ | एलिना नास्ता पसल | २१४५५। |

| | | | |
|---|---|---|---|
| २ | १४९-२०७९।०७।०३ | आर.के.कटेज एण्ड रिसोर्ट | २२४७५। |
| ३ | १५०-२०७९।०७।०३ | समर्पण पुस्तक पसल | २४५८०। |
| ४ | १९०-२०७९।०७।२५ | नेहा पुस्तक सदन | २४९७५। |
| ५ | ४०६-२०७९।०९।२० | लक्ष्मी डिजिटल फोटो स्टुडियो | ३२५२०। |
| ६ | ६३६-२०७९।११।०२ | दक्षिणकाली स्टेशनरी एण्ड सप्लायर्स | २९५५०। |
| ७ | ८५६-२०७९।१२।१६ | नेहा पुस्तक सदन | २१५१९०। |
| ८ | १०९५-२०८०।०२।०१ | विवेक ट्रेड एण्ड सप्लायर्स | ३३३००। |
| | **जम्मा** | | ४,०४,०४५। |

३१ **अन्य कार्यालयको खर्च (पालिका चालु)** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता मितव्ययिता प्रभावकारिता कार्यदक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले आप्नो कार्य क्षेत्र भन्दा वाहिरको कार्यालय तथा संघ संस्थाको लागि बजेट विनियोजन गरी गरिएको निम्नानुसार खर्च मितव्ययी र बजेट प्रभावकारी भएको देखिएन। पालिकामा यस्तो प्रकृतिको खर्चले थप व्यभार वढ्दै जाने देखिन्छ। यस्तो प्रकृतिको खर्चमा नियन्त्रण गर्नुपर्दछ।

| क्र.स. | भौ.नं. /मिति | विवरण | भुक्तानीरकम |
|---|---|---|---|
| १ | १५३-२०७९।०७।०४ | इलाका प्रहरी कार्यालय विचवा | ४९७२९। |
| २ | ३८८-२०७९।०९।१७ | इलाका प्रहरी कार्यालय विचुवा | ५००००। |
| ३ | ४३०-२०७९।०९।२४ | नेपाल प्रहरी बिशेष सुरक्षा गण | २५४४७। |
| ४ | ५५०-२०७९।१०।१५ | नेपाल रेडक्रस सोसाईटी, कञ्चनपुर | १०००००। |
| ५ | ५७९-२०७९।१०।१८ | अस्थाई प्रहरी पोष्ट बाणी | १५६८१। |
| ६ | ५८६-२०७९।१०।१८ | इलाका प्रहरी कार्यालय, गुलरिया | ६४२२४। |
| ७ | १०२९-२०८०।०१।२६ | आरक्ष पिडित संघर्स समिति | १०००००। |
| ८ | ११२५-२०८०।०२।०५ | नेपाल रेडक्रस सोसाईटी कैलाली | ६५०००। |
| ९ | १२४२-२०८०।०२।२५ | इलाका प्रहरी विचवा | ९४९२५। |
| १० | १४२०-२०८०।०३।१७ | नेपाल रेडक्रस सोसाईटी, कैलाली | ५८६५०। |

| | | | |
|---|---|---|---|
| ११ | १५२२-२०८०।०३।२३ | अस्थाई प्रहरी पोष्ट व्यवस्थापन वाणी | ६७०८३। |
| **जम्मा** | | | ६,९०,७३९। |

३२ **बहाल कर कट्टि नगरेको (पालिका चालु)** (१२३८-२०८०-२-२५)- आयकर ऐन २०५८ को दफा ८८ (१) को (५) मा बासिन्दा ब्यक्तीको नेपालको स्रोत भएको भाडा भुक्तानीमा १० प्रतिशत भाडा कर लाग्ने ब्यवस्था छ। वडा नं.५ कार्यालयको विभिन्न समयमा वडामा समुदाय स्तरमा सांस्कृतिक कार्यक्रमहरू सञ्चालन गर्दा टेन्ट सेट,साउण्ड सिस्टम लगायतका सामान भाडामा लिए वाफत रू.४२,०००। भुक्तानी भएकोमा १० प्रतिशत बहाल कर रू.४,२००। कट्टि नगरेकोले कट्टि गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,२०० |

३३ **जरिवाना विमा नविकरण (पालिका चालु)**- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तीले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। यस वर्ष पालिकाले विमा नविकरण समयमै गर्नुपर्नेमा ढिलो गरी नविकरण गरेकोले जरिवाना समेत भुक्तानी गर्नु परेको छ। पालिकाले निम्न भौ.नं. र मितिवाट सवारी साधनको विमा नविकरण,दर्ता, नामसारि ढिलो गरेकोले जरिवाना स्वरूप रू.२४,४१०। भुक्तानी गरेको छ। यस्तो भुक्तानी नियम सम्मत नदेखिएको रू.

| **क्र.स.** | **भौ.नं र मिति** | **गाडी नं.** | **रकम** |
|---|---|---|---|
| १ | ३४-२०७९।०६।०६ | म-१-ब-४६९ | २७००। |
| २ | २५९-२०७९।०८।१४ | से-१-ग-९४ | ३०००। |
| ३ | २५९-२०७९।०८।१४ | म-१-ब-४८९ | १२५०। |
| ४ | २५९-२०७९।०८।१४ | म-१-ग-४० | ३०००। |
| ५ | २५९-२०७९।०८।१४ | ०२-००१ब ०५९० | ११००। |
| ६ | ४९६-२०७९।१०।०९ | ०१-०११-प-२१४१ | २५००। |
| ७ | १२७४-२०८०।०२।३० | से-१-ब-१२५९ | ११००। |
| ८ | १२७४-२०८०।०२।३० | ०२-००१-प-०५७३ | ११००। |
| ९ | १२७४-२०८०।०२।३० | ०२-००१-प-०६२९ | ११००। |
| १० | १२७४-२०८०।०२।३० | म-१-ब-३९९ | ११००। |

| | | | |
|---|---|---|---|
| ११ | १२७४-२०८०।०२।३० | ०१-००१-ब-१६३० | ३४६०। |
| १२ | १२७४-२०८०।०२।३० | ०१-००१ग-०१५६ | ३०००। |
| **जम्मा** | | | २४,४१०। |

| | |
|---|---|
| अनियमित भएको | २४,४१० |

३४ **लागत अनुमान बिना मर्मत खर्च भुक्तानी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९६ अनुसार सार्वजनिक निकायमा रहेको कुनै मालसामान मर्मत गर्नुपर्ने भए सो को लिखित जानकारी सो निकायको प्रमुखलाई दिनुपर्ने र सो को जानकारी प्राप्त भएपछि यसै नियमावलीको १३ (५) अनुसार लागत अनुमान तयार गर्न लगाई खर्च लेख्नु पर्ने व्यवस्था छ। पालिकाले गाडी मर्मत गर्दा लागत अनुमान तयार नगरी निम्नाअनुसारको रकम भुक्तानी दिएको देखिन्छ। मर्मत खर्च लेख्दा लागत अनुमान तयार गरी खर्च लेख्नु पर्दछ।

| **क्र.स.** | **भौ.नं. र मिति** | **आपुर्तिकर्ताको नाम** | **गाडीनं.** | **भुक्तानी रकम रू.** |
|---|---|---|---|---|
| १ | ४३-२०७९।०६।०७ | वंगलामुखी अटो सर्भिस प्रा.लि. | से-१-झ-२४६ | ३०६५१२। |
| २ | २६६-२०७९।०८।१६ | आई.एम.ई. अटोमोटिभ्स प्रा.लि. | ०१-००१-ग-१५६ | १५१९९२। |
| ३ | ४६२-२०७९।०९।२६ | शिबम अटो हिल्स | म-१-च-५३४ | ११४५५६। |
| ४ | ९८१-२०८०।०१।१२ | आई.एम.ई. अटोमोटिभ्स प्रा.लि. | सु.प.प्रदेश ०१ ००१ ग १५६ | १०४७२०। |
| **जम्मा** | | | | **६,७७,७८०।** |

३५ **टायर खरिद (पालिका चालु)** (२९४-२०७९-८-२५)- सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा १ लाख रूपैयाँ भन्दा बढीको खरिद कार्य गर्दा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। साथै, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(४) मा सार्वजनिक निकायले एक लाख रूपैयाँ भन्दा बढी रकमको सोझै खरिद गर्दा मौजुदा सूचीमा रहेका कम्तिमा तीनवटा आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवाप्रदायकबाट लिखितरूपमा दरभाउपत्र वा प्रस्ताव माग गरी खरिद गर्नुपर्ने व्यवस्था छ।पालिकाले औजार मर्मत सम्भार तथा सञ्चालन खर्च शिर्षकवाट महाकाली टायर हाउस लाई टायर खरिद वाफत रू.२,२२,४०७। भुक्तानी भएकोमा खरिद कार्य गर्दा लागत अनुमान तयार नभएको र ३ वटा आपूर्तिकर्ता वाट दरभाउपत्र पेश नभई खरिद कार्य भएको देखियो। यसरि भुक्तानी भएको रकम नियम सम्मत नदेखिएको रू.

| | |
|---|---|
| अनियमित भएको | २,२२,४०७ |

३६ **अपुग बिल (पालिका चालु)** (३०८-२०७९-८-२७)- अपुग बिल आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम ५ मा जिम्मेवार व्यक्तीले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। दक्षिण कालि आयल स्टोर लाई रू.५,९१,२५२। भुक्तानी भएकोमा रू.५,७६,८४९। को मात्र बिल पेश भएकोले अपुग रकम रू.१४,४०३। को बिल पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १४,४०३ |

३७ **मोबाइल तथा साइकल वितरण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ (६) अनुसार बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्यता समेत कायम गर्ने गरि खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले देहाय बमोजिम मोबाइल तथा साइकल वितरणको कार्यक्रम राखि मोबाइल र साइकल खरिद गरि वितरण गरेको छ । यसरी आवश्यकता के हुने यसको प्रभावकारीता के रहने, यसको उपलब्ध के हुने जस्ता विषय अनुमान नगरी सोझै सामाग्री खरिद गरि वितरण गर्ने कार्यमा नियन्त्रण गर्नु पर्दछ ।

| **क्र.सं.** | **भौ.नं. र मिति** | **विवरण** | **भुक्तानी रकम** |
|---|---|---|---|
| १ | ६५७-२०७९।११।०३ | वडा नं. ७ को महिला स्वयम सेविका लाई ७ थान साइकल खरिद गरि वितरण | ७८९३४। |
| २ | १२०३-२०८०।०२।२२ | वडा नं. ३ मा रहेका ८ जना स्वास्थ्य स्वयमसेविकालाई खरिद गरि वितरण | ९८६६८। |
| **जम्मा** | | | **१,७७,६०२।** |

३८ **सुचना प्रविधिको प्रयोग र व्याकअप प्लान** (८३२-२०७९-१२-१४)- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा नियमावली, २०७७ को व्यवस्था बमोजिम कार्यालयले सफ्टवेयर सञ्चालन गर्नको लागि सूचना प्रविधि विभागबाट पूर्व सहमति लिनु पर्ने तथा सोको व्याकअप प्लान बनाउने र लागु गर्नु पर्ने व्यवस्था छ ।पालिकाले कोड फ्युजन टेक्नोलोजिज प्रा.लि. वाट रू.४,७७,७७७। को कर्मचारि सुचना व्यबस्थापन व्यवस्थापन प्रणाली खरिद गरेकोमा विभागको पुर्व स्वकृति लिएको देखिएन। सूचना प्रविधि विभागबाट पुर्व स्विकृति लिने र डाटाको व्याकअपको पर्याप्त व्यवस्था कायम गर्न तर्फ कार्यालयको ध्यान जानु जरुरी छ ।

३९ **परामर्श सेवा खरिदको विवरण** - सार्वजनिक खरिद ऐन २०६३ को दफा ५ र सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२ ले परामर्श सेवाको लागत अनुमान तयार गर्ने आधारहरु तोकेको तथा नियम १४ ले अधिकार प्राप्त अधिकारीबाट लागत अनुमान स्विकृत गर्नुपर्ने व्यवस्था छ ।कार्यलायले आ.व.२०७९।८० मा परामर्श सेवा खरिद वापत निम्नानुसार रू.१,६४,३८,०१२। भुक्तानि गरेको पाईयो। जुन पालिकाको कुल आन्तरिक आय रू.४,७२,७४,११२.०८ को ३४.७७ प्रतिशत हो।

| क्र.सं. | कार्य विवरण | परामर्शदाताको नाम | स्कीकृत लागत रकम | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|---|---|
| १ | वडा नं. २ र ३ मा जग्गा धनी प्रमाण पुर्जा वितरण कार्यका लागी जग्गा नापजाँच र परामर्श सेवा खरिद | जियो ईन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.ली. | १९८६९९२ | १९८६९९२ | | नाप जाच भई Verification को प्रक्रियामा रहेको |
| २ | वडा नं. ८ र ९ मा जग्गा धनी प्रमाण पुर्जा वितरण कार्यका लागी जग्गा नाप जाँच र परामर्श सेवा खर्च | स्मार्ट डिजाईन कन्सल्ट प्रा.ली. | १९८६९९२ | १९८६९९२ | | नाप जाच भई Verification को प्रक्रियामा रहेको |
| ३ | भु-उपयोग क्षेत्र बर्गीकरण | जियो ईन्फो सोलुसन एण्ड रिसर्च सर्भिस प्रा.ली. | १२५०००० | १२५०००० | | राजपत्रमा प्रकाशित भई कार्यान्वयन भैइरहेको |
| ४ | वडा नं. ६ को ऐश्वर्य सा.ब. क्षेत्रमा पर्ने मोहना नदीमा आर्यघाट निर्माणका लागि सम्भाब्यता अध्ययन | गुडविल ईन्जिनियरिङ्ग सोलुसन प्रा.ली. | ५००००० | ४९७२०० | २६८९७७८९.९० | |
| ५ | सिस्ने सिमसार पर्यटकीय क्षेत्र सम्भाब्यता अध्ययन | के.एस. ईन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.ली. | १०००००० | ९९५५३० | ९४९३०७९६ | IEE को प्रक्रियामा रहेको |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | वडा नं. ४ खल्ला ढायामा सार्वजनिक जग्गामा उद्यानका लागी सम्भाब्यता अध्ययन | यू.डि.के. ईञ्जिनियरिङ्ग कन्सल्टेन्सी | ७०००० ० | ६९४९५० | ९७६७२ २६२ | |
| ७ | आई सि टि मा आधारित शिक्षण सिकाई कृयाकलाप सञ्चालनका लागी पुर्वाधारको बिकास परियोजना | हेडलाइट प्रा.ली. | ४९५६८ ३ | ४७७९९० | ९८८७० ००० | राष्ट्रिय योजना आयोग बाट आ.ब. २०८०।०८१ का लागि रू.५०,००,०००। विनियोजित, सामुदायिक बिद्यालय संग बिवरण माग भई सो अनुसार ठेक्का |
| ८ | नगरपालिका बहुउद्देश्यिय भवन सम्भाब्यता अध्ययन र डि पि आर | ईभर सेफ ईञ्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.ली. | १०००० ०० | ९८०२७५ | ११९४३ ७१४१ | संघीय सरकार संग रकम माग भएको र यस पालिका बाट आ.व. २०८०।०८१ का लागि रू.२०,००,०००। बिनियोजन गरेको |
| ९ | कृष्णपुर नगरपालिका वडा नं. ५ सरकारी बोरिङ्ग कृषि सडक दक्षीण हुदै वडा नं. ६ र ७ का बाटाहरू सम्भाब्यता अध्ययन | उग्रतारा ईञ्जिनियरिङ्ग एण्ड कन्सल्टेन्ट प्रा.ली. | ७०००० ० | ७००००० | ३१५९७ ९४०३ | आ.ब. २०८१।०८२ का लागि राष्ट्रिय योजना आयोग बाट प्रदान हुने समपुरक अनुदानका लागि बजेट माग भएको |
| १० | शान्तिपुर र मजगाई जोड्ने बाटोमा पुल निर्माणका लागी सम्भाब्यता अध्ययन र डि पि आर | दृष्टि आर्किटेक्ट एण्ड ईन्जिनियर्स प्रा.ली. | ९९०३१ १ | ९८६४९० | ७२६८८ ९६०३ | IDO महेन्द्रनगरबाट ठेक्का आह्वान भएको |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ११ | गौरा देबी सा.वनको नजिक घलघले नालामा पुल निर्माणका लागी डि पि आर | जे.बि. कन्सल्टेन्ट प्रा.ली. | ९९०३१ १ | ९८७०५५ | ९१८०२ ०२७ | IDO महेन्द्रनगरबाट ठेक्का आहवानको प्रक्रियामा रहेको |
| १२ | सानागाँउ नजिक मोहना नदीमा झोलुंगे पुल सम्भाब्यता अध्ययन | श्री टोटल सोलुसन ईञ्जिनियरिङ्ग हब प्रा.ली. | ५९४१५ ४ | ५८५३४० | ४०४५७ ५१२ | बजेट मागका लागि PTAP संग समन्वय भैरहेको |
| १३ | भवन संहीता निर्माण | आवरण आर्किटेक्चर एण्ड ईन्जिनियरिङ्ग कन्सल्टेन्सी | ४९९८२ ३ | ४९७७६५ | | सोहि अनुसार घर नक्सा पास भैरहेको |
| १४ | वडा नं. ४ को बाटोहरूको डि पि आर | श्री पुर्वाधार ईञ्जिनियरिङ्ग सोलुसन प्रा.ली. | ३९५०९ ३ | ३४१५०० | १८७४० ८८५० | आ.ब. २०८१।८२ का लागि राष्ट्रिय योजना आयोग बाट प्रदान हुने समपुरक अनुदानका लागि बजेट माग भएको |
| १५ | संगठन तथा ब्यवस्थापन सर्भेक्षण | रिसर्च सेन्टर फर बेगर गभर्नेन्स प्रा.ली. | ४९५३२ १ | ४९५३२१ | | |
| १६ | Periodic Plan आवधिक योजना | ग्रामीण बिकास सेवा केन्द्र | ९९६७० ६ | ९८७६२० | | |
| जम्मा | | | | १,४४,५१,०२ ० | | |

डी.पी.आर.तयार गर्दा पालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा पालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ ।साथै, पालिकाले परामर्श सेवा खरिद गर्दा प्याकेजहरु बनाएर प्रतिस्पर्धाको माध्यमबाट खरिद गर्ने र यसरी अध्ययन प्रतिवेदनबाट तयार भएका आयोजनाहरु कार्यान्वयनमा लैजानुपर्ने देखिन्छ।उक्त परिमाणको परामर्शको कार्य गराउदा रु २० लाख भन्दा बढी लागतका प्याकेज बनाई

प्रतिस्पर्धाको लाभ प्राप्त गर्न सकिनेमा यस क्षेत्रका अन्य पालिकाले नगरेको र जग्गा धनी प्रमाण पूर्जा वितरण यस पालिकाको कार्य क्षेत्रमा पर्ने आधार बेगर तथा लागत अनुमान तयार गर्ने स्पष्ट आधार बेगर रु१९ लाख ८६ हजार का दुई प्याकेजका कुल रू. ३९ लाख ७३ हजारको लागत अनुमान तयारी गरी सोही रकम भुक्तानी दिएर काम सम्पन्न भएको जनाएको छ । एकै प्रकृतिको कामलाई एउटै प्याकेज तयार गर्दा रू.२० लाखभन्दा बढीको लागत अनुमान भएको अवस्थामा कानुन बमोजिम सार्वजनिक सूचना प्रकाशन गरी प्रतिस्पर्धाको लाभ प्राप्त गर्न सकिने व्यहोरालाई ध्यान नदिई प्रतिस्पर्धा बेगर खरिद गरेको कार्य नियम सम्मत नदेखिएको रू.

***(प्रारम्भिक प्रतिवेदन उपर पाम्स दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२२ को निर्णयबाट चीतवन ईन्जिनियरिङ्ग सोलुसन प्रा.ली. को रु.१९,८६,९९२ सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| अनियमित भएको | ३९,७३,९८४ |

४० **खाजा खर्च (पालिका चालु)** (४९५-२०७९-१०-९) - नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७४/१/२१ को निर्णयानुसार दरवन्दि भित्रका करार कर्मचारीहरुलाई दिने सुविधा सम्बन्धि मिति २०७४/१/२५ को पत्राचारमा करार कर्मचारीहरुको सुविधामा स्थानिय भत्ता र महङ्गि भत्ता लगायतका अन्य भत्ता नपर्ने भएको हुँदा करार कर्मचारीहरुलाई खाजा खर्च उपलब्ध गराउन नहुने देखिन्छ । यस पालिकाले राष्ट्रिय भुमि आयोग सेवा केन्द्रमा कार्यरत फिल्ड कर्मचारी १० जना लाई कार्तिक देखि पुष महिना सम्म रू.४,०००। को दरले ३ महिनामा १० जनालाई रू.१,२०,०००। खाजा खर्च वाफत रकम भुक्तानी गरेको छ। मन्त्रिपरिषदको निर्णय विपरित करार कर्मचारीहरुलाई भुक्तानी भएको खाजा खर्च र परिवहन खर्च मनासिब देखिएन रू.

| | |
|---|---|
| अनियमित भएको | १,२०,००० |

४१ **धरौटीतर्फ -** सार्बजनिक खरिद नियमावली ,२०६४ को नियम १२४ मा निर्माण कार्यको त्रुटी सच्याए पछि वा त्रुटी सच्याउने अबधि सकिए पछि र सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा कर बिबरण पेश गरेको प्रमाण कागजात पेश गरे पछि धरौटी फिर्ता दिने उल्लेख छ ।यसै सम्बन्धमा आन्तरिक राजश्व बिभागको परिपत्र अनुसार कट्टा गरिएको धरौटी रकम फिर्ता दिँदा मूल्य अभिबृद्धि कर समायोजन पत्र धरौटी फितां माग गर्ने करदाताले रकम भुक्तानीको लागि जारी गरेको बिजक बमोजिमको कारोबार आफ्नो बिक्री खातामा प्रबिष्ट गरेको र सो अनुसार मूल्य अभिबृद्धि कर बिबरण पेश गरेको भनि प्रमाणित गर्ने पत्र तथा कर चुक्ता प्रमाणपत्र करदाताबाट पेश भइ सके पछि मात्र धरौटी बापतको रकमको फिर्ता दिने व्यबस्था गर्न परिपत्र गरेकोमा यस कार्यालयले निर्माण कार्यको भुक्तानी दिँदा कट्टा गरेको धरौटी फिर्ता दिँदा मूल्य अभिबृद्धि कर समायोजन र कर चुक्ता प्रमाणमात्र पेश नगरेको आधारमा धरौटी फिर्ता दिएको देखिन्छ। नियम तथा परिपत्रले तोकेको प्रकृया पुगेको प्रमाण बेगर रू.२,३२,३४८। धरौटी फिर्ता दिने कार्य मनासिब देखिएन । तोकिए अनुसार प्रमाण पेश हुनुपर्ने रू.

| क्र.सं. | गो.भौ.न./मिति | धरौटी फिर्ता पाउने | कैफियत | धरौटी फिर्ता रकम रु. |
|---|---|---|---|---|
| १ | ५-२०७९।०६।०८ | माता गौरी निर्माण सेवा | मु.अ.कर समायोजन पत्र नभएको। | ८०२५०। |

| | | | | |
|---|---|---|---|---|
| २ | १२-२०७९।१०।२९ | सेती ह्युम पाइप तथा विद्युत्त पोल उद्योग | मु.अ.कर समायोजन पत्र नभएको। | ७२४७१। |
| ३ | १६-२०८०।०१।०५ | ब्राइटसन् कम्पनि प्रा.लि. | मु.अ.कर समायोजन पत्र नभएको। | ७९६२७। |
| **जम्मा** | | | | २,३२,३४८। |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,३२,३४८ |

४२ **विपद व्यवस्थापन तर्फ**

४२.१ **समिति गठन**- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थपन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐनमा तोकिएबमोजिमको समिति गठन गरे पनि आ.व.२०७९।८० मा कुनै वैठक वस्न सकेन। ऐनमा तोकिएबमोजिम समिति गठन गरे पछि समय समयमा वैठक बसि समितिलाई तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ ।

४२.२ **कार्य योजना** - विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७ (२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ अनुसार स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद कार्यकारी र प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वियन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे र नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने र गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु र गराउनु पर्दछ ।

४२.३ **विपद व्यवस्थापन कोष** – विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिएबमोजिम हुने व्यवस्था छ । पालिकाले गत वर्षको मौज्दात रू.३६,०२,७८५। र यो वर्ष थप रू.३०,००,०००। समेत रू.६६,०२,७८५। आम्दानी भई रू.३०,४७,८३६। खर्च गरी बाँकी रू.३५,५४,९४९। देखिन्छ । पालिकाले नियममा तोकिएबमोजिम नियम बनाएको छैन । ऐन तथा नियममा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

४२.४ **वार्षिक प्रतिवेदन-** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनु पर्दछ ।

---

४३ **कोभिड आय व्यय** - कोषमा गत वर्षको मौज्दात रू.५४,८७,३७५। मध्ये २४,७२,५७०।४० खर्च भई रू.३०,१४,८०४।६० बाँकी मौज्दात रहेको छ। उक्त कोषको रकम कोरोना अस्पतालमा कार्यरत ४ जना कर्मचारिलाई पारिश्रमिक भुक्तानीमा खर्च भएको विवरण प्राप्त भएको छ।

---

४४ **नगर शिक्षक** - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ। साविकको जिल्ला शिक्षा कार्यालयवाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७९ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ। पालिकाले निजि शिक्षक नियुक्त गरि विभिन्न विद्यालयलाई दरबन्दी बेगर रू.१,०७,२५,६६४। रकम विद्यालयको खातामा पठाएको छ। कार्यभार यकिन गरी आवश्यक पर्ने शिक्षक दरबन्दी निर्धारण समेतको आधारमा उचित छनौट प्रकृयाबाट छनौट भई अध्यापन गराइरहेका शिक्षकको पारिश्रमिक मात्र राजश्व बाडँफाडबाट खर्च गर्न सकिने प्रावधान रहेकोले यस तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ।

| **क्र.सं.** | **भौ.नं. र मिति** | **भुक्तानी रकम** | **स्रोत** | **कैफियत** |
|---|---|---|---|---|
| १ | ३-२०७९।०६।०८ | २३५४०००। | आन्तरिक श्रोत | २२ विद्यालय,५७ जना नगर शिक्षक |
| २ | १२-२०७९।०९।२५ | २६३८४३३। | आन्तरिक श्रोत | |
| ३ | २९-२०७९।१२।१६ | २७२५१००। | आन्तरिकश्रोत | |
| ४ | ५३-२०८०।०३।१० | ३००८१३१। | आन्तरिक श्रोत | |
| **जम्मा** | | **१,०७,२५,६६४।** | | |

---

४५ **स्वास्थ्य तर्फको तलबी प्रतिवेदन पारित नभएको** - स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा पालिकाले आ.व. २०७९।८० को तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य सेवा तर्फका २७ जना स्वास्थ्य कर्मचारीहरुको तलबी प्रतिवेदन पारित नगरी रु. १,५५,५९,७३७ खर्च लेखेको पाईयो । तलबी प्रतिवेदन पारित नहुँदा ग्रेड समेत एकिन हुन सकिएन । अतः तलबी प्रतिवेदन पारित गरेर मात्र तलब भुक्तानी गर्नुपर्दछ ।

---

४६ **सेनिटरी प्याड** - सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा दफा ६ मा सेनिटरी प्याड वितरणका लागि विद्यालयमा नर्स उपलब्ध नभएको अवस्थामा महिला शिक्षक वा प्रारम्भिक बाल विकास महिला सहजकर्ता वा महिला कार्यालय सहयोगी वा स्वास्थ्य, जनसंख्या र वातावरण विषय अध्यापन गर्ने शिक्षकलाई सम्पर्क व्यक्ति तोकी सेनिटरी प्याड भण्डारण र वितरण गर्ने कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था छ । सोही कार्यविधिको २०(६) सेनिटरी प्याड वितरण कार्यक्रम व्यवस्थित रुपमा सञ्चालन गर्ने सन्दर्भमा स्थानीय तहले विद्यालयको शैक्षिक व्यवस्थापन सूचना प्रणालीको तथ्याङ्कसँग सत्यापन गरी सेनिटरी प्याड आवश्यक पर्ने छात्राहरुको संख्याको आधारमा कार्यविधि बमोजिम हुने गरी विद्यालयहरुको खातामा रकम निकासा गर्न सक्ने व्यवस्था छ । साथै दफा २१ मा कार्यक्रम कार्यान्वयनको प्रगति विवरण तोकिएको ढाँचामा चौमासिक रुपमा विद्यालयले स्थानीय तहमा र स्थानीय तहले प्रदेश सामाजिक विकास मन्त्रालय र मन्त्रालयमा पठाउनु पर्ने व्यवस्था छ । पालिकाले आ.व. २०७९।८० मा २४ वटा विद्यालयहरुको खातामा सेनिटरी प्याड व्यवस्थापनको लागि रु. १७,८४,८८७।- निकासा गरेको छ । यसरी विद्यालयहरुलाई निकासा गरिएको रकम विद्यालयहरुले कार्यविधिको अनुसूची-१ मा उल्लेख गरिए बमोजिमको गुणस्तरको सेनिटरी प्याड प्रचलित कानून बमोजिम खरिद गरे नगरेको, कार्यविधि बमोजिम सम्पर्क व्यक्ति तोकी सेनिटरी प्याड भण्डारण र वितरणको जिम्मा दिए नदिएको, विद्यालयहरुले छात्राहरुको नाम नामेसी स्पष्ट खुल्ने गरी अभिलेख अद्यावधिक गरे नगरेको सन्दर्भमा पालिकाले अनुगमन तथा प्रतिवेदन गरेको देखिएन । नेपाल सरकारबाट सःशर्त अनुदानको रुपमा वित्तीय हस्तान्तरणमार्फत प्राप्त भएको रकम सेनिटरी प्याड खरिद बाहेक अन्य कार्यमा खर्च नभएको साथै विद्यालयहरुमा सेनिटरी प्याडहरुको भण्डारण, वितरण र प्रयोगको सम्बन्धमा आवश्यक अनुगमन गरी सेनिटरी प्याड व्यवस्थापनार्थ निकासा गरिएको रकम सदुपयोगको सुनिश्चिता गर्नुपर्दछ ।

४७ **न्यानो झोला कार्यक्रम** - स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७९।८० मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका २ वटा बर्थिङ सेन्टरमा गत वर्ष ५०० थानको प्रतिथान रु.८९५- (कर सहित) दरले र यस वर्ष १००० थान को प्रतिथानको रु. ८९९.९९।-(कर सहित) दरले खरिद गरेकोमा गत वर्ष ४६३ जना र यस वर्ष ५०३ जना गरी ९६६ मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ । पालिकाको भण्डारमा खरिद गरिएका ५३४ थान न्यानो झोला मौज्दातमा रहेका छन् । खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

४८ **लघु उद्यम कार्यक्रम सञ्चालन** - उद्योग,वाणिज्य तथा आपूर्ति मन्त्रालयद्वारा जारी गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका,२०७७ को दफा ५८ मा मन्त्रालय तथा स्थानीय तहले उपयुक्त सूचकहरु निर्धारण गरी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने व्यवस्था रहेको छ ।कार्यायले आ.व. २०७९।८० मा सामाजिक परिचालन र उद्यम विकास तालिम ९० जनालाई प्रदान गरी रु. २,६३,३८०।-, सीप विकास तालिम अन्तर्गत चुरापोते तालिम, डल बनाउने तालिम, मेकअप सम्बन्धी तालिम, जीप कार ड्राइभिङ्ग तालिम लगायतका तालिम ६७ जनालाई प्रदान गरी रु. ९,३३,९९३।-, बजारीकरणमा सहयोगतर्फ र लघु कर्जामा पहुँचतर्फ रु.

१,२९,६००।-, एडभान्स तथा स्तरोन्नति तालिम अन्तगर्त १५ जनालाई सिलाईकटाई तालिम प्रदान गरी रु. २,०५,३६०।-, र छोटो अवधीको चौधरी थारुहरुको लेहङ्गा चोलिया बनाउने, रानाथारुहरुको घघरिया अंगिया बनाउने तालिम ३१ जनालाई प्रदान गरी रु ४,०२,०००।— गरी जम्मा रु. १६,७०,९५३।- खर्च गरेको पाईयो ।यसरी प्रदान गरिएका उद्यमशीलता तालिम तथा हस्तान्तरित प्रविधिको पहुँच पश्चात के कति व्यक्तिहरु लघु उद्यमी भई निजहरुको जीवनस्तरमा प्रत्यक्ष सुधार भए नभएकोलगायत लघु उद्यमको विकास र प्रवर्द्धनको माध्यमबाट गरिबी निवारणमा सहयोग पुगे नपुगेको सम्बन्धमा पालिकाले निर्देशिकाको व्यवस्था अनुसार उपयुक्त सूचकहरु निर्धारण गरी अनुगमन तथा मूल्याङ्कन सम्बन्धी कार्य नगरेकोले यसतर्फ ध्यान दिनुपर्दछ ।

४९ **कृषि औजार तथा बीउ बिजन वितरणमा अनुदान** - पालिकाले आ.व. २०७९।८० मा तरकारी बाली पकेट विकास कार्यक्रम, केरा पकेट विकास कार्यक्रम, खाद्यन्न बालीमा उन्नत बिउ उपयोगमा अनुदान, दलहन बाली पकेट विकास कार्यक्रम, गहुँबाली पकेट विकास कार्यक्रम लगायतका कृषि कार्यक्रममा पचास प्रतिशत अनुदान अन्तर्गत विभिन्न मितिमा रु.७,२०,०००।— को १२ थान पावर टिलर (22HP), रु. २,९७,५००।- को ७ थान मिनि टिलर (9hp), रु.३,४८,०००।- को २९ थान मोटर(2hp), रु.२,१०,०००।- को ६ थान पम्पसेट, रु. १,२३,०००।- को ५४ थान स्प्रे ट्यांकी, रु. २,८०,०००।— को १४००० वटा टिस्यूकल्चर केराको बिरुवा, रु. १०,३९,०००।— को २८,८४२ के.जी. उन्नत गहुँको बीउ, रु. ३,१५,६२०।— को ३००६ के.जी. मसुरोको बीउ, रु. ४७,६७०।— को ३६२ के.जी. मटरको बीउरु. ७३,५००।— को ७०० के.जी. चनाको बीउ, रु. २५,१८०।— को १९३ के.जी. मासको बीउ, रु. २,०५,०००।— को काक्रो, घिरौला, खुर्सानी जस्ता तरकारीको बीउ र रु.४,६२,४५०।- बराबरको मल, विषादी, भिटामीन, पोषक, जिंक, बिउबिजन कृषक समुह तथा फर्मलाई भुक्तानी गरेको पाईयो । स्थानीय तहले अनुदान वितरणका लागि कृषक समूह तथा फर्मको अद्यावधिक तथ्याङ्क, छनौटको मापदण्ड निर्धारण, लाभग्राहीको प्राथमिकिकरण तथा अनुदान वितरणको स्पष्ट अभिलेखाङ्कन गरेको देखिएन । वास्तविक तथा प्राथमिकता प्राप्त कृषक समूह तथा फर्म लगायत लाभग्राहीले अनुदान पाएको, एकै समूह तथा फर्मले पटक-पटक एकै प्रकारको अनुदान नपाएको र अनुदान वितरणमा पारदर्शिता कायम भएको सुनिश्चित हुन सकिएन । पालिकाले वितरण भएको अनुदानको सही सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा फलोअप गरी सोबाट प्राप्त उपलव्धी मापन गरेको देखिएन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी बनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीवनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

५० **प्रधानमन्त्री रोजगार कार्यक्रम** - स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ९ वडामा बाटो नाली सरसफाई, कुलो सरसफाई, बाटो मर्मत सुधार, नयाँ बाटो रेखाङ्कन, नयाँ झरन खन्ने लगायतका विभिन्न ९ वटा योजना सञ्चालन गरी यस वर्ष १५० जनालाई औसत ८८.२५ दिनले १३२३७ दिन रोजगारी उपलब्ध गराई रु. ७६,३७,७४९।- श्रमिक ज्याला खर्च गरेको छ । यस पालिकामा सञ्चालित योजनाहरु पूर्वाधार एवम् अन्य विकास निर्माण प्रकृतिका नभई अनुत्पादनमुलक कार्य गराउने गरी छनौट गरेको देखिन्छ । योजनाहरुको अनुगमन तथा मुल्यांकन प्रणाली, प्रतिवेदन गर्ने कार्यपनि प्रभावकारी रुपमा सम्पन्न गरिएको देखिएन

। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सिर्जना भए तापनि कामको दिगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

---

५१ **स्विकृत दरबन्दी भन्दा बढी स्वास्थ्य कर्मचारी** - स्वास्थ्य सेवा ऐन, २०५३ को अनुसूची-२.१ अनुसार तराईको स्वास्थ्य चौकीमा २ जना छैठौं तहका(हे.इ.कन.), २ जना पाँचौं तहका (हे.इ.) र २ जना चौथो तहका (हे.इ.कन.) गरी ६ जनाको दरबन्दी हुने र आवश्यकता अनुसार ल्याब असिस्टेन्ट र कार्यालय सहयोगी करारमा राख्न पाउने व्यवस्था छ । पालिकाले देहायका १० जना दरबन्दी भन्दा बढी स्वास्थ्यकर्मी राखी तलब भत्ता भूक्तानी गरेको छ ।

| क्र.सं. | पद | तह | दरबन्दी भन्दा बढी रहेको संख्या |
|---|---|---|---|
| १ | जनस्वास्थ्य निरीक्षक | छैटौं | ४ |
| २ | सि.अ.न.मि.नि. | छैटौं | २ |
| ३ | सि.अ.न.मि. | पाँचौ | १ |
| ४ | अ.न.मि. | पाँचौ | १ |
| ५ | हे.अ. | पाँचौं | १ |
| ६ | अ.न.मि. | चौथो | १ |
| जम्मा | | | १० |

पालिकाले उल्लिखित दरबन्दी भन्दा बढी कर्मचारीलाई सरुवा सहमति दिई हाजिर गराएको पाइयो । जसले गर्दा तलब भत्ता भुक्तानीमा कठिन भएको, पटक-पटक स्वास्थ्य मन्त्रालयमा थप रकम निकासाको लागि पठाएको जानकारी हुन आयो । दरबन्दी भन्दा बढी कर्मचारी रहँदा कर्मचारी जिम्मेवार बिहीन भई पालिका र अन्तर्गतका स्वास्थ्य संस्थामा बसेको पाइयो । हिमाली पहाडी तथा दुर्गम क्षेत्रमा स्वास्थ्यकर्मीहरुको दरबन्दी अनुसार पदपूर्ति नहुँदा सामान्य स्वास्थ्य उपचार सेवा उपलब्ध गराउन कठिन भएको अवस्थामा जिम्मेवार बिहीन रहने गरी दरबन्दी भन्दा बढी स्वास्थ्यकर्मी हाजिर गराउनु उचित देखिदैन । दरबन्दी भन्दा बढी कुनै काम नै नहुने गरी सहमति दिनेलाई अब उप्रान्त यस्तो सहमति नदिने सुनिश्चितता सहित सहमति दिइ सकेको सम्बन्धमा जिम्मेवार बनाउने साथै स्वास्थ्यकर्मी आवश्यक भएमा ओ एण्ड एम गरी सोही अनुसार प्रक्रिया पुरा गरी पदपूर्ति गर्ने तथा दरबन्दी भन्दा बढी कार्यरत कर्मचारीहरुलाई अन्यत्र पठाउने व्यवस्था हुनुपर्दछ ।

---

५२ **औषधी खरिद तथा भण्डारण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा २५ लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने तर सो भन्दा वढी मुल्यको खरिद गर्दा प्रतिस्पर्धाको माध्यमवाट खरिद

गर्नुपर्ने उल्लेख छ । साथै पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नुपर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र निःशुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १८ महिना बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । पालिकाले यस आर्थिक वर्ष सशर्त चालूबाट रु.१९,१०,०००। र पालिकाबाट रु.४९,७६,३७४। गरी जम्मा रु.६८,८६,३७४।— बराबरको विभिन्न औषधि तथा औषधीजन्य स्वास्थ्य सामानहरु ४ पटक ठेक्काको माध्यमबाट खरिद गरे पनि केही सोझै खरिद गरेको छ ।

साथै, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११(१) (ङ) अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरीक्षण र परीक्षण गर्नुपर्ने व्यवस्था छ। कार्यालयले यस वर्ष रू.६८,८६,३७४। बराबरको औषधि खरिद गरेको पाईयो। वार्षिक रूपमा खरिद गर्ने औषधी तथा औषधीजन्य सामाग्रीको गुणस्तर सुनिश्चितता गर्न आधिकारिक प्रयोगशाला परीक्षण गर्ने/ गराउने तथा सो बमोजिम उक्त औषधी तथा सामाग्रीहरूको निरीक्षण गराएको पाइएन। अतः नियमावली तथा सम्झौतामा उल्लेख भए अनुसार गुण्स्तर पक्षको सुनिश्चितता गर्न परीक्षण गर्नुपर्दछ।

५३ **स्वास्थ्य कार्यक्रम सञ्चालन** - स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको आर्थिक वर्ष २०७९।८० मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट कार्यान्वयन गरिने स्वास्थ्य तथा जनसंख्या सम्बन्धी कार्यक्रमहरुका लागि सञ्चालन मार्गदर्शनले उपचारात्मक सेवा, नर्सिङ्ग तथा सामाजिक सुरक्षा व्यवस्थापन, क्षयरोग नियन्त्रण, स्वास्थ्य शिक्षा, सूचना तथा संचार, परिवार कल्याण, इपिडिमिलोजी तथा रोग नियन्त्रण लगायतका आधारभुत स्वास्थ्य सम्बन्धि विविध कार्यक्रमहरु पालिकाबाट सञ्चालन हुने व्यवस्था गरेको छ। यस्ता कार्यक्रमहरु यस कार्यविधिले तोकेका शर्तहरुमा रही कार्यान्वयन गर्नु पर्ने हुन्छ। यसरी कार्यान्वयन गर्दा कार्यक्रमको नियमित अनुगमन गरी प्रतिवेदन पनि अनिवार्य रहन्छ। एक कार्यक्रम भित्र बिभिन्न कृयाकलापहरु रहन्छन्। ती अन्तरसम्बन्धित रहन्छन् र सबै क्रियाकलापहरु सम्पन्न भएपछिमात्र उक्त कार्यक्रमले सार्थकता पाउछ। पालिकाले एक क्रियाकलाप गरी अन्य क्रियाकलापहरुलाई निरन्तरता नदिई बीचैमा छोड्ने, एक क्रियाकलापमा बढी खर्च गरी अन्य क्रियाकलापहरुको लागि बजेट अपुग गराई कार्यक्रम अधुरै राख्ने, कार्यविधिले नभनेका अनावश्यक कार्यहरुमा समेत खर्च गर्ने लगायतका कमजोरीहरु गरेको देखिन्छ । त्यस्तै, मार्गदर्शनले निर्देशित गरेबमोजिम अनुगमन, मुल्यांकन तथा नियमित प्रतिवेदन भएको पनि देखिदैंन। यस्ता प्रवृत्तीले समग्र स्वास्थ्य तथा जनसंख्या सम्बन्धी कार्यक्रमहरुनै कमोजर हुने र अपेक्षित लाभ प्राप्त हुन नसक्ने जोखिम रहन्छ। अतः पालिकाले स्वास्थ्य कार्यक्रमहरुको प्रभावकारीताको लागि हरेक कार्यक्रमहरुको ब्रेकडाउन गरी सोहि अनुरुप कार्यक्रम कार्यन्वयनलाई अनिवार्यता गर्ने, कार्यक्रमका सवै क्रियाकलापहरु सम्पन्न गर्ने तथा कार्यविधिले भने बमोजिम अनुगमन गरी प्रतिवेदन गर्ने प्रणालीको विकास गर्नु पर्ने देखिन्छ।

५४ **ठेक्का व्यवस्थापन** - कार्यालयले दिएको विवरण अनुसार पालिकामा आ.व. २०७७।७८ को ६ वटा ठेक्का, २०७८।७९ को १२ वटा ठेक्का गरि १८ ठेक्का सम्पन्न गर्न बाँकी रहेकोमा आ.व. २०७९।८० मा ३ वटा नयाँ ठेक्काको सम्झौता भई कार्यान्वयनको चरणमा रहेका छन्।

५५ **म्याद थप सम्बन्धी** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० बमोजिम निर्माण कार्यको म्याद थपको लागि सम्झौंताको समयावधि समाप्त हुनुभन्दा २१ दिन अगावै निर्माण व्यवसायीले म्याद थपको निवेदन

दिनुपर्ने र कार्यालयले कार्यतालिका बमोजिम कार्यप्रगति र बाँकी कामको विश्लेषण गरी आवश्यकता र औचित्यता समेतको आधारमा ठेक्काको म्याद थप गर्नु पर्ने व्यवस्था रहेको छ ।पालिकाले निर्माण कार्यको सम्झौताहरुको कार्यतालिका अनिवार्य गरेको छैन भने निर्माण व्यवसयीले समेत म्याद समाप्त हुनुभन्दा २१ दिन अगावै म्याद थपको लागि निवेदन दिएको पाइएन ।एउटा सैद्धान्तिक निर्णयले धेरै ठेक्काहरुको म्याद थपेको देखियो । यसले गर्दा सार्वजनिक खरिद व्यवस्थापन कार्य प्रभावकारी हुन सक्दैन । यसतर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

## ५६ उपभोक्ता समितिको काम

५६.१ **उपभोक्ताको काम–** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा मितव्ययीता, गुणस्तरियता वा दिगोपना अभिवृदी हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा उपभोक्ता समिति वा लाभग्राही समूहबाट त्यस्तो कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ । साथै नियमावलीको नियम ९७(१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउदा श्रममुलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरियता, दिगोपना अभिवृद्धि गर्ने तरिका आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनु पर्ने कार्यविधी सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उल्लेख छ । यस कार्यालयले बाटो निर्माण, भवन निर्माण, कल्भर्ट निर्माण र नाला निर्माण जस्ता कार्य उपभोक्ता समिति मार्फत गराई उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको लोडर, रोलर जस्ता हेभि मेशिनहरू प्रयोग गरेको विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ । उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रम मुलक, मितव्ययी, गुणस्तरिय र दिगोपना अभिवृद्धि हुने खालको नदेखिएको र परियोजनाको मुख्य उद्देश्य रोजगारी सृजना गर्ने नभएकोले उपभोक्ता मार्फत निर्माण कार्य गराएको रू १२,००,३८,७१५ ।१६ मनासिव मान्न सकिएन । सार्वजनिक खरिद अनुगमन कार्यालयले समेत उपभोक्ता समितिबाट गराउन सक्ने कामको कार्यविधि तयार गरेको पाईएन । सार्वजनिक खरिद नियमावलीमा भएको खरिद सम्बन्धी प्रकृयाको अवलम्वन गर्दै प्रतिस्पर्धात्मक र गुणस्तरिय निर्माण कार्य सम्पन्न गर्ने तर्फ कार्यालयको ध्यान जान जरूरी देखिएको छ । केही उदाहरण निम्न छन ।

| सि न | उपभोक्ता समितिको नाम | कामको नाम | रकम |
|---|---|---|---|
| १ | कृष्णपुर न पा ट ओकेबाट दक्षीण नाला नि. उ. स. | नाला निर्माण | २४७१३८२ |
| २ | कालपत्रे वाणी बजार हुदै नयन वस्ति सडक नि. उ. स. | सडक निर्माण | ९५६५०० |
| ३ | वडा न २ वाणी मुक्त कमैया वस्तीबाट सल्ला गोठ जानेबाटो स्ल्याव उ. स. | स्ल्याब निर्माण | ४९८९५०० |
| ४ | वडा न १ शिवराज पन्तको घरदेखि बजिर महत्तोको घरसम्म बाटो मर्मत उ. स. | बाटो निर्माण | ९९६६४९ |
| ५ | निगानी भिन्डी बजारदेखि हुनमानटोल सम्म सडक नि . उ. स. | सडक निर्माण | ९९५२८९ |

| | | | |
|---|---|---|---|
| ६ | वनरा नदीमा तटबन्धन नि. उ. स. | तटवन्धन निर्माण | ९९६००० |
| ७ | मुक्त कमैया वस्ती मछली तटबन्धन निर्माण उ. स. | तटवन्धन निर्माण | ९९४६०० |
| ८ | वनदेबि आ बि भवन निर्माण | भवन निरमाण | २७१८६३४ |
| ९ | बैजनाथ आ बि भवन निर्माण | भवन निर्माइ | २८३८६३८ |
| १० | वडा न १ राधाकृष्ण मन्दिरमा गौरा घर नि. उ. स. | भवन निर्माण | ७९६७०४ |
| ११ | मुक्त कमैया शिविर वालकल्याण हुदै खल्ला बाटो नि. उ. स. | बाटो निर्माण | ९८३५०० |
| १२ | रानाथारू संग्रालय भवन निर्माण उ. स .वडा न ७ | भवन निर्माण | १४९४४४६ |
| १३ | ग्वासी समैजि धार्मिक पर्यटकीय धाम प्रवद्रन नि. उ. स. | धार्मिक प्रवद्रन | १७४८६३७ |
| १४ | सिदेश्वरी आ बि भवन निर्माण उ. स. | भवन निर्माण | ८००००० |
| १५ | राजघाट झोलङ्गे पुल निर्माण उ. स. | पुल निर्माण | ४३४४२२४ |
| १६ | ईलाका प्रहरी कार्याल घेरवार नि. उ. स. | घेरवार निर्माण | १९९६००० |

५६.२ **गुणस्तर परीक्षण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ ।यस स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समितिले पेश गरेको ल्याब परिक्षणको विश्वसनियताको परिक्षण गरेको पाइएन। केही उदाहरण निम्न अनुसार छन् ।

| सि.नं | निर्माण कामको विवरण | पार्टीको नाम | भुक्तानी रकम |
|---|---|---|---|
| १ | राजघाट झोलङ्गे पुल निर्माण उ. स. | निर्माण उपभोक्ता समिति | ४३४४२२४ |
| २ | वडा न २ वाणी मुक्त कमैया वस्तीबाट सल्ला गोठ जानेबाटो स्ल्याव उ. स. | निर्माण उपभोक्ता समिति | ४९८९५०० |
| ३ | रानाथारू संग्रालय भवन निर्माण उ. स. | निर्माण उपभोक्ता समिति | १४९४४४६ |
| ४ | हयुमपाईप खरिद | हाम्रो टेड्रस | ९३९६४५ |
| ५ | गुलरीणा नाला निर्माण | शाह निर्माण सेवा | ९८२७८३ |
| ६ | मछेली नदी तटवन्धन निर्माण | प्रतिक्षा निर्माण सेवा | ९८२७१२ |

५६.३ **जनसहभागिताको अंशदान -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को १ (क) मा उपभोक्ता समितिबाट सञ्चालन गरिने निर्माण कार्यको लागत अनुमानमा जनसहभागिताको अंश समेतको रकम समावेश हुने ब्यवस्था छ । यस पालिका कार्यालयमा उपभोक्ता समितिबाट सचालन गरिने कार्यमा उपभोक्ता समिति वा लाभग्राही समुहको कति प्रतिशत अंश रहेनेछ भनी सभा वा पालिकाको आधिकारीक निर्णय गरेको प्रमाण देखिएन । उपभोक्ताद्वारा सचालित कार्य उपभोक्ता समितिसंग १५ प्रतिशत देखि २० प्रतिशतसम्म रकम राखी कार्य सम्पन्न गरेको देखिन्छ । यसरी पालिकाको आधिकारीक निर्णय बेगर अंशदानको प्रतिशत राख्ने कार्य नियमसंगत देखिएन । अतः पालिका कार्यालयले लाभग्राही समुदाय वा उपभोक्ता समितीको प्रतिशत एकिन गरी सभा वा पालिकाबाट निर्णय गराई उपभोक्ता समितिबाट कार्य गराउनेतर्फ ध्यान दिनु पर्दछ ।

---

५६.४ **अनुगमन नभएको -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६ (ख) ५ मा उप प्रमुख वा उपाध्यक्षले योजना तथा कायक्रमको अनुगमन सुपरिबेक्षण गरी सो को प्रतिबेदन बैठकमा पेश गर्ने र (ग) २ मा वडाबाट कार्यन्वयन हुने योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने गराउने सो को अनुगमन तथा आवधिक समिक्षा गर्ने गराउने ब्यवस्था छ । यस पालिकामा आर्थिक वर्ष २०७९।८० मा सञ्चालन भएका योजना तथा कार्यान्वयन भई सम्पन्न भएका योजनाको प्राबिधिक प्रतिबेदनका आधारमा खर्च भुक्तानी गरेकोमा सोको पालिका उप प्रमुख र सम्बन्धित वडा अध्यक्षले योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिबेक्षण गरेको प्रतिबेदन आंशिक पेश गरेको देखिन्छ भने पालिकाद्वारा संचालित योजनाहरु लक्ष्य अनुसार सम्पन्न भए भएन भनी पालिकाले आधिकारिक समिक्षा गरेको प्रतिबेदन छैन । अतः पालिकाद्वारा संचालित सबै योजना तथा कार्यक्रम लक्ष्य अनुसार नै सम्पन्न भएका छन भन्ने प्रष्ट आधार देखिएन । पालिकाद्धारा संचालित योजना तथा कार्यक्रमको स्थानिय सरकार सञ्चालन ऐन, २०७४ मा उल्लेख भएको ब्यवस्था बमोजिम अनुगमन तथा सुपरिबेक्षण गरी समिक्षा गरेको प्रतिबेदन अभिलेखगत रूपमा राख्नु पर्दछ ।

---

५६.५ **सार्वजनिक परीक्षण-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ ।

---

५६.६ **नापी किताव-** निर्माण सम्वन्धी कामको विवरण नापि कितावमा अभिलेखको रुपमा जनाई राख्नुपर्दछ । प्रयोग गरिने नापि कितावहरु नापी नियन्त्रण खातामा अभिलेख जनाई प्रयोग गर्दा माग फाराम भरी निकासा गराई प्रयोग गर्नुपर्नेमा कार्यालयवाट निर्माण कार्यको अभिलेख राख्ने प्रयोजनको लागि नापी कितावको रुपमा प्रयोग नगरी कम्प्यूटरमा राखी लुजसिटको रुपमा प्रयोग गरेको देखियो । उक्त लुज सिटहरु एकिकृत गरी बाइन्डिङ गरी राखेको समेत पाइएन । यसरी लुजसिटमा राख्दा निर्माण कार्यको अभिलेख एकिकृत रुपमा नराखेको कारण परिक्षण तथा मुल्याङ्कन गर्न कठिनाई पर्ने देखिन्छ । साथै लुजसिटमा राखेका विवरणहरु हराउने सम्भावना बढी हुने हुँदा निर्माण कार्यको अभिलेख नापी कितावको रुपमा राखि सोको नियन्त्रणका लागि नापी किताव नियन्त्रण खाता समेत प्रयोगमा ल्याउनुपर्ने देखिन्छ । यस पालिका कार्यालयद्वारा गत आ.वा.मा संचालित योजनाहरुको भुक्तानी यस बष कार्य सम्पन्न भएको आधारमा भुक्तानी दिएको देखिन्छ । लेखापरिक्षणको क्रममा गत आर्थिक

वर्षका नापी किताब भुक्तानी बिवरण लेखापरीक्षणको क्रममा पेश नभएकोले जोडजम्मा भिडान गर्न सकिएन । अत कार्यालयले क्रमागत योजनाहरुको नापी किताब एकिकृत गरी राख्नु पर्ने देखिन्छ ।

५६.७ **रोयल्टी रसिद पेश नभएको–** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(६) मा कामको प्राबिधिक मुल्याङकन बिल भरपाई खर्च प्रमाणीत गर्ने अन्य बिल भरपाई समितिबाट प्रमाणित गरी सार्वजनिक निकायमा पेश गर्नु पर्ने ब्यवस्था छ । यस पालिकाले गराएको कार्य मध्ये एउटामा रसिद प्रयोगको अवस्था निम्न छ।

| भौचर न | उपभोक्ता समिति | स्थानिय तह | रसिद न र ब्यहोरा | दर | रकम |
|---|---|---|---|---|---|
| ४६।२०७९।१०।११ | दोमिल्ला राधाकृष्ण मन्दिरदेखि मोहन सिह ऐरको घरसम्म बाटो ग्राबेल उ.स. | शुक्लापाट न.पा. | ७०१ बाट ५१३ घ मी | १२० | ६१५६०।०० |

अतः पालिका कार्यालयले सम्बन्धित उपभोक्ता समितिले पेश गरे बमोजिमको रोयल्टी रकम सम्बन्धित स्थानिय तहलाई गणपति कन्स्टक्शनले बुझाएको नगदी रसिद भए प्रमाण पेश गर्ने अन्यथा उक्त रोयल्टी रकम असुल गरी पालिका कोषमा दाखिला गर्नु पर्ने देखिएको रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६१,५६० |

५६.८ **म. अ. कर बिजक बेगर भुक्तानी-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ वमोजिम उपभोक्ता समितिले गरेको खर्चको बिल भरपाई कार्यालयलले जांच गरी प्रतिवेदन लिने व्यवस्था छ । यो वर्ष निम्न उपभोक्तको निर्माण कार्यमा निर्माण उपभोक्ता समितिलाई समान खरिदमा मुल्य अभिवृद्धि कर सहित रकम भुक्तानी दिने गरी लागत अनुमान तयार गरी सोही वमोजिम कार्य सम्पन्न भई भुक्तानी भएकोमा विल पेश नभएको तथा घटी मुल्यमा खरिद भएको समानको मु.अ. कर भुक्तानी भएको देखिन्छ । यसरी बिजक बेगर मु.अ.कर भुक्तानी दिएको रू.१,४९,०२२ ।०० नियमसंगत देखिएन । अतः कार्यालयले मुल्य अभिवृद्धि कर भुक्तानीको बिजक लिएको भए मु.अ.कर.समायोजन सहितको प्रमाण उपभोक्ताबाट पेश गर्न लगाउने अन्यथा उक्त मु.अ.कर असुल गरी सघीय संचित कोष दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने देखिएको रू.

| भौचर नं. | उपभोक्ता समितीको नाम | कामको बिवरण | भुक्तानी भएको | विल पेश भएको | बढी भुक्तानी | |
|---|---|---|---|---|---|---|
| ३७।२०८०।३।१९ | सिद्रनाथ वालज्योती आ. बि. वाणी | भवन निर्माण | ९२५७२ | ३०२५९ | ६२२०० | |
| ४४।२०८०।३।१९ | नवज्योती आ. वि. राजघाट | भवन निर्माण | ९२५७२ | ३५११४ | ५७४५८ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १८।२०८० ।३।१९ | सयपत्री आ. वि. | भवन निर्माण | ५६९७२ | २७५९५ | २९३७७ | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,४९,०२२ |

५६.९ **हाते बिल भरपाई-** आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायीत्व नियमावली २०७७ को नियम ३९ को १० मा जिम्मेवार ब्यक्तिले सरकारी रकमको खर्च गर्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन बिल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन जाच गर्नु पर्ने ब्यवस्था छ । यस कार्यालयबाट उपभोक्ता समितिदारा निमार्ण तथा खरिद कार्यको लागि बिभिन्न समानको बिल भरपाईको भुक्तानी दिदा प्राबिधिक मुल्याङकनलाई आधार नलिई उपभोक्ताले पेश गरेको बिल भरपाईको आधारमा भुक्तानी दिएको देखिन्छ। यसरी प्राबिधिकले मुल्याङकंन गरी पेश गरेको बिलको आधारमा उपभोक्ता समितिबाट बिल भरपाई नलिई प्रयोग हुने एउटा मात्र समानको बिल धेरै पेश गरेको आधारमा भुक्तानी भएको कारण कार्यालयद्धारा निर्माण भएका काम वास्तबिक हुन भन्न सकिने आधार देखिएन र साथै जसले गर्दा समान ढुवानी कति रकम बराबर भएको हो एकिन गरी ढुवानी कर समेत असुल गर्न सक्ने आधार देखिएन ।अतः कार्यालयले निर्माण कार्यमा प्रयोग भएका वास्तबिक बिल भरपाई मात्र भुक्तानी भौचरसंग राख्ने तर्फ ध्यान दिनु पर्दछ । यस्ता केही उदाहरण निम्म छन ।

| सि.न. | योजनाको नाम | समानको नाम | पेश भएको बिल रकम | कैफियत |
|---|---|---|---|---|
| १ | गुरु रानाको घरदेखि वडुको घरसम्म पानी पिच | बिभिन्न | ७००००।०० | लिखितम भरपाई |
| २ | दाया नवदुर्गा मन्दर देखि शिविरसम्म पानी पिच | बिभिन्न | १२५०००।०० | |
| ३ | कृष्णपुर न पा ६ ओकेबाट दक्षीण नाला नि. उ. स. | बिभिन्न | १८००००।०० | |

५६.१० **उपभोक्ताको काम निर्माण ब्यावसायी बाट गराएको -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७को १३ (क)मा उपभोक्ता समिति वा लाभग्राही समुदायले प्राप्त गरेको कुनै काममा निर्माण ब्यवसायीलाई संलग्न गराएको पाईएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समिति वा लाभग्राही समुदायसंग भएको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समिति तथा लाभग्राहीलाई भबिष्यमा त्यस्तो कुनै काम गर्न नदिने अभिलेख राखी सो काम गर्ने ब्यवसायीलाई कालो सुचीमा राख्न सार्वजनिक अनुगमन कार्यालयमा लेखि पठाउनु पर्ने ब्यवस्था छ। यस पालिकामा संचालित उपभोक्ता समितिले प्राप्त गरेका निर्माण सम्बन्धि कार्य नियमावलीमा भएको ब्यवस्था बिपरित निम्न निर्माण ब्यावसायीलाई सहभागी गराई गराएको देखिन्छ। यसरी गराएको कार्यलाई नियमसंगत मान्न सकिने आधार देखिएन ।साथै यसरी निर्माण ब्यावसायीले गरेको कार्यको भुक्तानी दिदा मु.अ.कर बिजक पेश गरेको तर मु.अ.कर

भुक्तानीको जानकारी आन्तरिक राजस्व कार्यालयलाई समेत दिएको देखिएन ।अतः यसरी पालिकामा पेश भएको बिजकको मु.अ.कर समायोजन गरेको भए निर्माण ब्यावसायीको मु.अ. कर समायोजन प्रमाण पेश गर्ने अन्यथा उक्त रकम असुल गरी राजस्व खातामा दाखिला गर्नु पर्ने देखिएको रू.

| गो. भौ.न र मिति | योजनाको नाम | निर्माण ब्यावसायी नाम | भुक्तानी रकम | मु.अ. कर |
|---|---|---|---|---|
| २०७९-२०७९।०६।२७ | राजघट झोलुङ्गेपुल निर्माण उ. स. | शिव निर्माण सेवा | ६७८०००।०० | ७८०००।०० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७८,००० |

५६.११ **सम्झौता बेगरको भुक्तानी-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ मा खरिद सम्झौता बमोजिम सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बीजकको भुक्तानी गर्दा करारका शर्त बमोजिम भुक्तानी गर्नुपर्ने उल्लेख छ ।नगरपालिका कार्यालयले आर्थिक वर्ष २०७८।७९ मा कार्यालय र बिधालय बिच राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तरगत बिधालय र नगरपालिका बिच निम्न बमोजिम रकम बेहोर्ने गरी सम्झौता भएकोमा यस आर्थिक वर्ष उक्त बिधालयलाई सम्झौतामा परिवर्तन नगरी प्रति बिधालय रू. ४,००,०००।०० दरले भवन निर्मार्णका लागी भुक्तानी रु ८,००,०००।०० दिएको देखिन्छ । यसरी सम्झौता बेगर भुक्तानी दिएको रकम नियम संगत नदेखिएको रू

| सि न | बिधालय नाम | मुल्याङ्कन रकम | न पा ले बेर्होर्ने रका | बिधालयले बेहोर्ने रकम | थप रकम |
|---|---|---|---|---|---|
| १ | वन देबि आ. बि. | २७१८६३४ | १८००००० | ९१८६३४ | ४०००००।०० |
| २ | बैजनाथ आ. बि. | २८३८६३८ | १८००००० | १०३८६३८ | ४०००००।०० |

| | |
|---|---|
| अनियमित भएको | ८,००,००० |

## ५७ अनुदान कार्यक्रम

५७.१ **बोका अनुदान कार्यक्रम–**कृष्णपुर नगरपालिका पशु बिकास शाखाको आर्थिक वर्ष २०७९।८०को स्विकृत कार्यक्रम अनुसार बोका बितरण कार्यक्रम सञ्चालन गर्दा सम्झौताको बुदा न ४ मा बोका खरिद गर्दा कम्तिका ५० प्रतिशत उन्नत नश्लको हुनु पर्ने ब्यवस्था छ ।यस कार्यालयले निम्न भौचरबाट बोका खरिदको भुक्तानी गर्दा ५० प्रतिशत नश्लको भए नभएको प्रमाणित गर्ने प्रमाण राखेको देखिएन । जसले गर्दा बोका सम्झौता गरे अनुसार नै खरिद गरेको हो भन्न सक्ने आधार देखिएन अतः कार्यालयले सम्झौता उल्लेख भएको ब्यवस्था कार्यान्वयन गर्नतर्फ ध्यान दिनु पर्दछ ।

| भौचर न | कार्यक्रमको नाम | खरिद परिमाण | भुक्तानी रकम |
|---|---|---|---|
| ३५।२०८०।३।३ | बोका खरिद | ५ | २३५३०० |
| ३४।२०८०।३।३ | बोका खरिद | ६ | २८०१७५ |
| ३२।२०८०।३।३ | बोका खरिद | ७ | ३३३६०० |
| ३५।२०८०।३।३ | बोका खरिद | ५ | २३२८०० |

५७.२ **अनुदान छनौटको आधार नभएको–**आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायीत्व नियमावली २०७७ को नियम ३९ को १० मा जिम्मेवार ब्यक्तिले सरकारी रकमको खर्च गर्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन बिल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन जाच गर्नु पर्ने ब्यवस्था छ । यस कार्यालयले निम्म भौचरबाट भुक्तानी दिई खर्च गरेको रकममा लाभग्राही छनौटका आधार भौचर साथ राखेको देखिएन । अतः नगरपालिका कार्यालयले लाभग्राही छनौटको कागजात तथा प्रमाण पेश गर्नु पर्दछ । केही उदाहरण निम्न छन ।

| भौचर न. | ब्यहोरा | परिमाण | रकम | कैफिएत | शिर्षक |
|---|---|---|---|---|---|
| ३२।२०८० ।३।३ | बोका त्बितरण | ७ | ३३३६००।० ० | लाभग्राही छनौट आधार नभएको । | पशु बिकास |
| ४७।२०८० ।३।१६ | रागा बितरण | २ | २६००००।० ० | लाभग्राही छनौट आधार नभएको । | |
| ५०।२०।८ ०।३।१६ | खगेन्द्र पोल्ट्री फर्म अनुदान | १ | ५००००।०० | लाभग्राही छनौट नभएको । | |
| ४९।२०८० ।३।१६ | मनिषा पोल्ट्री फर्म अनुदान | १ | ५००००।०० | लाभग्राही छनौट नभएको । | |
| ५४।२०८० ।३।१६ | पशुपति पशु तथा कृषि फर्म अनुदान | १ | ५००००।०० | लाभग्राही छनौट नभएको । | |

## ५८ सोझै खरिद

५८.१

**कोटेशनको कार्य–** सार्वजनिक खरीद ऐन, २०६३ को दफा ८(२) मा र नियमावली २०६४ को नियम ८४ मा १० लाख भन्दा बढीको खरीदमा शिलवन्दी दरभाउ पत्र माग गरी खरीद गर्नु पर्ने, एकै प्रकारको समान पटक पटक खरिद गर्न नहुने र प्याकेजमा खरिद गर्न सकिने समानको प्याकेज बनाई प्रतिष्पर्धी मुल्यमा खरिद गर्नु पर्ने एउटै प्रकृतिका समान प्रतिस्पधी मुल्यमा खरिद गर्दा प्याकेज तयार गरी खरिद गर्नु पर्ने व्यवस्था समेत छ ।

कार्यालयले आर्थिक वर्ष २०७९।८० मा बोलपत्र वा शिलवन्दी दरभाउ पत्र माग नगरी अधिकांश निमार्णका कार्य कोटेशनद्रारा गरेको देखिन्छ । यसरी बिभिन्न योजनाको निमार्ण गराएको कार्य गुणस्तरीय भए नभएको कार्यालयले अनुगमन समेत गरेको, प्रमाण अभिलेख राखेको देखिएन साथै उक्त कार्यको ल्याब परीक्षण गरेको देखिएन । यसरी एउटै प्रकृतीका कार्य फरक फरक लागत अनुमान तयारी गरी सोही अधारमा सोझै कोटेशन मागगरी कार्य गर्दा ० प्रतिशत देखि ०।४३ प्रतिशत सम्म मात्र घटेको देखिन्छ भने बोलपत्रको माग गरी कार्य गराउदा करिब १० देखि ३५ प्रतिशत सम्म घटी प्रतिस्पधा भएको देखिन्छ। यसरी प्रतिश्पर्धा नगरी सोझै कोटेशनदारा पालिकाले खर्च लेखेको रकमलाई नियमसंगत हो भन्न सक्ने आधार देखिएन । अत कार्यालयले यस्ता कार्यमा नियन्त्रण गरी सार्वजनिक खरिद ऐन नियमावलीको प्रक्रिया पालना गर्नु पदर्छ । केही उदाहरण निम्न प्रकार छन ।

| गो.भौ. न | योजनाको नाम | लागत अनुमान | भुक्तानी रकम | घटी प्रतिशत |
|---|---|---|---|---|
| ५०२।२०८०।३।१४ | वडामा माटो भरान बिभिन्नठाउमा सडक ग्राबेल उ. स. | ८४६०७८ | ८३८९१९।०० | ०.८४ |
| २६९।२०८०।२।३१ | हयुम पाइप खरिद | ९४१७९६ | ९३९६४५।०० | ०.२२ |
| ३१३। २०८०।३।७ | गुलरिया नाला निर्माण | ९८२७८४ | ९८२७८३।०० | ०.०१ |
| ३४७।२०८०।३।१५ | बिधुतीय पोल तथाहयुम पाइप खरिद | ९९९२१९ | ९९६४७६।०० | ०.२७ |
| ३८४।२०८०।३१८ | चपरटोल सानागाउ नदी किनार घेरवार | ९९९६३४ | ९९५३००।०० | ०.४३ |
| २५५।२०८०।२।३२ | अल्ट्रा साउण्ड मेशिन खरिद | ४९८३३० | ४९८३३०।०० | ०.०० |

५८.२ **सोझै खरिद –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (१) मा तोकिएको सिमामा मात्रै मालसामान वा परामर्श सेवा वा अन्य सेवा सोझै खरिद गर्ने वा निर्माण कार्य सोझै गराउन सक्ने ब्यवस्था छ भने १(ख)मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सिमा भन्दा बढी रकमको वा एउटै ब्यक्ती,फर्म,कम्पनी वा संस्थाबाट एक पटक भन्दा बढी सोझै खरिद गर्न सकिने छैन भन्ने ब्यवस्था छ । यस पालिका कार्यालयले उपलब्ध गराएको बिवरण अनुसार एउटै प्रकृतिको समान एक पटक भन्दा बढी पटक ट्का गरी र बिभिन्न पार्टीबाट पटक पटक खरिद गर्ने गरेका केही उदाहरण निम्न छन । यसरी कानुनमा भएको ब्यवस्था पालना नगरी एउटै प्रकृतिका समान पटक पटक र बिभिन्न पार्टीसंग खरिद गरेको नियमसंगत हो भन्न सकिएन । अतः पालिका कार्यालयले यस्तो कार्यमा नियन्त्रण गर्नु पर्दछ ।केही उदाहरण निम्न छन ।

| भौचर नं. | योजनाको नाम | पार्टीको नाम | रकम |
|---|---|---|---|
| ५०६।२०८।३।२४ | हयुमपाइप खरिद | माँ निङ्गलाशैनी निर्माण सेवा | ९८७६२०।०० |
| ५०४।२०८०।३।२४ | हयुमपाइप खरिद | मालिकार्जुन हयुमपाइप कम्पनी | ९९७०२७।०० |
| २६९।२०८०।२।३१ | हयुमपाइप खरिद | हाम्रो ट्रेडर्स एणंड सप्लार्स | ९३९६४५।०० |
| २०१।२०८०।२।१२ | हयुमपाइप खरिद | बैजनाथ कैक्रिड उधोग | ९४१६२९।०० |
| ३४७।२०८०।३।१५ | बिधुत पोल खरिद | ठाकुर टेड्रस एण्ड सप्लार्स | ९९६४७६।०० |
| २७०।२०।८०।२।३२ | बिधुत पोल खरिद | कैलाली कैक्रिड इन्डिष्ट्रिज | ९८२५३५।०० |
| ३४।२०७९।९।६ | मोटर साइकल खरि १ थान | रूद्र अटोमोटीभ | ३९१३००।०० |
| १०८।२०८०।१।६ | मोटर साइकल खरि १ थान | शुभाकोटी मोटर्स | ३२९९००।०० |
| २७र३१।२०७९।८।२६ | वडा मोटर साईकल खरिद | शुभाकोटी मोटर्स | ४४९८०३।०० |

५८.३ **लागत अनुमान–** सार्वजनिक खरिद ऐनको दफा ५को १ मा सार्वजनिक निकायले कुनै पनि खरिदको लागी तोकिए बमोजिम लागत अनुमान तयार गर्नु पर्ने ब्यवस्था छ । यस पालिकाले आर्थिक वर्ष २०७९।८०मा कार्यालयबाट खरिद गरी भुक्तानी गरिएका कोटेशनका कार्यको लागत अनुमान तयार नगरी सोझै कोटेशन माग गरी भुक्तानी गरेको देखिन्छ । यसरी लागत अनुमान तयार नगरी सोझै कोटेशन लिई खरिद गरिएको कार्य नियमसंगत हो भन्न सकिएन । अत कार्यालयले यस्ता कार्यमा नियन्त्रण गरी खरिद ऐनमा उल्लेख भएको ब्यवस्था पालना गर्नु पर्दछ । केही उदाहरण निम्न छन ।

| भौचर न | समानको नाम | पार्टीको नाम | भुक्तानी रकम | |
|---|---|---|---|---|
| २५५।२०८०।२।३० | अल्ट्रासाउण्ड मेशिन खरिद | योमना मेडिशन | ४९८०००।०० | |
| २७३।२०८०।२।३२ | वडा न३ कार्यालय ए सी जडान | मल्टी टेड्रस एण्ड सप्लार्स | ३२४७६२।०० | |
| ४५१।२०८०।३।२२ | नगरपालिका सिसि क्यामारा जडान | | ८४१९००।०० | |

| | | | | |
|---|---|---|---|---|
| २।२०७९।८।१७ | मोटरसाईकल खरिद | श्वेता टेड्रिङ्ग कनर्सन | ३४७९००।०० | |
| ७०।२०७९।११।२६ | फनिचर्स तथा फिक्चर्स खरिद | शिवशक्ति फनिचर्स एण्ड स्टिल उद्योग | ९७००५५।०० | |
| ८७।२०७९।१२।१० | नगरपालिका भित्रका बिधालयमाई हाजिर जडान | | ९५६७९९।०० | |
| ५।२०८०।१०।११ | ल्यापटप डेष्टप खरिद | उग्रतारा टेड्र सप्लार्स | ७९७४९९।०० | स्वास्थ्य |

५९ **सोझै खरिद (पालिका चालु)** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा प्रतिस्प्रर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ। त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ मा रू.१० लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रू. १० लाख भन्दा माथि रू.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ। ऐनको व्यवस्था बिपरित यस वर्ष कार्यालयबाट प्रतिस्प्रर्धा बेगर मालसामान तथा सर्जिकल सामाग्री रू.३५,२३,५१७। को सोझै खरिद गरेको पाइयो।प्रतिष्प्रर्धा नगरी सोझै खरिद गर्ने कार्य नियन्त्रण हुनुपर्दछ।

| **क्र.स.** | **भौ.नं. र मिति** | **खरिद गरेको फर्म** | **सामानको विवरण** | **रकम रू.** | **कैफियत** |
|---|---|---|---|---|---|
| १ | १६१-२०७९।०७।२१ | डि एन ट्रेड एण्ड सप्लायर्स | स्टेशनरी सामान | १४०४९८। | |
| २ | १६१-२०७९।०७।२१ | डि एम पुस्तक एण्ड जनरल स्टोर | स्टेशनरी सामान | १६०१५२। | |
| ३ | १६७-२०७९।०७।२१ | गड्तोला सप्लायर्स | स्टेशनरी सामान | २८५६५७। | |
| ४ | १६७-२०७९।०७।२१ | डि.बि. ट्रेड लिंक | स्टेशनरीसामान | ३९५१३४। | |
| ५ | २५०-२०७९।०८।१३ | उग्रतारा ट्रेड सप्लायर्स | कम्प्युटर सामान | ४९९७६३। | स्पेसिफिकेसन खुलाएर दाखिला छैन। |

| | | | | | |
|---|---|---|---|---|---|
| | २९५-२०७९।०८।२५ | के.डि. अटो मोबाईल्स | मोटरसाईकल खरिद | ६०४६७४। | स्पेसिफिकेसन खुलाएर दाखिला छैन। |
| ६ | ३०१-२०७९।०८।२७ | गड्तोला सप्लायर्स | ल्यापटप, प्रिन्टर | ४८९४१५। | स्पेसिफिकेसन खुलाएर दाखिला छैन। |
| ७ | ३०३-२०७९।०८।२७ | असंखी ट्रेड लिकं | कम्प्युटर सम्बन्धि सामान | २४१८४६। | - |
| ८ | ५८०-२०७९।१०।१८ | आरम्भ ट्रेड कन्सर्न | डेल कम्प्युटर | ४१०३६१। | स्पेसिफिकेसन खुलाएर दाखिला छैन। |
| ९ | ७२४-२०७९।११।१५ | गड्तोला सप्लायर्स | डेल ल्यापटप | २९६०१७। | |
| | **जम्मा** | | | **३५,२३,५१७।** | |

साथै, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा १ लाख रूपैयाँ भन्दा बढीको खरिद कार्य गर्दा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ।कार्यालयले खरिद कार्य गर्दा लागत अनुमान वेगर उल्लेखित कार्यालय सामानहरू खरिद गरेको छ। कार्यालयले सामानको स्पेसिफिकेसन सहितको लागत अनुमान तयार गरि खरिद गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

६० **सामाजिक सुरक्षा भत्ता वितरण-** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद-५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्क मार्फत गर्नुपर्ने व्यवस्था छ । सोही कार्यविधिको दफा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले एन एम बी बैंक, कुमारी बैंक र लुम्बिनी विकास बैंक मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको देखिन्छ । लेखापरीक्षणको क्रममा सामाजिक सुरक्षा भत्ता वितरणको सूचना लिँदा बैङ्कलाई निकासा भएको रु. २३,८८,७८,४७९।—मध्ये सुरक्षा भत्ता वितरण गरेर बाँकी रहेको रकम रु. १२,५४,४४६।— सङ्घीय सञ्चित कोषमा दाखिला भएको देखिन्छ ।

६०.१ **निष्कृय खाताको विवरण-** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं. २६ अनुसार सामाजिक सुरक्षा कार्यक्रमको लागि निकासा भएको रकम सोही आर्थिक वर्षमा खर्च नभएमा कार्यविधि अनुसार सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस आर्थिक वर्षमा लाभग्राहीको संख्या अनुसार सामाजिक सुरक्षा भत्ता उल्लिखित बैंकहरु मार्फत् भुक्तानी गरेको र बैंकबाट हालसम्म निष्क्रिय (डोरम्याट) खाताको विवरण पालिकाले उपलब्ध गराएको छैन । पालिकाले बैंकहरुबाट सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को

अनुसूची-११ बमोजिम निष्क्रिय (डोरम्याट) खाताको विवरण प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा छानविन गरी लाभग्राही भत्ता प्राप्त गर्न योग्य नभएको पाइएमा त्यस्ता लाभग्राहीको खातामा रहेको रकम फिर्ता गरी सङ्घीय सञ्चित कोषमा दाखिला गर्नुपर्दछ ।

६०.२ **केवाइसी अपडेट-** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं. २४ अनुसार बैंकले सामाजिक सुरक्षा भत्ता सम्बन्धित लाभग्राहीको नाममा शुन्य मौज्दातमा खाता खोली जम्मा गरिदिने र सम्बन्धित लाभग्राहीले कागजात पेश गरे पश्चात खाता सक्रिय हुने व्यवस्था छ । बैंकले पालिकाबाट प्राप्त सबै रकम लाभग्राहीको खातामा जम्मा गरेको फर्वाड फिड उपलब्ध गराए तापनि के कति लाभग्राहीको खाता अध्यावधिक भइ सक्रिय भए र के कति निष्क्रिय छन् सो को विवरण उपलब्ध गराएको देखिएन, जसबाट खर्च रकम सबै लाभग्राहीले बुझे नबुझेको एकिन हुन सकिदैंन । अतः बैंकबाट खाता सक्रिय भएको विवरण प्राप्त गरी लाभग्राहीको खाता अध्यावधिक गर्नुपर्दछ ।

## ६१ विविध परीक्षण

६१.१ **नर्म्स बेगरको ढुवानी खर्च–** सर्वजनिक खरिद नियमावली २०६४को नियम १० को २ मा निर्माण कार्यमो लागत अनुमान तयार गर्दा निर्माण सम्बन्धी पुरात्वबिक उत्खनन सम्वन्धित र सुरूङ् खन्ने डिप टयुवेल प्रेट्ररोलिया अनुसन्धान आदी जस्ता जमिन मुन गरिने कार्यको नम्स भए त्यस्तो नम्स बमोजिम र त्यस्तो नम्स नभएको अवस्थामा आवश्यक नम्स तयार गरी त्यस्तो नम्स नेपाल सरकार मन्त्रिपरिषदबाट स्वीकृत गराई स्वीकृत नम्स बमोजिम लागत अनुमान तयार गर्नु पर्ने ब्यवस्था छ । यस नगरपालिकाले हयुम पाइप खरिद गर्दा कुनै नम्सको आधार नलिई जिल्ला दररेटमा ८ प्रतिशत देखि १५ प्रतिशत सम्म थप गरी निम्न भौचरबाट रू ३३२६८०।०० ढुवानी खर्च भुक्तानी गरेको देखिन्छ । अतः यसरी पालिकाले जिल्ला दर रेट अनुसार नम्सको आधार लिई ढवानी निधारण गरि भुक्तानी दिनु पर्ने सो नगरी सोझै प्रतिशत तोकी भुक्तानी गरेको नियमसंगत नदेखिएको रू

| भौचर न | समानको नाम | पार्टीको नाम | भुक्तानी रकम | ढुवानी प्रतिशत | ढुवानी रकम |
|---|---|---|---|---|---|
| ५०६।२०८०।३।२४ | 4500 र 900 को हयुम पाईप | माँ निङ्लाशैनी निर्माण सेवा | ९८७६२० | ८।०३ | ७३४१०।०० |
| ५०४।२०८०।३।२४ | 600mm हयुम पाईप | मालिकार्जुन हयुम पाइप एणंड कंक्रिड उद्योग | ९९७०२७ | ९।२८ | ७५०००।०० |
| २६९।२०८०।२।३१ | बिभिन्न साइजमा हयुमपाइप खरिद | हाम्रो टेड्रस | ९३९६४५ | ९।६४ | ८२६१७।०० |
| २७०।२०८०।२।३२ | बिधुत पमल तथा हयुम पाईप खरिद | कैलाली कैक्रिड इण्डष्टिज प्रा लि | ९८२५३५ | ११।५४ | १०१६५३।०० |

| | अनियमित भएको | ३,३२,६८० |
|---|---|---|

६१.२ **वडा बाट समान खरिद–** आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायीत्व नियमावली २०७७ को नियम ३९ को १० मा जिम्मेवार ब्यक्तिले सरकारी रकमको खर्च गर्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन बिल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन जाच गर्नु पर्ने ब्यवस्था छ ।यस पालिकाले वडा कार्यालयबाट पुजिगत प्रकृतिका समान सोझै खरिद गरी वडामा प्रयोग गर्ने गरेका र नगरपालिका कार्यालयमा स्पशिफिकेशन खुलाई पाम्समा दाखिला समेत गरेको देखिएन । यसरी लागत अनुमान बेगर पुजिगत प्रकृतिका समान वडाबाट खरिद गरेको नियमसंगत देखिएन । साथै उक्त खरिद गरेका समान कहाँ को कसको जिम्मा रहेको खुलाई राखेको देखिएन । अतः पालिकाले यसरी खरिद गर्ने कार्यमा नियन्त्रण गरी वडाबट खरिद गरिएका समानको स्पेशिफिकेशन खुलाई नगरपालिका जिन्सी खाता पाम्समा दाखिला गरी प्रमाण पेश गर्नु पर्ने देखिएको रू

| भौचर न | खरिद गरेका समान | वडा न | भुक्तानी रकम |
|---|---|---|---|
| २१।२०७९।७।२८ | वडा कार्यालयमा सि सि क्यामारा र एसी जडान | ४ | ३९९७९४।०० |
| ८।२०७९।६।२७ | ल्यापटप खरिद २ थान | ४ | १४९८००।०० |
| ९।२०७९।७।२ | मोवाइल खरिद २थान | ५ | ९५०००।०० |
| १९।२०७९।७।२८ | ल्यापटप खरिद १ थान | ५ | ९५०००।०० |
| १४३।२०८०।१।२८ | वडा कार्यालयमा एसि जडान | ५ | १८००००।०० |
| २२।२०७९।७।२८ | वडा कार्यालयमा ल्यापटप खरिद | ६ | ९५०००।०० |
| २३।२०७९।७।२८ | वडा कार्यालयमा कुलर र फ्रिज खरिद | ६ | १४९४००।०० |
| २७र३१।२०७९।८।२६ | वडा मोटर साईकल खरिद | ६ | ४४९८०३।०० |
| ३३।२०७९।९।६ | साइकल खरि ५ थान | ३ | ५००००।०० |
| ३४।२०७९।९।६ | मोटर साइकल खरि १ थान | ३ | ३९१३००।०० |
| ४७।२०७९।१०।१३ | ल्यापटप खरिद १ थान | ३ | ७५०००।०० |

| | | | |
|---|---|---|---|
| २७३।२०८०।२।३२ | वडा कार्यालयमा एसि जडान | ३ | ३२४७६२।०० |
| १०८।२०८०।१।६ | मोटर साइकल खरि १ थान | | ३२९९००।०० |
| ५४।२०७९।११।३ | सिलाई मेशिन खरिद २० थान | ८ | २२००००।०० |
| २६।२०७९।८।१४ | मोटर साइकल खरि १ थान | ७ | ३४७९००।०० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३३,५२,६५९ |

६१.३ **अबण्डा बजेट -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय—व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ ।साथै अन्तरसरकारी बित्त ब्यवस्थापन ऐन २०७४को दफा २९मा पुजिगत शिर्षकमा बिनियोजन भएको रकम चालु प्रकृतिको शिर्षकमा रकमान्तरण गर्न पाईने छैन भन्ने ब्यवस्था छ । यस स्थानीय तहले यो आर्थिब वर्ष २०७९।८० मा रु २ करोड ५० समपुरक कोषमा अबण्डा राखेको छ । उक्त अबण्डा रकम नगरपालिकाले प्रदेश र संघ सरकारसंग म्याचिङ्ग गरी पुजिगत शिर्षकमा खर्च नगरी नगर कार्यपालिकाको निर्णयबाट पटक पटक बिभिन्न ९४ वटा चालु प्रकृतिका शिर्षक तलब, भ्रमण भत्ता, कार्यालय समान र बिभिन्न शिर्षकमा रू १ करोड ६२ लाख खर्च गरेको छ ।यसरी बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट चालु प्रकृतिका खर्च शिर्षकमा खर्च गरेको रकम नियमसंगत देखिएन । अतः नगरपालिकाले यसरी खर्च गर्ने पदतिमा नियन्त्रण गर्नुपर्दछ ।

६१.४ **खर्च पुष्टयाई गर्ने प्रमाण नभएको–**आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायीत्व नियमावली २०७७ को नियम ३९ को १० मा जिम्मेवार ब्यक्तिले सरकारी रकमको खर्च गर्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन बिल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन जाच गर्नु पर्ने ब्यवस्था छ । यस कार्यालयले निम्म भौचरबाट भुक्तानी दिई खर्च गरेको रकमबाट गरेका कार्यको पुष्टयाई हुने कागजात तथा हस्तान्तरण बितरण तथा जडान गरेका भरपाई भौचर साथ राखेको देखिएन । अत नगरपालिका कार्यालय खर्च पुष्टयाई गर्ने कागजात तथा प्रमाण पेश गर्नु पर्ने देखिएको रू

| भौचर न. | ब्यहोरा | परिमाण | रकम | कैफिएत | शिर्षक |
|---|---|---|---|---|---|
| ४४।२०८०।३।२४ | कृष्णपुर न पा १ र २ खानेपानी पाईप खरिद | १६ एम एमको २०४००मि | ९८७०८६।०० | जडान तथा बितरणको भररपाई नभएको | सशर्त पुजिगत |

| | | | | | |
|---|---|---|---|---|---|
| ५७।२०७९।११।१४ | गणेश ब चन्द | राष्ट्रपति रनिङ्ग शिल्ड कार्यक्रम | ३७२५४५।०० | बिलभरपाई नभएको | न पा पुजिगत |
| ५३४।२०८०।३।२४ | लोकमणी चौधरी | राष्ट्रपति रनिङ्ग शिल्ड कार्यक्रम | ३४४०००।०० | कार्यक्रम भएको पुष्टयाईगर्ने कागजातकासाथै बितरणको भरपाई पेश हुनु पर्ने | |
| ५०६।२०८।३।२४ | हयुमपाइप खरिद | बभिन्न साइजका | ९८७६२०।०० | जडान तथा बितरण भरपाई नभएको | |
| ५०४।२०८०।३।२४ | हयुमपाइप खरिद | ६००mmका ४३ थान | ९९७०२७।०० | जडान तथा बितरण भरपाई नभएको | |
| ४६१।२०८०।३।२३ | कृर्षकका लागी मिनी टेलर खरिद | मिनि टेलर २० थान | ३५७०००।०० | बितरण भरपाई नभएको | |
| ४२३।२०८०।३।२० | बिधुत पोल खरिद | ९ मि का ३१ | २२२४८८।०० | जडान तथा बितरण भरपाई नभएको | |
| ३४७।२०८०।३।१५ | बिधुत पोल खरिद | बिभिन्न साईजका ५९ | ९९६४७६।०० | जडान तथा बितरण भरपाई नभएको | |
| ३२३।२०८०।३।१० | ग्राबेल संकलन खर्च भुक्तानी | ४२१९ घ मी | ५००३८३।०० | प्रयोग तथा नापी किताव पेश हुनु पर्ने | |
| २७०।२०।८०।२।३२ | बिधुत पोल खरिद | बिभिन्न साइजाका ११६ | ९८२५३५।०० | जडान तथा बितरण भरपाई नभएको | |
| २६९।२०८०।२।३१ | हयुमपाइप खरिद | बिभिन्न साईज ६२ थान | ९३९६४५।०० | जडान तथा बितरण भरपाई नभएको | |
| २०१।२०८०।२।१२ | हयुमपाइप खरिद | बिभिन्न साईज २८ थान | ९४१६२९।०० | जडान तथा बितरण भरपाई नभएको | |
| ४७५।२०८०।३।२३ | कृर्षकका लागी पावर टीलर खरिद | | ४९५०००।०० | बितरण भरपाई नभएको | |
| ७३।२०७९।११।२६ | सिदनाथ जल उपभोक्ता समितिले खरिद गरेको | समर्सिवल मोटर | २०००००।०० | जडान तथा बितरणको भरपाई नभएको | |

| | | | | | |
|---|---|---|---|---|---|
| ६।२०७९।१२।४ | स्वास्थ्य संस्थाका लागी फनिचर खरिद | कुर्च १३ टेवल १३ दराज १४ | ६९६४८९।०० | हस्तान्तरण र दाखिला नभएको | |

| | | |
|---|---|---|
| | प्रमाण पेश नगरेको | १,००,१९,९२३ |

६१.५ **कार्यबिधि बेगरको खर्च –** आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायीत्व नियमावली २०७७ को नियम ३९ को १० मा जिम्मेवार ब्यक्तिले सरकारी रकमको खर्च गर्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन बिल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन जाच गर्नु पर्ने ब्यवस्था छ ।यस कार्यालयले नगर स्तरीय चराई मिलन कार्यक्रमबापत भौचर न १९४।२०८०।२।७बाट रू २,००,०००।००घुम्मन रानालाई भुक्तानी गर्दा निजले निम्न ब्यक्तीलाई भुक्तानी दिएको रू ६५०००।०० आधार स्पष्ट देखिएन । यसरी आधार बेगर भुक्तानी गरेको रकम नियमसंगत हो भन्ने आधार देखिएन ।अत नगरपालिका कार्यालयले आधार बेगर खर्च गर्ने परिपाटमा नियन्त्रण गर्नु पर्दछ ।

| सि न | नाम थर | कार्यक्रम | भुक्तानी रकम |
|---|---|---|---|
| १ | राधा राना | नृत्य | १००००।०० |
| २ | राधा राना | नृत्य | १००००।०० |
| ३ | चक्र रैकाल | फुलमाला | ५०००।०० |
| ४ | वचन राना | नृत्य | ५०००।०० |
| ५ | भजोरा राना | नृत्य | ५०००।०० |
| ६ | उदमसिह राना | नृत्य | ६०००।०० |
| ७ | निम हुत्तर राना | नृत्य | ५०००।०० |
| ८ | ब्रहमदेव राना | नृत्य | ५०००।०० |
| ९ | मिठ्ठु राना | नृत्य | ७०००।०० |
| १० | सुनिता राना | नृत्य | ७०००।०० |

६२ **छाडा चौपाया व्यवस्थापन खर्च -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(६) अनुसार बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्यता समेत कायम गर्ने गरि खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस आर्थिक वर्षमा छाडा चौपाया ब्यवस्थापन कार्यक्रममा ७ जना हेरालुको पारिश्रमिक पशु चौपायाको लागि पराल खरिद, ढुवानी लगायतमा बार्षिक रू.१६,८४,५६४। भुक्तानी गरेको छ। यसरी खर्च गर्ने कुनै मापदण्ड तयार पारेको छैन, जसबाट कार्यक्रममा एकमुष्ट रूपमा बिनियोजन गरिएको रकम स्वच्छिक रूपमा

ज्याला,औषधि, पराल खरिद र ढुवानीमा खर्च भएको छ। उक्त कान्जि हाउसमा के कति संख्यामा पशु रहेका छन् त्यसको विवरण पालिकामा उपलब्ध छैन। कर्मचारी नै राखि कान्जि हाउस ब्यवस्थापन गरेको भनि खर्च लेखेकोमा त्यहाँवाट संकलित पशु मल, दुधजन्य पदार्थ उत्पादन तथा विक्रि गरि आयआर्जन गर्नेतर्फ पनि पालिकाले ध्यान दिएको देखिदैन। अतः पालिकावाट अनुगमन गर्ने तथा काञ्जी हाउसबाट आयआर्जन गर्नेतर्फ जोड दिनुपर्दछ। गाई गोरू व्यवस्थापनमा वर्षेनी खर्च मात्रै हुदै जाने हुदा यसको दिर्घकालिन समाधानको उपाय खोज्जे तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ।

६३ **वितरण भरपाई पेश नभएको (पालिका चालु) -**

***........... (प्रारम्भिक प्रतिवेदन उपर दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२२ को निर्णयबाट रु.७,१४,४०१ सम्परीक्षण गरिएको ।)***

६४ **शिक्षा तर्फ**

६४.१ **शैक्षिक गुणस्तर-** सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारको नीति तथा कार्यक्रम, २०७५ अनुसार सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार नीति तथा कार्यक्रम कार्यान्वयन गर्दा स्थानीय सरकारको अग्रणी भुमिका हुने व्यवस्था अनुरूप सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार मार्फत नागरिकको छनौटको विद्यालयको रूपमा विकास गरी समाजमा सामुदायिक विद्यालयको ख्याति स्थापित गर्न स्थानीय तहले बाल विकास केन्द्रहरूको पुनर्वितरण तथा सञ्चलनमा सुधार, पाठ्यक्रम तथा पाठ्यसामाग्रीमा समसामयिक सुधार, प्रधानाध्यापकहरूको व्यवस्थापकीय एवम् नेतृत्व क्षमता बढाउने, शिक्षक छनौट प्रक्रियामा सुधार, शिक्षक तालिम तथा पेसागत विकासलाई सुदृढिकरण, शिक्षक प्रशंसा तथा प्रोत्साहनको व्यवस्था गरी उत्प्रेरणा अभिवृद्धि, शिक्षकको वृत्ति विकास प्रणालीमा परिवर्तन, विद्यार्थी मुल्यांकन प्रणालीमा सुधार, विद्यालय र नागरिकबीच सुमधुर सम्बन्ध, सहयोग र सहकार्य तथा प्राविधिक तथा व्यवसायिक शिक्षामा सुधार जस्ता कुराहरूलाई समेटि शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी लागु गर्नुपर्नेमा सो सम्बन्धि कुनै पनि कार्य गरेको देखिएन । यसमा सुधारका लागि पालिकाको ध्यान जानु पर्दछ।

६४.२ **दिवा खाजा-** आर्थिक वर्ष २०७९।८० को लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को अनुसूची ४(ख) मा ४ देखि ९ वर्ष उमेरका बालबालिकाकालागि दैनिक आवश्यक पर्ने वृहत र सूक्ष्म पोषक तत्वको मात्रा तोकिएको छ । त्यसै गरि उक्त अनुसूचिले दिवा खाजा व्यवस्थापन सम्बन्धमा दिवा खाजाका लागि स्थानीय स्तरमा उत्पादन हुने खाद्यान्न प्रयोग गरी विद्यालयमा दिवा खाजा तयार गरी विद्यार्थिलाई उपलब्ध गराउने, विद्यालय व्यवस्थापन समितिले अभिभावक आमा समूह मार्फत खाजा व्यवस्थापनको प्रत्यक्ष रेखदेख तथा अनुगमनको व्यवस्था मिलाउन सक्ने र दिवा खाजाका लागि विद्यार्थिलाई नगद उपलब्ध नगराउने उल्लेख छ । पालिकाले शसर्त अनुदानबाट कुल ३२ विद्यालयका लागि दिवा खाजा बापत रु.१,४८,६१,०००। विद्यालयको खातामा रकम निकासा गरेको पाइयो । दिवा खाजा कार्यक्रमको लक्ष्य बमोजिम खर्च भएको सम्बन्धमा पालिकाले अनुगमन गरेको पाईएन। निकासा गरेको रकमको सदुपयोग भए नभएको र विद्यार्थिहरुले तोकिए बमोजिमका पौष्टिकयुक्त खानेकुरा पाए नपाएको सम्बन्धमा पालिका र अन्य कुनै सम्वन्धित निकायबाट अनुगमन हुने गरेको नदेखिएकोले निकासा गरेको रकमको सही सदुपयोग भएको छ छैन

एकिन हुन सकिएन त्यसैले पालिका र यससँग सम्वन्धित निकायले अनुगमन गरि सहि सदुपयोगको सुनिश्चिता गर्नुपर्दछ ।

---

६४.३ **उत्कृष्ट विद्यालयलाई अनुदान-** शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट जारी गरिएको कार्यक्रम कार्यान्वयन निर्देशिका २०७९।८० क्रियाकलाप नं. २.७.१३.१३ को सि.नं. ९.३ अनुसार यस प्रकारको अनुदान उपलब्ध गराउँदा परिक्षा नतिजा, कक्षा छाड्ने दोहोर्याउने दर, विद्यालय बाहिरका बालबालिकाको अवस्था आदि समेटी १०० अंकको पुर्णाङ्क निर्धारण गरी सोही आधारमा विद्यालयले पेश गरेको प्रस्तावनाको आधारमा उत्कृष्ट ठहरिने विद्यालयलाई छनौट गरी एउटा विद्यालयलाई एकमुष्ट रू.२ लाख उपलब्ध गराउने र सोही प्रस्तावना अनुसारको प्रगति प्रतिवेदन विद्यालयले नियमित रूपमा स्थानीय निकाय र केन्द्रमा पठाउनु पर्ने र स्थानीय तहले प्रस्ताव अनुसार अनुदान रकमको उपयोगको अवस्थाको सम्बन्धमा नियमित अनुगमन गर्ने व्यवस्था छ । पालिकाले यो वर्ष उत्कृष्ट ठहर्याएको कन्चनपुर मा.वि. शान्तिपुरलाई रकम निकासा गरेको छ । तर निर्देशिकाले तोके अनुसार उपलव्ध गराएको रकमको उपयोग सम्बन्धमा अनुगमन गरी प्रगति प्रतिवेदन पेश भएको छैन । निर्देशिकाकाले तोके अनुसार प्रगति प्रतिवेदन तयार गरी पेश गर्ने व्यबस्था कार्यान्वयनमा ल्याउनुपर्दछ ।

---

६४.४ **छात्रवृत्ति-** आर्थिक वर्ष २०७९।८० को लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को २.८.४ को क्रियाकलाप नं. ७.२.१.१ मा सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रवृत्ति(आवासीय तथा गैर आवासीय) उपलब्ध गराउने व्यवस्था छ । स्थानीय तहले विद्यालयले छात्रवृत्ति वितरण गरेको भरपाई तथा समग्र कार्यक्रमको प्रभावकारिता अनुगमुन गर्नुपर्ने व्यवस्था छ । पालिकाले कक्षा १ देखि कक्षा ८ सम्म सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीलाई यो वर्ष छात्रवृत्ति को लागि रू.२१,४८,४००। रकम निकासा गरेको छ । सो सम्बन्धमा पालिकाले सूचक सहित अनुगमन गरी विद्यार्थीको नामनामेसी सहितको अनुगमन प्रतिवेदन संलग्न गरेको देखिएन । अतः तोकिए अनुसार छात्रवृत्ति वितरण भए नभएको सम्बन्धमा पालिकाबाट प्रभावकारी अनुगमन गरी रकम सदुपयोगको सुनिश्चिता हुनुपर्दछ ।

---

६४.५ **विद्यालयको लेखापरीक्षण-**नगरपालिकाले मातहतका विद्यालयहरुको तोकिएको समयमा लेखापरीक्षण गराउनु पर्दछ । आ.व २०७९।८० मा ३३ सामुदायिक विद्यालयमध्ये लेखापरीक्षण क्रममा एउटा विद्यालयले मात्र लेखापरीक्षण गरी प्रतिवेदन नगरपालिकामा वुझाएको देखिन्छ । समयमै सम्पूर्ण विद्यालयहरुको लेखापरीक्षण गराई देखिएका व्यहोरा उपर आवश्यक कारवाही गरी सुधार गर्नु पर्दछ।

---

६४.६ **सामुदायिक सिकाई केन्द्र-** स्थानीय तहको शिक्षा शाखाले नियमित रुपमा सञ्चालनमा रहेका सामुदायिक सिकाई केन्द्रहरुको स्थलगत निरिक्षण गरी वार्षिक साधारण सभा भएको, विधान वमोजिम पदाधिकारीको निर्वाचन भएको , साधारण शभाबाट बजेट र कार्यक्रम प्राप्त गरेको ,गत आ.व को खर्च स्वीकृत गरेको र लेखापरीक्षण गरी प्रतिवेदन पेस गरेको लगायतको मापदण्ड पुरा गरेका सामुदायिक केन्द्रहरुलाई एकमुष्ट रु. २ लाख अनुदान उपलब्ध गराउने उल्लेख छ । शैक्षिक पहुँचमा सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम अन्तर्गत सामुदायिक सिकाई केन्द्र सञ्चालन बापत कृष्णपुर सामुदायिक सिकाइ केन्द्रलाई सञ्चालन रु. २,००,०००।- अनुदान

निकासा भएको देखियो । उक्त केन्द्रलाई निकासा भएको अनुदानको उपयोग र उपलब्धी खुल्ने प्रगति प्रतिवेदन पेश गरेको देखिएन । अतः अनुदान उपयोगको प्रतिवेदन पेश गर्नुपर्ने देखिन्छ ।

---

६४.७ **अनुदान व्यवस्थापन-** कार्यक्रम कार्यान्यन पुस्तिका २०७९।८० मा भएको व्यवस्था अनुसार स्थानीय तहले अनुदान प्राप्त विद्यालयले निर्धारित मापदण्ड र प्रक्रिया अनुरुप गरे नगरेको नियमित रुपमा अनुगमन गरी सो को एक प्रति प्रतिवेदन शिक्षा तथा मानवस्रोत केन्द्रमा पठाउने व्यवस्था छ । यस पालिकाले आ.व. २०७९।८० मा अनुदान दिएका निम्न विद्यालयमा कार्यक्रम बापत दिएका अनुदान रकम कार्यक्रम कायान्वयन भए, नभएको बारेमा अनुगमन गरेको पुष्टि गर्ने अनुगमन प्रतिवेदन देखिएन । अतः बिद्यालयमा गएको अनुदान रकम प्रभावकारी रुपमा कायान्वयन भएको छ भनी विश्वस्त हुने आधार देखिएन । पालिका कार्यालयले कार्यक्रम कार्यान्वियन पुस्तिकामा उल्लेख गरेको व्यवस्था बमोजिम अनुगमन गरी प्रतिवेदन पेश गर्नु पर्दछ । सि.न. विद्यालयको नाम कार्यक्रमको नाम रकम १ श्री राष्ट्रिय मा.वि. कृष्णपुर-७, कलवापुर विज्ञान प्रयोगशाला अनुदान ६,५०,०००।०० २ श्री कालिका मा.वि. कृष्णपुर-१, वण्ड विज्ञान प्रयोगशाला अनुदान ६,५०,०००।०० ३ श्री बालकल्याण आ.वि. खल्लागोठ पुस्तकालय व्यवस्थापन ६,५०,०००।०० ४ श्री सरस्वती आ.वि. पिपिरिया पुस्तकालय व्यवस्थापन ६,५०,०००।०० ५ श्री नवज्योति आ.वि. कलवापुर पुस्तकालय व्यवस्थापन ६,५०,०००।००

---

६४.८ **निजी विद्यालय अनुगमन कार्यविधि-** पालिकाकाले बिद्यालय अनुगमन मुल्याँङ्कनका लागि कार्यविधि तयार गर्नु पर्दछ । सो बेगर निजी बिद्यालयको शुल्क निर्धारण लगायतका विषयमा प्रभाबकारी अनुगमन मूल्याङ्कन हुन सकेको छैन । निजी विद्यालयको समग्र व्यहोरा लगायतका बिषयमा अनुगमन मुल्याँङ्कन कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

---

६४.९ **विद्यार्थी संख्याको सत्यापन-** शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० ले तय गरेका कार्यक्रमहरु जस्तैः विद्यार्थी छात्रावृत्ति, दिवा खाजा, सेनिटेरी प्याड, पाठ्यपुस्तक वितरण, कक्षा ८ को परीक्षा व्यवस्थापन लगायतका अनुदान वितरण गर्दा विद्यार्थी संख्यालाई आधार लिएको छ । यसका लागि विद्यार्थी संख्या यकिन गर्नु पर्ने हुन्छ ।विद्यालयबाट प्रविष्ट तथ्याङ्क (IEMIS) लाई सम्बन्धित पालिकाले कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई विद्यार्थी संख्या यकिन गर्नु पर्दछ।यस पालिकाले सत्यापन नगरी IEMIS तथ्याङ्कको आधारमा मात्र अनुदान दिएको देखिन्छ । यसरी अनुदान दिँदा वास्तविक रुपमा नभएका तर EMIS लगत कट्टा भईनसकेका विद्यार्थीहरुको लागि पनि अनुदान जाने जोखिम रहन्छ । पालिकाले विद्यार्थी संख्यालाई आधार मानि दिईने अनुदानमा त्यस्ता अनुदान दिनु पूर्व अनिवार्य सत्यापन गराएर मात्र भुक्तानी दिने व्यवस्था गर्नु पर्दछ ।

---

६४.१० **विद्यालयको अनुगमन नियमन-** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार माध्यमिक तह सम्मका विद्यालय सञ्चालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण, अनुगमन मुल्याकंन तथा नियमन सम्बन्धि कार्य सम्बन्धित पालिकाले गर्ने व्यवस्था छ । पालिकाले विद्यालय अनुगमन मापदण्ड तयार नगरेको अनुगमन नियमन प्रभावकारी हुन सकेको छैन । जसवाट विद्यालयले प्रदान गरेको शिक्षण शिकाइ कार्य प्रभावकारी

रूपमा सञ्चालन भएको छ भन्ने अबस्था नरहेकोले अनुगमन मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारी रूपमा सञ्चालन गर्ने तर्फ ध्यान दिनुपर्दछ।

---

६४.११ **निःशुल्क पाठ्यपुस्तक अनुदान-** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० कार्यक्रम कार्यान्वयन प्रक्रियाको क्रियाकलाप नं. २.४.६.१ को बुँदा नं. ५ मा प्रति विद्यार्थी लागतका आधारमा कक्षा १ देखि १२ कक्षा सम्म अध्ययनरत विद्यार्थीका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान बापत् कक्षा ११-१२ को लागि आर्थिक वर्षको प्रथम त्रैमासिक तथा कक्षा १-१० का लागि तेस्रो त्रैमासिक भित्र अनुदान दिने व्यवस्था छ । यसरी अनुदान दिँदा पहिलो पटकमा विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई मात्र अनुदान दिने र शैक्षिक सत्रमा भएको नयाँ विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणको आधारमा यकिन गरी नपुग हुने रकम मात्र दोस्रो पटक अनुदान दिने व्यवस्था छ । पालिकाले पाठ्यपुस्तक वितरण बापत् ३३ विद्यालयलाई पहिलो किस्तामा रु. ५१,३८,४८६।- र दोस्रो किस्तामा रु. २०,७०,८६८.१०।- गरी जम्मा रु. ७२,०९,३५४.१०।— रकम निकासा गरेको छ । पालिकाले पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरण, विद्यार्थीको प्रमाणित कागजात बेगर बाँकी २५ प्रतिशत रकम निकासा भएकोले पाठ्यपुस्तकको रकम बराबर विद्यार्थिले पाठ्यपुस्तक पाएको यकिन हुन सकिदैंन । निर्देशिका बमोजिम सुरूमा ७५ प्रतिशत तथा EMIS विवरणको आधारमा कागजात प्रमाणित गरि थप २५ प्रतिशत अनुदान निकासाको सम्बन्धमा आवश्यक खर्च पुष्ट्याई गर्ने आबश्यक प्रमाण कागजात पेश हुनुर्दछ साथै विद्यालयले नयाँ पाठ्यपुस्तक तोकिएको दरमा खरिद गरी समयमै सम्बन्धित विद्यार्थीलाई वितरण गरे नगरेको सम्बन्धमा संयन्त्र बनाई आवश्यक अनुगमनको व्यवस्था मिलाउनुपर्दछ ।

---

६४.१२ **शिक्षक दरबन्दी र पदपूर्ति-** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपुर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ। यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ३३ सामुदायिक विद्यालयको शिक्षक दरबन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नाअनुसार रहेको छ। सवै बिद्यालयमा तोकिए अनुसार शिक्षक बिद्यार्थी अनुपात मिलाउनु पर्ने देखिन्छ।

| **विद्यालयको संख्या** | **शिक्षक दरबन्दी** | **पदपुर्ति** | **पदपुर्ति मध्ये करार** | **विद्यार्थी संख्या** | **प्रति शिक्षक बिद्यार्थी अनुपात** |
|---|---|---|---|---|---|
| ३४ | २२९ | २२९ | | ११५१० | १:५० |

---

६४.१३ **शिक्षक विद्यार्थी अनुपात-** शिक्षक विद्यार्थी अनुपात- स्थानीय तहमा रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । विद्यालय समायोजन कार्यान्वयन निर्देशिका, २०७० ले न्यून विद्यार्थी भएका विद्यालयलाई जिल्ला शिक्षा समन्वय अधिकारीको सिफारिसमा जिल्ला शिक्षा समितिले बन्द गरी अर्को पायक पर्ने विद्यालयमा नियमानुसार समायोजन गर्न सक्ने उल्लेख छ । निर्देशिकाको बुँदा नं. १४.१ मा विद्यालय समायोजन सम्बन्धी कार्यक्रम कार्यान्वयनका लागि विद्यालयको तथ्याङ्क संकलन गरी सम्भाव्यता अध्ययन गर्नुपर्ने व्यवस्था छ । शिक्षा नियमावली, २०५९ को नियम ७७(१) मा सामुदायिक विद्यालयहरुको प्रत्येक कक्षामा सामान्यतया उपत्यका तथा तराई, पहाडी र हिमाली क्षेत्रहरुमा क्रमशः ५०, ४५ र ४० विद्यार्थी हुनुपर्ने व्यवस्था छ । सोही नियमावलीको नियम १२क मा अधिकांश कक्षामा नियम ७७ बमोजिम

विद्यार्थी संख्या नभएमा विद्यालय गाभ्ने व्यवस्था छ । यस नगरपालिका अन्तर्गत रहेका ३३ सामुदायिक विद्यालयहरुमा पालिकाले उपलब्ध गराएको विवरण अनुसार ११५१० विद्यार्थीहरु अध्ययनरत छन् र शिक्षक विद्यार्थी अनुपात निम्नानुसार रहेको देखिन्छः

| | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपुर्ति | विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|---|
| १ | नन्द मा.वि. देखतभुली | १२ | १२ | ८२८ | १:६९ |
| २ | कृष्ण मा.वि. कृष्णपुर | १९ | १९ | ८७७ | १:४७ |
| ३ | राष्ट्रिय मा.वि. पहरिया | ११ | ११ | ७१८ | १:६५ |
| ४ | उदय मा.वि. बंक | १२ | १२ | ६३५ | १:६० |
| ५ | महाकाली मा.वि. बसन्तपुर | ११ | ११ | ६८० | १:६२ |
| ६ | सरस्वती मा.वि. कल्याणपुर | ८ | ८ | ३४२ | १:४३ |
| ७ | सरस्वती मा.वि. वाणी | १० | १० | ६४८ | १:६५ |
| ८ | समैजी मा.वि. किचाइ | ११ | ११ | ९९६ | १:९१ |
| ९ | ग्वाँसी मा.वि. मालबेला | ५ | ५ | १९५ | १:३९ |
| १० | जनशक्ति आ.वि. कलुवापुर | ४ | ४ | ५९ | १:१५ |

यस नगरपालिकामा रहेका विद्यालयमध्ये उल्लेखित विद्यालयमा शिक्षक विद्यार्थी अनुपात १:१५ देखि १:९१ सम्म रहेको प्राप्त विवरणवाट देखिन्छ। सो अनुसार कतिपय विद्यालयमा शिक्षक दरवन्दी न्युन अवस्थामा रहेको र कतिपयमा न्युन विद्यार्थी संख्या रहेका कारण प्रति विद्यार्थी लागत वढ्न गएको अवस्था देखिन्छ। अतः न्युन विद्यार्थी संख्या भएको विद्यालय समायोजन एवं शिक्षक दरवन्दी मिलान गरी पठनपाठन व्यवस्थित गर्न सम्बन्धित निकायले ध्यान दिनुपर्दछ।

---

६५ **सडक वत्ति जडान (पालिका चालु)** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम ५ मा जिम्मेवार व्यक्तीले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। निम्न वडाहरूमा सडक वत्ति जडानको सामाग्रीहरू खरिद गरेकोमा उक्त सडक वत्ति जडान गरेको कार्य सम्पन्न प्रतिवेदन पेश नभएकोले पेश हुनुपर्ने रू.

| क्र.सं. | भौ.नं. र मिति | सामान | वडा | भुक्तानी |
|---|---|---|---|---|
| १ | २९२-<br>२०७९।०८।२१ | सडक वत्ती वल्व तार होल्डर खरिद र ज्याला रकम | ८ | ४०८४८५। |

| | | | | |
|---|---|---|---|---|
| २ | ४५४-२०७९।०९।२६ | उग्रतारा ट्रेडर्स एण्ड विजुली भण्डार लाई सडक वत्तिको सामान खरिदको रकम | २ | २०१२८९। |
| **जम्मा** | | | | **६,०९,७७४।** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,०९,७७४ |

६६ **मोबाइल तथा साइकल वितरण (पालिका चालु)**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ (६) अनुसार बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्यता समेत कायम गर्ने गरि खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले देहाय बमोजिम मोबाइल तथा साइकल वितरणको कार्यक्रम राखि मोबाइल र साइकल खरिद गरि वितरण गरेको छ । यसरी आवश्यकता के हुने यसको प्रभावकारीता के रहने, यसको उपलब्ध के हुने जस्ता विषय अनुमान नगरी सोझै सामाग्री खरिद गरि वितरण गर्ने कार्यमा नियन्त्रण गर्नु पर्दछ ।

| **क्र.सं.** | **भौ.नं. र मिति** | **विवरण** | **भुक्तानी रकम** |
|---|---|---|---|
| १ | ६५७-२०७९।११।०३ | वडा नं. ७ को महिला स्वयम सेविका लाई ७ थान साइकल खरिद गरि वितरण | ७८९३४। |
| २ | १२०३-२०८०।०२।२२ | वडा नं. ३ मा रहेका ८ जना स्वास्थ्य स्वयमसेविकालाई मोवाईल खरिद गरि वितरण | ९८६६८। |
| **जम्मा** | | | **१,७७,६०२।** |

६७ **पावरटिलर खरिद तथा वितरणको अवस्था -** पालिकाले ठे. नं. 20- Sup- 2079/80 पावर टिलर खरिद तथा वितरण कार्य (५० प्रतिशत अनुदान) कार्यको लागि प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना कार्यान्वयन इकाई कंचनपुरका एग्रो इन्जिनियर श्री आशिष चौंधरीले तयार गरेको स्पेशिफिकेशन तयार गरी सामुदायिक वनको २५ प्रतिशत पालिकाको २५ प्रतिशत र किसानको ५० प्रतिशत लागत हुने गरी कुल रु १९९३४४१४।०० को लागत अनुमान तयार गरी मिति २०८०।०२।०१ मा सूचना प्रकाशन गरी बोलपत्र आव्हान गरेकोमा ४ वटा फर्मको बोलपत्र परेको देखिन्छ । २२हर्ष पावर को पावर टिलर प्रति पावर टिलर रु २२०३३४।०० ले हुने रु १६३०४७१६।०० र ७ हर्षपावर को मिनी पावर टिलर प्रति पावर टिलर रु ७७३३४।०० ले हुने रु ३६३४६९८।०० को खरिद कार्यको लागि श्री लक्स ग्रुप कम्पनी प्राईभेट लिमिटेड काठमाण्डौंको कबोल अंक

१५४२७५००।०० स्विकृत गरी खरिद कार्य गरेको देखिन्छ । मिति २०८०।०५।१० मा सो कम्पनीसँग सम्झौता गरी खरिद कार्य गरेको भनि पालिकाले जानकारी गराएको छ ।

संपरीक्षणबाट थप भएको बेरूजू

<table>
<tr><th>क्र.सं.</th><th>बेरुजुको विवरण</th><th>रकम</th></tr>
<tr><td>१</td><td>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम ५ मा जिम्मेवार व्यक्तीले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ।पालिकाले निम्न खरिद कार्य गर्दा भरपाई वेगर रू.६,४४,७९३। भुक्तानी गरेकोले आवश्यक प्रमाण पेश हुनुपर्ने रू.
<table>
<tr><th>क्र.सं.</th><th>भौ.नं. र मिति</th><th>विवरण</th><th>फर्म</th><th>संख्या</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>१३१२-२०८०।०३।०३</td><td>दलितहरूको मागमा आधारित कार्यक्रम सञ्चालनको लागी</td><td>वन्दना एस.ट्रडर्स</td><td>२३</td><td>४४३४४८।</td><td>सिलाई मेसिन,इलेक्ट्रिक आईरन खरिद पश्चात वितरण गरेको भरपाई नभएको।</td></tr>
<tr><td>२</td><td>६-२०७९।०७।०२</td><td></td><td>न्यु गुरास स्टोर</td><td>३२९</td><td>८३८२५।</td><td>H.D.P.E. त्रिपाल खरिद प्रश्चात वितरण नभएको।</td></tr>
<tr><td>३</td><td>११-२०७९।०७।२१</td><td>-</td><td>बि.जि.ग्रुफ एण्ड सप्लायर्स</td><td>२०</td><td>११७५२०।</td><td>रेनकोट वितरण गरेको भरपाई नभएको।</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td>६,४४,७९३।</td><td></td></tr>
</table>
</td><td>83825.00</td></tr>
<tr><td>२</td><td>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम ५ मा जिम्मेवार व्यक्तीले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन</td><td>117520.00</td></tr>
</table>

<table>
<tr><th>क्र.सं.</th><th>बेरुजुको विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td>आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ।पालिकाले निम्न खरिद कार्य गर्दा भरपाई वेगर रू.६,४४,७९३। भुक्तानी गरेकोले आवश्यक प्रमाण पेश हुनुपर्ने रू.
<table>
<tr><th>क्र.सं.</th><th>भौ.नं. र मिति</th><th>विवरण</th><th>फर्म</th><th>संख्या</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>१३१२-२०८०।०३।०३</td><td>दलितहरूको मागमा आधारित कार्यक्रम सञ्चालनको लागी</td><td>वन्दना एस.ट्रडर्स</td><td>२३</td><td>४४३४४८।</td><td>सिलाई मेसिन,इलेक्ट्रिक आईरन खरिद पश्चात वितरण गरेको भरपाई नभएको।</td></tr>
<tr><td>२</td><td>६-२०७९।०७।०२</td><td></td><td>न्यु गुरास स्टोर</td><td>३२९</td><td>८३८२५।</td><td>H.D.P.E. त्रिपाल खरिद प्रश्चात वितरण नभएको।</td></tr>
<tr><td>३</td><td>११-२०७९।०७।२१</td><td>-</td><td>बि.जि.ग्रुफ एण्ड सप्लायर्स</td><td>२०</td><td>११७५२०।</td><td>रेनकोट वितरण गरेको भरपाई नभएको।</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td>६,४४,७९३।</td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>३</td><td>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम ५ मा जिम्मेवार व्यक्तीले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ।पालिकाले निम्न खरिद कार्य गर्दा भरपाई वेगर रू.६,४४,७९३। भुक्तानी गरेकोले आवश्यक प्रमाण पेश हुनुपर्ने रू.
<table>
<tr><th>क्र.सं.</th><th>भौ.नं. र मिति</th><th>विवरण</th><th>फर्म</th><th>संख्या</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>१३१२-२०८०।०३।०३</td><td>दलितहरूको मागमा</td><td>वन्दना एस.ट्रडर्स</td><td>२३</td><td>४४३४४८।</td><td>सिलाई मेसिन,इलेक्ट्रि</td></tr>
</table></td><td>443448.00</td></tr>
</table>

| क.सं. | बेरुजुको विवरण | रकम |
|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | आधारित कार्यक्रम सञ्चालनको लागी | | | | क आईरन खरिद पश्चात वितरण गरेको भरपाई नभएको। |
| २ | ६-२०७९।०७।०२ | | न्यु गुरास स्टोर | ३२९ | ८३८२५। | H.D.P.E. त्रिपाल खरिद प्रश्चात वितरण नभएको। |
| ३ | ११-२०७९।०७।२१ | - | बि.जि.ग्रुफ एण्ड सप्लायर्स | २० | ११७५२०। | रेनकोट वितरण गरेको भरपाई नभएको। |
| **जम्मा** | | | | | **६,४४,७९३।** | |

# अनुसूचीहरू

अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक वर्षः २०७९।८०

कार्यालय र स्थान : कृष्णपुर नगरपालिका, कंचनपुर ।

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | शिव सिंह भण्डारी | २०७७-४-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | खेम राज ओझा | २०७७-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरणः

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १,०९५,९६२ | ७,६१९,३०५ | ३९,३८७,९९० | ० | ० | ४६०,००० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | ४८,५६३,२५७ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | २,९६२,६९३ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ६४४,७९३ |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | ४६,२४५,३५७ |

स्थानीय तह : कृष्णपुर नगरपालिका, कञ्चनपुर ।

| **गत वर्षको जिम्मेवारी** | | २३८१२२९४६.७९ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४३८२०४६४५.५८ | **चालु खर्च** | ४७२३४६२३४.३६ |
| **प्रदेश सरकारबाट अनुदान** | १२७८४००० | **पूँजीगत खर्च** | २३५०७६२५३.५९ |
| **राजश्व बाँडफाँट** | १०८८६०८८९.०५ | **वित्तीय/अन्य व्यवस्था** | २३८८७८४६९ |
| **आन्तरिक आय** | ४७२७४११२.०८ | | |
| **अन्य आय** | २५१२४५३१३.३ | | |
| **कुल आय** | ८५८३६८९६०.०१ | **कुल खर्च** | ९४६३००९५६.९५ |
| **बाँकी मौज्दात** | | १५०१९०९४९.८५ | |